# विजय मल्ल

(जीवनी)



# विजय मल्ल

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ एकेडेमी
नइटोल– ७, घट्टेकुलो, अनामनगर
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
भाषासंशोधक : लवप्रसाद भण्डारी
अक्षरसाधक : आयुष्मान शाक्य
आवरण फोटो : विजय मल्ल
आवरण फोटो कवि : कुमार आले
प्रथम संस्करण : २०८२ साल
मुद्रक : सहारा प्रिन्ट, डिल्लीबजार, मो. ९८५१०७४१३३
नइ कृतिमाला : १९२
मोल : एक सय पचास रुपियाँ
© सुरक्षित, २०८२ (2026)
ISBN : 978-9937-786-27-0
A Biography of Vijay Malla by Narendra Raj Prasai

निर्भीकता नरेन्द्रराज प्रसाईको दोस्रो साहित्यिक नाम । न्याय पाएका छन् नेपाली साहित्य तथा कलाक्षेत्रका कर्मीहरूले उहाँबाट । यस्ता कर्मठ, न्यायी, निर्भीक बाघ व्यक्ति हामीमाऊ हुनुले हामीलाई बलियो अडेसो छ ।

**• प्रा.डा.इन्द्रबहादुर राई**

आफूले गरेका काम मर्दैनन् भन्न त भन्छन् मानिसहरू तर ती कामहरूबारे लेखिदिने र भनिदिने नरेन्द्रराज प्रसाईजस्ता मोतीराम भट्टहरू भइदिएनन् भने जस्तैसुकै महान् भानुभक्तहरू पनि समाजमा अपरिचित भएर बिलाउन पनि सक्छन् । मानिसको महत्त्वलाई चिनाउने मानिसको आवश्यकता पर्छ, नत्र जस्तोसुकै ठूलो महत्त्व पनि महत्त्वहीन भएर हराउन सक्छ कतै शून्यमा !

**• जनराष्ट्रकवि ईश्वरवल्लभ**

नेपाली साहित्यमा जीवनी लेखनको अनिकाल परेको अवस्थामा नरेन्द्रराज प्रसाईले जीवनी साहित्यलाई मुख्य प्राथमिकता दिएका छन् । जीवनी लेखनशैलीलाई प्रसाईले आधुनिक ढाँचामा उभ्याएका छन् । उनको जीवनीलेखन सिद्धान्तले मान्छेको सोझो जीवनचित्र छर्लङ्ग्याउनुका साथै वैज्ञानिक पद्धतिको गुरुत्तर दैलो पनि उघारेको पाइन्छ ।

**• अक्षरशिरोमणि मदनमणि दीक्षित**

नरेन्द्रराज प्रसाई सधैँ नेपथ्यबाट बोल्छन्, कहीँ कतै आफ्नो डम्फु बजेको सुनिँदैन, कहीँ कतै मपाइँको स्वर घन्कँदैन । व्यक्ति वा वस्तुलाई अघि राखेर उनी एउटा चित्रकारले जस्तो चित्र कोर्दै जान्छन् । उनको भाषाशैलीले एउटा नयाँ भूमि टेक्न पुग्छ, विचारले एउटा नयाँ डाँडा उघार्न खोज्छ ।

**• प्रा.राजनारायण प्रधान**

नरेन्द्रराज प्रसाई कुशल गीतकार, प्रबन्धकार, अन्तर्वार्ताकार र विशेषत: परवर्ती निबन्धकार एवं संस्मरणकार र मूलत: जीवनीपरक समीक्षकका रूपमा विख्यात छन् भने उनी नेपाली भाषा र साहित्यिका मोतीराम भट्ट परम्पराका वर्तमानयुगीन महान् प्रवर्द्धक पनि हुन् । विशेषत: नेपाली जीवनीसाहित्यमा नरेन्द्रराज प्रसाईको आफ्नै सुललित र सुरम्य एवं सानदार शैली स्थापित छ र उनको कलमले सिद्धि प्राप्त गरेको छ । विशेष खोज, तथ्य, तर्क र ठोस प्रमाणमा आधारित उनको जीवनीकारिता इतिहास र तद्युगीन यथार्थको सुन्दरतम संयोजनका सेतुमा आधारित आस्वादनीय सृजनशीलतासमेत हुँदै हो । नेपाली साहित्यको जीवनी विधामा उत्कृष्ट कृतिपरिमाण र स्तरीय विशिष्ट कृतिगत योगदान दिन सफल उनी सर्वाधिक शक्तिशाली स्रष्टाका रूपमा जनप्रिय र ख्यातिप्राप्त पनि छन् ।

**• महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी**

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशन अर्थात् नइ एकेडेमीको स्थापना भएको हो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ एकेडेमी'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध नइ एकेडेमी नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो ।

नइ एकेडेमीले सांस्कृतिक मूल्य, मान्यता र धारणालाई शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नइ एकेडेमीबाट प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरू हुँदै आएका छन् । नेपाली भाषासाहित्य, कला, संस्कृति, ज्ञानविज्ञान, समाजसेवा, खेलकुदलगायत विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गर्दै उनीहरूको अर्चना गर्न यो संस्था सदैव अग्रसर छ ।

नइ एकेडेमीको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकारले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको सिक्का प्रकाशनमा ल्याएर नइको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ एकेडेमीका विविध योजनामुताबिक 'विजय मल्ल'नामक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाई जीवनीलेखनमा नै समर्पित नाउँ हो । प्रसाईले आफ्नो साहित्यिक यात्रालाई पनि जीवनीमा नै केन्द्रित गरेको पाइन्छ । यति हुँदाहुँदै पनि प्रसाईको विविध विधामा अविरल र सशक्त साहित्यिक हस्ताक्षर पाइन्छ । साथै वाङ्मयिक संस्थाको स्थापना गरी तिनलाई डोऱ्याउनु प्रसाईको अर्को परिचय पनि हुँदै हो ।

नेपाली वाङ्मयका विशिष्ट साधकलाई आफ्नो लेखनीबाट श्रद्धा गर्ने नरेन्द्रराज प्रसाईको विशेष रुचि देखिन्छ । प्रसाईको यसै रुचिका कारण नेपाली साहित्यको प्राय: रित्तो जीवनी विधाको भण्डार उनकै जीवनीकृतिहरूले भरिँदो छ । राष्ट्रमा उल्लेखनीय योगदान दिएर पनि गर्तमा छोपिएका कतिपय व्यक्तिलाई प्रसाईले आफ्नो साधनाले उधिनेर कालजयी बनाउन गौरवी काम गरेका छन् । त्यसै परिवेशको एउटा अर्को विशेष शृङ्खला 'विजय मल्ल' नामक कृति पनि हो । नेपाली भाषासाहित्यका महारथी विजय मल्लबारेको प्रस्तुत जीवनी नेपाली भाषा र साहित्यको मन्दिरमा एउटा सङ्ग्रहणीय स्तम्भ बनेको हाम्रो ठहर छ ।

'विजय मल्ल' जीवनीकृति विजय मल्लकै शताब्दीका अवसरमा प्रकाशित भएको हो । विजय मल्ल शताब्दी महोत्सवमा वाङ्मयका धेरै साधकहरूको प्रबल भावना गाँसिएको थियो । साथै मल्लकी अन्तरी छोरी प्रा.डा.उमा श्रेष्ठ र ज्वाइँ डा.कुशनारायण श्रेष्ठको ओजपूर्णको उपस्थितिका कारणले पनि महोत्सव थप सफल भएको हो भन्ने हामीलाई लागेको छ ।

'विजय मल्ल'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

• *नइ एकेडेमी*

# विषयसूची


- **भूमिका**– इन्दिरा प्रसाई • ११
- **लेखकीय** • २३

१. विजय मल्लका बुबाको कथा • ३१
२. विजय मल्लको जन्म, बाल्यकाल र शिक्षा • ३७
३. विजय मल्लको स्त्रीमोह, पत्नी र छोरीहरू • ४२
४. विजय मल्लको व्यक्तित्व • ४८
५. विजय मल्लको राजनीतिक जीवन • ५३
६. विजय मल्लको साहित्यिक यात्रा • ५८
७. विजय मल्लका नाटक र चलचित्र मञ्चन • ६५
८. विजय मल्लको राजकीय प्रज्ञाप्रतिष्ठानमा संलग्नता • ७१
९. विजय मल्लका कृतिमा प्राज्ञिक मत • ७६
१०. विजय मल्ललाई प्राप्त पुरस्कार • ८१
११. विजय मल्लको स्वर्गारोहण • ८४
१२. विजय मल्ल शताब्दी महोत्सव • ८६
१३. विजय मल्लका कृतिहरू • ९०
१४. विजय मल्लको वंशवृक्ष • ९४

# विजय दाइ र नरेन्द्र

## इन्दिरा प्रसाई

'विजय मल्लसँग मेरो निकै हिमचिम र नजिकको सम्बन्ध थियो नि !' मेरा गुरुदेव नरेन्द्रले मसँग पटकपटक भनेका हुन् । 'म त विजय दाइको व्यक्तित्वभन्दा कृतित्वसँग नजिक छु ।' मैले उनीसित जबाफ फर्काएकी हुन्थेँ ।

हुन पनि उति बेला विजय मल्लको कालजयी नाटक 'कोही किन बरबाद होस्' र 'अनुराधा' उपन्यासको पाठक भएपछि नै म पनि आख्यान लेखनमा प्रवेशी पुस्ता हुँ ।

त्यस बेला म मोफसलकी बासिन्दा थिएँ । म परदेशी भएर बिरानो काठमाडौँ आएका बेला विजय मल्लबारे साहित्यिक समूहसित मेरो विमर्श हुने गर्थ्यो । त्यसो त यो काठमाडौँ अहिले पनि मेरा लागि बिरानै छ, हुन त यो धर्ती नै कसको पो आफ्नो हुन्छ र ?

अँ त्यस बेला केही पटक नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा विजय दाइसँग मैले भेट्ने अवसर पाएकी थिएँ । त्यति बेला चुलिएका स्रष्टा विजय दाइ अनि त्यो पनि भव्य प्रज्ञाप्रतिष्ठानका पदाधिकारीसँग भेट्दा मोफसलमा भरखरै साहित्यिक अस्तित्वका लागि चलमलाउँदै गरेकी म आफ्नो कद होचो भएको ठान्थेँ र शिर निहुरिएको र छाती गर्वले फुलेको महसुस गर्थें। नरम बोलीचाली र सरल, सौम्य प्रस्तुतिमा भेटिने विजय दाइको व्यक्तित्वसित म २०३७ सालदेखि चाहिँ भौतिक रूपले परिचित थिएँ ।

पछिल्लो भेटका बेला काठमाडौँमा नै बस्ने पूर्व सहपाठी अशेष मल्लकै साक्ष्यमा एक पटक राजकीय प्रज्ञाप्रतिष्ठानमा विजय दाइसँग मैले भेटेको पनि मेरा स्मृतिको पेटारीमा फेला पारेकी छु ।

'कथा लेख्नुहन्छ ? सङ्ग्रह छापिएको छ ?' प्रश्न गराइसँगसँगै उनको चाउरीका रेखा आउँदै गरेको अनुहारमा केही मुस्कानको पुट पूर्ववत छँदै थियो । 'अहँ, छैन ।' मनमा अलि होचिएर अनि भावमा खिन्निएर विजय दाइउपर मैले जबाफ फर्काएकी थिएँ । उनले कुनै सल्लाह देलान्, अथवा 'किन नछापेको भन्लान् ! भनेर मेरो मन सम्भावित प्रश्नहरूमध्ये प्रश्न केलाउन र त्यसैको उत्तर पनि तयार गर्न व्यस्त भइसकेको थियो । तर उनी आफ्ना अनुहारमा उही स्वाभाविक मुस्कान यथावत् राख्तै कुनै एक जना कर्मचारीले ल्याएको फाइल हेर्न लागिसकेका थिए ।

समयको चक्रले अर्थात् काँसाका भाँडा मनपरी गर्दा खिइएर पातला हुँदै प्वाल परेजस्तै भएर अहिले हिजोको प्रज्ञाको गौरव कता पुग्यो, कता ! त्यो पवित्र संस्था टुकुचामा नै बग्यो अथवा ढलीय बागमतीमै मिसिइसक्यो ! हिजोको गरिमाशाली त्यो राजकीय प्रज्ञाप्रतिष्ठानको हेक्का मात्र अब बाँकी छ । कुनै बेला बालकृष्ण सम, केदारमान व्यथित, सूर्यविक्रम ज्ञवाली, लैनसिंह बाङ्देल, माधवप्रसाद घिमिरे, सत्यमोहन जोशी, विजय मल्ल, ईश्वर बराल, वासुदेव त्रिपाठीजस्ता विराट् स्रष्टा विराजमान श्री ५ महेन्द्रद्वारा स्थापित कमलादीस्थित भव्य नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको भवनतिर अहिले त हामी लामो सास फाल्दै ट्वाल्ल हेर्न सक्छौँ, बेलाबखत मनको भँडास कागतमा फालेर विरेचित हुने प्रयत्न गर्छौं । बस्, बाँकी यत्ति त रह्यो नि अब !

•

लेखनसन्दर्भ विजय मल्ल थियो; तर बारम्बार यो कुण्ठित मन औचित्यहीन हुँदै विरेचित हुन खोज्छ । रोक्न पनि नसकिने गरी विद्रोह पोख्न मेरो मन उद्धत हुन्छ, के गरौँ ! किनभने मेरा आँखामा

त्यही विशाल भवनमा विराजमान उनै विजय मल्ल मुस्कुराइरहेका छन् । त्यस्ता विशिष्ट कोटिका गैरराजनीतिक स्रष्टा बस्ने ठाउँ राजनीतिको रङले लेपिएको देख्ता कुन इमानी स्रष्टाको मनमा बैराग जाग्दैन होला र !

•

विजय दाइले राजकीय सम्मानका लागि कुण्ठित हुनुपरेन । एकेडेमी, सिनेमा, नाटक, पुस्तक प्रकाशनदेखि जीवनान्त्यपछि आर्यघाटसम्म पनि उनका लागि सग्लो आत्मसमान पूर्णको रबैया रह्यो र उनको जीवनको प्राप्ति पनि त्यही देखियो । यत्तिचाहिँ सत्य हो उनी पनि वर्गशत्रु पीडित नै भएका थिए । किनभने २०५२ सालमा नइकै पहलमा भूपाल प्रज्ञापुरस्कारद्वारा सम्मानित हुनुअघि न पछि यस क्षेत्रका अरू नामी भनिने पुरस्कारबाट उनीजस्ता कालजयी स्रष्टा पनि वञ्चितै भएका थिए । त्यसपछि पनि ती पुरस्कार उनका छेउमा पुग्न नै मानेनन् । तर कालान्तरको परिणति उनका कालजयी रचनाका अघिल्तिर ती सबै पुरस्कार कम्पनीहरू पुड्का भए । एउटा लेखकको महत्त्वपूर्ण प्राप्ति यही नै हो र यही नै हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

•

‘विजय मल्लको पनि सिङ्गो जीवनी किताप त लेख्नुपर्ने !’ २०८२ सालको मध्यतिर शिशिरयाम सुरु हुनुअघिको एक मध्याह्न, मेरा गुरुदेवले टाउको कन्याउँदै आफ्नो डायरीमा टिपिएका स्रष्टाका नामनामेसी पढ्दै थिए । उनले सङ्कलन गरेका स्रष्टाहरूका व्यक्तिगत विवरणको चाङ सुमसुम्याउँदै त्यसमध्ये केही नामहरू उल्लेख गरेका थिए । त्यसै बेला विजय मल्लको जन्मशताब्दी त यही वर्ष भएको पनि हामीमाझ टुङ्गो लागेको थियो ।

‘अहो ! नेपाली साहित्यका विजय मल्लजस्ता विराट् र बहुमुखी स्रष्टाको शताब्दी वर्ष खेरै जाने बेला भएको रहेछ ।’ मेरा गुरुदेव

एक्कै चोटि चिच्च्याएको शब्द मेरा कानमा घुसेको थियो । 'अहो ! हो र ? अब यो शताब्दीलाई कसो गरी रोक्ने हँ ?' मैले पनि त्यतिखेर मेरो भाका थपेकी थिएँ ।

त्यसपछि विजय मल्लबारे हामी दुईभित्रै थुप्रै योजना परियोजना बने । विजय मल्लको सग्लो जीवनीकृतिका लागि पनि नरेन्द्रीय लेखनी हठातै प्रारम्भ भयो । विजय दाइको शताब्दीका लागि हामीबीच उत्साह र उमङ्ग भरिँदै थियो, तर त्यसपछि घात प्रतिघातको तुसारोले शताब्दी वर्ष तुहिएला कि जस्तै पनि भएकै हो । तर 'हुनु छ भने भएरै छोड्छ' भनेझैँ भएर खडेरीले सुक्नै लागेको विजय मल्ल शताब्दी वर्षमा सिँचाइयोग्य वर्षा भइदियो । अथवा 'असल मनले चाहेको कुरो पूरा भएरै छोड्छ' भन्ने उक्ति साकारै भयो । ब्रह्माण्डमा लात हान्ने जसरी छन्, रुँदै गरेको छातीमा हर्षका तक्मा टाँसिदिने पनि आउँदा रहेछन् । अनि त विजय मल्ल शताब्दी वर्षको खेतमा हामी नइले धमाधम बाली लगाउन थाल्यौँ । यसरी विजय मल्ल शताब्दी वर्षको खेतमा वर्षा गराउने डा.कुशनारायण श्रेष्ठ र प्रा.डा.उमा श्रेष्ठ हुन गए । उमा भन्नु विजय दाइकी शाश्वत अंश ! कुश र उमाको स्वर सुनेपछि मेरा गुरुदेवको निरासिएको लेखन फेरि जागृत भयो र उनका कलमले अन्ततः 'विजय मल्ल' लेखिछाडचो ।

मेरा गुरुदेव नरेन्द्र वचनका पक्का, लगनका सच्चा र कर्मठ, अठोटका दृढ र स्वप्नद्रष्टा मात्र नभएर देखेको सपना जसरी पनि पूरा गरिछोड्ने अविरल साधक हुन् भन्ने कुरा बोलेर उनलाई फुर्क्याउनुको कुनै अर्थ पनि छैन । किनभने कसैले भन्नुनभन्नुको अर्थै पनि के छ र ? शतक सङ्ख्या पार गरेका उनका कृतिहरूले नै त्यही कुराको साउती गरिरहेको मैले सुनेकी छु । चुलिएका विद्वान् समालोचकहरूले समालोचनाका ग्रन्थमा लेखेका अनि स्वयम् नरेन्द्रराज प्रसाईले लेखेका अक्षरको अर्थ हुन्छ भने, अक्षर क्षयीकृत नहुने हो

भने नरेन्द्रका कृतिहरू कुनै भुइँचालो अथवा कुनै पहिरोले पनि छोप्न सक्तैन ।

अँ ! सिन्धुघाटीको सभ्यता वा मोहेन्जोदाडोको सभ्यता भएर अहिलेको सभ्यता नै पुरियो भने पनि शतकौँपछि फेरि स्थापित हुने प्राणी सभ्यताले उत्खनन गरेर ती कृति झिक्नेछन् र लिपि बुझ्ने प्रयत्न गर्नेछन् । त्यस बेला फेरि मेरा गुरुदेव नरेन्द्रको पुनर्जागरण अवश्य हुने कुरामा म विश्वास गर्दछु, किनभने अक्षरको शाश्वततामाथि मलाई धूमधाम आस्था छ ।

•

ऋद्धिबहादुर मल्ल घराना अर्थात् नेपाली भाषासाहित्यको अमूल्य वृक्ष 'शारदा'का अमृत फलरूपी सन्तान हुन पाएर पनि विजय मल्ल भाग्यमानी स्रष्टा हुन् । अप्राप्य साहित्यिक बिरासत भएर जन्मन पाउनु र गोविन्द मल्ल 'गोठाले'जस्ता कालजयी स्रष्टाका अनुज हुन पाउनु अहो ! रक्तकणमा 'साहित्यिक जिन' नै लिएर जन्मने र पूर्ण साहित्यिक वातावरणमा हुर्कन पाउने विजय मल्ललाई त्यसैले म त सौभाग्यशाली स्रष्टा भन्छु ।

अर्को कुरा, राष्ट्रभाषा नेपालीलाई होच्याउँदा र लछार्दापछार्दा आनन्द मान्ने अहिलेको हाम्रो नेपाल राष्ट्रका विविध मातृभाषी जमातका अघि नेपाल भाषाजस्तो समृद्ध मातृभाषी भएर जन्मँदा पनि ऋद्धिबहादुर मल्ल परम्परामै राष्ट्रभाषा नेपालीलाई धूमधाम माया र सम्मान मात्र नगरिएर कलिलो नेपाली राष्ट्रभाषासाहित्यको जगेर्ना र प्रवर्धनका लागि मल्लपरिवारबाट गरिएको कार्य गौरवशाली छ, यो कृत्य राष्ट्रभक्त छ । त्यसो त मल्लपरिवारले आफ्नो मातृभाषामा पनि यथेष्ट कृति लेखेर सेवा गरेका छन् । जस्तो कि मल्लपरिवारले राष्ट्रलाई शिरमा राखेर आमालाई छातीमा टाँसेर आफ्नो मातृभाषा र राष्ट्रभाषा दुवैप्रतिको कर्तव्य पूरा गरेका छन् । यस्ता अप्राप्य साधक परिवारका सन्तति विजय मल्ल आफैँमा सम्पूज्य मात्र नभएर गरिमाशाली पनि भए । विजय मल्लको नाउँ लिँदा नै उत्साह र उमङ्गको 'वेभ'ले मेरो

मानसलाई घेर्ने गर्छ । यस्ता स्रष्टालाई कसरी र के शब्दले आराधना गरूँ ? यसबारे म त आत्मविस्मृतिमा डुबिरहेकी हुन्छु ।

•

मेरा गुरुदेव नरेन्द्रले यति थोरै समयमा ऋद्धिवहादुर मल्ल वंशको गरिमालाई सङ्क्षिप्तमा विराट् भावपुञ्जले उजागार गरेको देख्ता मलाई गुरुदेवको लेखन गर्वले पनि चुल्याएको छ । यस पुस्तकका माध्यमले अहिलेका नेपाली भाषासाहित्यका पाठक लाभग्राही भएको र भावी पुस्ताका लागि पनि ऋद्धिबहादुर मल्ल वंश नरेन्द्रीय साधनाद्वारा थप अक्षय बनेको मैले अनुभूत गरेकी छु ।

विजय मल्ल विश्वविद्यालयका विषय हुँदाहुँदै पनि उनलाई आजसम्म कसैले पनि यसरी सग्लो रूपमा प्रस्तुत नगरेको अवस्थामा नरेन्द्रराज प्रसाईले यस पुस्तकमा आफ्नो जीवनीलेखन धर्म निर्वाह गरेका मात्र छैनन् उनले त नेपाली साहित्यका पाठकमाऊ विजय मल्लको अद्वितीय व्यक्तित्व प्रस्तुत गरेर ठूलो गुन लाएको मैले महसुस गरेकी छु ।

प्रस्तुत नरेन्द्रीय कृतिमा लेखकले विजय मल्लका पूर्वजदेखि उनका बुबाको कथाका साथै पारिवारिक र साहित्यिक नालीबेली र उनको देहावसानसम्मका कुरालाई तथ्याङ्क र प्रमाणसहित प्रस्तुत गरेका छन् । मल्लको विराट् व्यक्तित्वलाई यति सारगर्भित शब्दका आडमा अनि यति थोरै समयमा नरेन्द्रराज प्रसाईले मात्र लेख्न सक्छन् भनेर म भन्छु तर आत्मश्लाघा भयो कि भनेर तर्सन्छु पनि । तर म किन सत्य नबोलौँ ? जुन 'विजय मल्ल'भित्र मुस्कुराउँदै गरेका विजय मल्ल, देशभक्तिपूर्ण राजनीतिक विचारबारे चिन्तन गरिरहेका विजय मल्ल, विश्ववन्धुत्व र मानवतावादका लागि तडपिरहेका विजय मल्ल, दूषित राजनीतिक साँधरहित विश्वको परिकल्पनामा गमिरहेका विजय मल्लसमेत विजय मल्लका विविधायुक्त भावभङ्गिमा मैले यसै कृतिभित्रै पाएँ ।

प्रस्तुत 'विजय मल्ल' कृतिमा नरेन्द्रले जसरी विजय मल्ललाई सङ्क्षिप्तमा विराटताका साथ प्रस्तुत गरेका छन । अहो ! यति थोरै समयमा विजय मल्ललाई यसरी प्रस्तुत गर्न सक्ने नरेन्द्रीय लेखनसिद्धि नै हो भन्ने मैले थप अनुभूत गरेकी छु ।

अर्को एउटा कुरा, नरेन्द्रको किशोरकालदेखिकै जनसम्पर्क अद्‌भुतै देखिन्छ । उनको राखनधरन नै पनि असाधारण छ । नरेन्द्रसँग सङ्गत गरेको यतिका वर्ष बितिसक्दा पनि मैले भने उनको सुव्यवस्थित जीवनशैली अपनाउन सकेकी छैन । उनी हरेक कुरामा सुव्यवस्थित, परिमार्जित र परिष्कृत छन् । व्यवस्थापनकी विद्यार्थी मचाहिँ उनका कामको अघि ठीक विपरीतै जस्ती छु । मेरो लथालिङ्गे बानी बेहोराबाट आजित नरेन्द्रले मलाई कहिल्यै तह लाउन सकेनन् । उनको सुव्यवस्थित जीवन र मेरो अव्यवस्थित जीवनका वीच अब मौन सम्झौता मात्र हुने अवस्था छ । नरेन्द्रीय व्यवस्थापनका कुरा के भने, कुनै दिन लेखौँला भनेरै नरेन्द्रले विजय दाइका सारा दस्तावेज सुरक्षित राखेका रहेछन् । नरेन्द्रका सन्दुकमा बसेका तिनै पुराना खेस्रा र विजय दाइबारे छरिएर रहेका तथ्यहरूको सँगालो भएर 'विजय मल्ल' हामीमाऊ उदाएको छ ।

जीवनी लेख्ने क्रममा चालिस वर्षअघिका फाइलहरूको धूलो टकटक्याउँदै आफैँले सङ्कलन गरेका कैयौँ वर्षअघि धर्तीमा विलीन भइसकेका महामानवहरूको हस्ताक्षरसहितको तथ्याङ्क मेरा गुरुदेवले मलाई देखाउँदा हरेक पटक विस्मित हुने पालो मेरो हुने गर्छ ।

मैले यति भूमिका किन बाँधेँ होला त ? मेरा गुरुदेवको व्यर्थै प्रशंसा त म पनि किन गर्थें र ? नरेन्द्रले चालिस, पचास वर्षअघि सङ्कलन गरेका तथ्याङ्क तथा फोटोहरू अहिले पनि फुत्तफुत्त निकाल्न सक्छन् । अनि परमात्माकै कृपा हुनुपर्छ उनी तीन वर्षका हुँदादेखिका घटनाहरू एकहत्तर, बहत्तर वर्षीय वयमा पनि उनको मस्तिष्कको हार्ड डिस्कमा म सुरक्षित देख्दछु । यस्ता नेपाल राष्ट्रका

कर्मयोगी वाङ्मयिक स्रष्टालाई राज्यले गतिलो सहयोगी जुटाइदिए वाङ्मयिक महत्वका कति काम हुन्थे होलान् ! यो पऱ्यो मनको लड्डु ! किनभने जसरी भए पनि नेपाली सामाजिक मूल्यमान्यता, धर्मसंस्कार, परम्परा तथा राष्ट्रिय धरोहर र नेपाली राष्ट्रभाषालाई धराशायी पारेर नेपाल राष्ट्रकै अस्तित्वसमेत नामेट पार्ने प्रायोजित खेलका अघि अथक नेपाली वाङ्मयसेवी नरेन्द्रराज प्रसाई र उनले यस क्षेत्रमा पुऱ्याउन खोजेका विशेष कार्ययोजनासँग यहाँ कसलाई सरोकार होला र ? पुराणमा वर्णित अनाम देवताहरूले कुनै अनाम ऋषिका तपस्याले आफ्नो आसन डगमगिन लागेको बुझेर ती कलुषित देवताहरूद्वारा खेलिने तपस्वी ऋषिको तपस्या भङ्ग गर्ने कुत्सित खेलझैँ बरु नरेन्द्रका बिचरा वर्गशत्रुहरू नै नरेन्द्रको कार्य सिद्धि नगराउने प्रपञ्च रच्न पनि जोडदारका साथ लागेकै हुन्छन् ।

•

एउटा मान्छेलाई अर्को मान्छेले सम्पूर्ण चिन्न एउटा जीवनले मात्र पुग्छ जस्तो मलाई लाग्दैन । अनि मान्छे चिन्न फेरि अर्को जीवन पनि पाइँदैन । जान्नेहरू भन्छन्– जसरी ब्रह्माण्ड बुझिनसक्नु र अपार छ, मानिसको मस्तिष्क पनि त्यस्तै छ । हेर्दा देखिने टाउको मात्र त हो नि भनिने मान्छेको टाउकोभित्र समग्र ब्रह्माण्ड समाप्त गर्ने अथवा संरक्षण गर्ने शक्ति निहित हुन्छ रे ! भनेपछि त्यस्तो मान्छे चिन्न चानचुने सामर्थ्यको कुराले पुग्दैन । अनि म यस्तो दुरुह काम गर्न सक्तिनँ भन्दा मलाई सरम लाग्दैन । किनभने नसक्ने काम म गर्छु भन्नुले म स्वयम्का दृष्टिमा हीनताले निहुरिन पुग्छु । त्यसैले केही पटक मात्र भेटेका विजय मल्लको भौतिकीबारे मेरो जानकारी सूक्ष्म रहेको खुलासा पनि मैले गरि नै सकेकी छु ।

भन्नेहरूले भन्लान् अथवा हाम्रा साहित्यमै अकर्मण्य छिद्रान्वेषी छ्यापछ्याप्ती छन् । अनि ती दृष्टि मात्रले म 'नरेन्द्रकी स्वास्नी भएर लोग्नेको बखान गरी भन्न पनि ठूलो कुरै भएन । सत्य हो, म नरेन्द्रकी स्वास्नी, अर्धाङ्गिनी, बूढी, पत्नी, जीवनसङ्गिनी, गृहलक्ष्मी,

गृहस्वामिनी, हृदयसम्राज्ञी आदि इत्यादि जेसुकै पनि हुँ । तर यही बेहोरा नै मात्र सत्य होइन । योभन्दा ज्वलन्त सत्य, म पनि नेपाली भाषासाहित्यकी एक साधक हुँदै हुँ । अनि जसरी एउटा स्रष्टाले अर्को कुनै स्रष्टाका विषयमा निजी मत राख्न स्वतन्त्र हुन्छ त्यसरी नै मैले पनि आफूलाई स्रष्टाकै हैसियत राखेर अर्का स्रष्टा नरेन्द्रराज प्रसाईका बारेमा आफूले देखेको, बुझेको र महसुस गरेको साक्ष्यको भाष्य यहाँ प्रस्तुत गरेकी हुँ ।

फेरि नरेन्द्रको बयानै मात्र गरेको दोषचाहिँ मैले खप्न गाह्रो पनि हुन्छ । हामीले पुज्ने गरेका देवता त दोषरहित छैनन् भने नरेन्द्रभित्र पनि दोष मज्जाले छन् । जस्तो कि उनको मुख जसलाई शुद्ध नेपाली गाउँले भाषामा थुतुनो भन्दा हुन्छ, सबै काम बनाउने पनि त्यही थुतुनो छ र उनलाई बिगार्ने पनि त्यही थुतुनो नै छ । तर उनका नजिक पुगेर उनको मुटु छाम्दा अथवा उनीबारे गहिरिएर चिन्तन गर्दा उनको कसैसँग पनि गहिरो रिसइबी हुँदैन । विगतमा आफूलाई शत्रुवत् व्यवहार गरेका प्रति पनि अन्याय भएको वा ती पीडित भएको थाहा पाउँदा अथवा उनीहरूको उपकार गर्नुपर्दा नरेन्द्र नै अघि सरेको समेत जगजाहेरै छ ।

अर्को कुरा उनीसँग भएको त्यही वाणीरूपी हतियारको प्रयोग गरेर नरेन्द्रले जस्तोसुकै मानिससँगबाट पनि अप्ठ्यारा किसिमका काम लिन उनी सफल भएका अनेक दृष्टान्त छँदै छन् । उनका यस्ता गुण र दोष देखेर पनि म कसरी चुप लागेर बसौँ ? रिस उठ्यो भने उनी दुर्वासाझैँ श्रापित गरिदिन बेर लाउँदैनन् । उनीमा आशुतोषप्रवृत्ति पनि उत्तिकै छ । त्यसैले उनी प्रसन्न हुनासाथ भस्मासुरलाई झैँ जसतसलाई सर्वनाशी आशीर्वाद दिइहाल्ने उनको नैसर्गिक गुण पनि देखिन्छ ।

नरेन्द्रको अर्को मुख्य विशेषता के छ भने– सय लात्ती खाउन्जेल पनि उनी सहन्छन्, एक सय एक लात्ती खाएपछि मात्र लात्ती बजार्नेसँग उनी जाग्छन् र तिनको सर्वनाश गर्न लाग्छन् । तर त्यो

लात्ती हान्ने पनि उनको शरण पर्न आएर उनका अघि तरक्क आँसु खसालिदियो भने उनको मन 'अघि केही भएकै थिएन भएसरि' तुरुन्तै सङ्लिहाल्छ । मैले यो तथ्य नरेन्द्रका नजिक पुगेर नै देखेकी छु, भेटेकी छु र छामेकी पनि छु ।

फेरि पनि मैले नरेन्द्र सन्दर्भकै अर्को सत्य पनि उजागार गर्नै पर्छ । त्यो के हो भने– नरेन्द्रराज प्रसाईको जीवनीलेखन भनेको मौरीले मह बनाएजस्तै हो । बगैँचाबगैँचा चहार्दै पल्लवित सुन्दर फूलका परागहरू चुसेर अन्तत: मौरीले मीठो महको चाका निर्माण गरेझैँ नरेन्द्र पनि सङ्कलित तथ्याङ्क र कथनहरू आफ्ना सिर्जनामा मिहिन र कलात्मक तरिकाले ठ्याम्मै त्यसै गरी संयोजित गर्छन् । त्यसैले पाठक उनीकृत जीवनीको स्वादमा मोहितै हुन्छन् । उनको जादुमय भाषाशैलीमा पस्किएका शब्द र वाक्य अनि इँटाकटाइझैँ चिरिच्याट्ट परेका कलात्मक वाक्यको सज्जा परिकारले पाठक हृदय नै तृप्त हुन्छ । यस्तो लेखनका लागि दीर्घकालीन साधना र समर्पणको पनि ठूलो खाँचो पर्ने रहेछ । नरेन्द्रको जीवनशैलीलाई नजिकैबाट वर्षौंसम्म नियाल्दा मैले फेला पारेका सत्य यिनै हुन् ।

जीवनीलेखन भनेको अर्कालाई बचाउने कुरा हो । आफैँ मात्र बाँचौँ भन्ने समाजमा जीवनी साहित्यको खडेरी पर्नु अस्वाभाविक पनि होइन । त्यसैले हाम्रो नेपाली साहित्यमा जीवनी साहित्य खासै थिएन । मोतीराम भट्टले लेखेको भानुभक्त आचार्यको जीवनी नै लामो समयसम्म हाम्रो जीवनी साहित्यको खाँचो टार्ने किताप बनेको थियो । त्यसैले पनि जनराष्ट्रकवि ईश्वरवल्लभले लेखेका हुन्– 'आफूले गरेका काम मर्दैनन् भन्न त भन्छन् मानिसहरू तर ती कामहरूबारे लेखिदिने र भनिदिने नरेन्द्रराज प्रसाईजस्ता मोतीराम भट्टहरू भइदिएनन् भने जस्तैसुकै महान् भानुभक्तहरू पनि समाजमा अपरिचित भएर बिलाउन पनि सक्छन् । मानिसको महत्त्वलाई चिनाउने मानिसको आवश्यकता पर्छ, नत्र जस्तोसुकै ठूलो महत्त्व पनि महत्त्वहीन भएर हराउन सक्छ कतै शून्यमा !'

अचम्मकै कुरा आचार्यवंशीले आदिकवि भानुभक्त आचार्यलाई निजी खोपीको देवता बनाएर राखेका रहेछन् । युवाकवि मोतिराम भट्टले लेखेको आदिकविको अमूल्य जीवनीसमेत परित्याग गरेर उनीहरूले आफ्नै आचार्यवंशीले लेखेको आदिकविको जीवनीलाई नै प्रमाणित जीवनी भनेर अघि सारेका रहेछन् । झूटा र भ्रमपूर्णका तथ्याङ्कहरूले सजाइएको भानुजीवनीले सत्यमाथि कालो पर्दा लगाइएको रहेछ । काइते तरिकाले गरिएको प्रमाणीकरणका साथ सत्यतथ्य यही हो भन्दै उनीहरूले साहित्यिक परिसरलाई नै युगौँसम्म अलमल्याउने काम गरेका रहेछन् । आदिकवि भानुभक्त आचार्यको दुई शतवार्षिकीका अवसरमा लेखन तपस्वी नरेन्द्रराज प्रसाईको अनुसन्धानात्मक जीवनी 'भानुभक्त आचार्यको जीवनवृत्त'ले तत्कालीन समयसम्म प्रचलित भएको भानुजीवनीमा गरिएका गल्तीहरू सच्याएर विश्व नेपाली साहित्यसंसारमा नै विशेष योगदान दिएका छन् ।

मलाई नरेन्द्रको एकोहोरो साहित्यसाधनामा समर्पणप्रति खुसी मात्रै होइन, बेलाबखत दुखेसो पनि हुने गर्छ– 'यी नरेन्द्र भन्ने प्राणी कस्ता हुन ? जो मेरा प्रियतम हुन् भन्ने भ्रममा नै छु क्यारे सायद म । अरूकै मात्र काम गरेर उनी थाक्तैनन् । मेरा लागि पनि यिनीसँग समय बढो मुस्किलले जुर्नुपर्छ । अनि यिनीसँग समय होस् नै पनि कसरी र ? एउटा व्यक्ति नरेन्द्रले नेपालका विराट् राशिका पुरस्कार दिने संस्था सञ्चालन गर्छन् र अनवरत लेखन पनि छ उनको । यस्तो परिस्थितिमा रहेका साधकको व्यक्तिगत जीवन ओझेल पर्नु अस्वाभाविक पनि त होइन नि ! म साहित्यधर्मी प्रेमिका पत्नीले पनि उनलाई बुझ्न हम्मे छ, अरूले कसरी बुझून् ! यति हो विजय मल्लले उनलाई खुलस्त मनका लखपति भनेर चिन्थे । विजय दाइले तीस वर्षअघि नै भन्थे– 'नरेन्द्रले कति भ्याउन सकेको हो !'

अझ अर्को र गम्भीर र मेरो नरेन्द्रप्रतिको ठूलै आपत्तिको कुरा पनि किन लेख्न छोडूँ, गरेको बेला गरिहालूँ । नरेन्द्रबिना मेरो जीवन

पानीबिनाको माछोझैँ हुन्छ भने नेपाली भाषासाहित्यसंसारलाई त झन् नरेन्द्रजस्ता साहित्यका विशेष साधक र विशिष्ट अभियन्ता बिना धेरै कामहरू लथालिङ्गै हुने प्रस्ट भइसकेको छ । अर्कातिर अब तीनबीस पछि एक दशक नै पार गरिसकेका मेरा प्राणस्वरूप नरेन्द्रले मानवलाई परमात्मा प्रदत्त शताब्दी वय पुगेर नै सत्यमोहन जोशी र माधवप्रसाद घिमिरेले राष्ट्रबाट समेत साहित्यको सर्वोच्च सम्मान पाएको हेक्का राखेर जीवनमा साधकले पनि भौतिकीलाई समेत महत्व दिनुपर्छ भन्ने दृष्टान्त पनि बुझिदिए हुने भन्छु म । हुन त आयु भनेको आफ्ना हातमा हुने कुरा पनि होइन, तर जसरी साहित्यको संरक्षण र स्याहारमा उनी समर्पित छन्, त्यसरी नै आफ्नो संरक्षण र स्याहार पनि गरून् भन्ने मेरो आग्रहको पालना उनले गरेका छैनन् ।

•

'तिमी आमाका गर्भमा हुँदा माटोको ढिस्कोले छोपेपछि काँटाले खनेर बाहिर झिकेको र दुई महिनासम्म बेहोसीकै अवस्थामा रहेकी भागीरथा प्रसाई आमाले तिमीलाई सकुशल जन्माउनु भनेको रिक्त रहेको नेपाली भाषासाहित्यको जीवनी विधालाई घनीभूत पार्नका लागि नै त्यस बेला परमात्माको कृपा भएको रहेछ है ।' मैले मेरा गुरुदेव नरेन्द्रलाई भन्ने गरेको कुरा यिनै थिए । मेरा कुरा विजय मल्लको जीवनीलेखनमा पनि सिद्ध भइछाडेको खुसी यति बेला मैले पनि धारण गर्न पाएकी छु ।

नेपाली भाषासाहित्यका अनन्य साधक, बहुविधाका अति विशिष्ट सर्जक तथा कालजयी विराट् स्रष्टा विजय मल्लका विस्मयकारी आख्यानद्वारा प्रेरित मल्लकी अनन्य प्रशंसक र अनुयायी हुने प्रयत्नमा लागिरहेकी आख्यानकर्मी र नरेन्द्रकी जीवनसङ्गिनीसमेत हुनाले म यति बेला हर्ष र उन्मादको जलधाराले बेस्सरी नुहाइरहेकी छु ।

# लेखकीय

'विजय दाइ ! तपाईंलाई हत्तपत्त रिस उठ्तैन, किन नि ?' मैले विजय मल्ललाई सोधेको थिएँ । उनले मेरो प्रश्नको उत्तर दिँदै भनेका थिए– 'पहिलापहिला त म रिसाउँथेँ, तर अब त मसँग भएको रिसको पोको पनि सानो भइसक्यो । रिसलाई अनिकालबाट जोगाउन म रिसाउन छोडेको हुँला ।' विजय दाइले आफ्नो कुरा सकेर हाँस्न जानेका थिए । उनी हाँस्ता पनि मसुक्कै हाँस्थे ।

विजय दाइ चाकरी गर्न पनि सिपालु थिए र चाकरी गराउन पनि सिपालु थिए । उनका चाकरीमा नारीपुरुष बराबरी पुग्थे । त्यहीक्रममा उनी पनि नारीपुरुषका घरमा बराबरी नै पुग्थे । उनी मौलिकतावादी थिए । म उनलाई जिस्क्याउँथेँ र उनी भन्थे– 'त्यसलाई चाकरी भनिँदैन, शिष्टाचार भनिन्छ ।'

विजय दाइसँगको मेरो सम्पर्कले मैले उनलाई कसरी बुझेँ भने उनी ईखको न बिखको जस्तै थिए । उनी कसैलाई पनि आफ्नो शत्रु देख्तैन थिए । उनी आफूलाई घोडा चढ्न आउनेलाई पनि फकाएर कफी खुवाएर पठाउँथे । उनको लेखनी जत्तिको उच्च हुन्थ्यो मन पनि त्यत्तिकै उच्च थियो ।

विजय दाइ रसिक पनि थिए । उनी सुरा र सुन्दरीका प्रेमी थिए । यसै विषयमा एक पटक मैले उनलाई जिस्क्याएको पनि थिएँ– 'यो उमेरमा पनि तपाईं आइमाईसँग आशक्ति भएर कति मरिमेट्नु हुन्छ हो, दाइ !'

मेरा प्रश्नमा उनले प्रत्युत्तर दिएका थिए– 'तपाईं पनि त सुन्दरीका पछि त लाग्नुहुन्छ नि !' त्यत्ति हो, मचाहिँ सुराको पनि पछि लागेँ ।'

विजय दाइले सुमसुम्याएका केटाहरूमध्ये म पनि एक थिएँ । एक पटक उनले नजानेर मेरो घाँटी थिचेका थिए । अथवा भनौँ २०४८ सालमा मैले 'युवावर्ष मोती पुरस्कार' पाउँदा दालभात, तरकारीहरूको लहलहैमा लागेर मेरो विरोधमा निस्केको वक्तव्यबाजीमा उनले पनि हस्ताक्षर गरेछन् । त्यसपछि मैले पनि उनको प्रतिवाद गरेको थिएँ । पछि उनले सबै रहस्य पनि थाहा पाएछन् । अनि भागीरथी श्रेष्ठको मध्यस्थतामा हाम्रो भेट नयाँ सडकस्थित तारागाउँ भवनको होटेलमा भएको थियो । त्यहाँ विजय दाइले नै हामीलाई कफी खान आग्रह गरेका थिए । त्यस बेला मैले पनि टुप्पिएर उनीसँग कुरा गरेको थिएँ । मेरा जरखरिएका कुरा सुनेर भागीरथी दिदीले पनि रातो मुख लगाएकी थिइन् । 'यत्ति हो मोती पुरस्कार प्रजातन्त्रवादीका हातमा पुग्नुपर्छ भन्ने बेहोरा मलाई ज्ञानुवाकरहरूले सुनाए । मैले हो त नि ! भनेर सही गरेँ, पछि पत्रिका पढ्दा त कुरा अर्कै रहेछ । म छक्कै परेँ ।'

विजय दाइका कुरा सुनेपछि मेरो मन रसायो । अनि मैले भनेँ– 'दाइ ! मैले त एउटा लेखमा तपाईंको विरोधमा पनि कलम चालेँ नि !' उनले तुरुन्तै भने– 'ए हो र !' मैले 'छापियो' भनेँ । त्यसपछि उनले भने– 'टाँस न टाँस, त्यो टाँस, त्यो पढेर मान्छेले मलाई के भन्छन् !' तर टाँस्ने अवस्थामा त्यो किताब थिएन ।

विजय दाइ बोलीचालीका शिष्ट थिए । उनको शिष्टताले म पनि पग्लेको थिएँ । म प्रायः उनका घरमा जान्थेँ, उनी मलाई देखेर खुसी हुन्थे । म उनका घरमा पुग्नासाथ उनी मलाई खातिरदारी नै गर्थे । किनभने उनी चाहिनेभन्दा बढी मेरो मान राख्थे । उनको नालीबेली मैले इन्दिरालाई पनि सुनाएको थिएँ । अनि उनले पनि

विजय दाइको घरमा जाने रहर गरेकी थिइन् । पछिल्लो समयमा प्राय: इन्दिरा र म उनको घर नयाँ सडकछेउ पुग्थ्यौँ ।

कुनै बेला विजय मल्ल र डा.तारानाथ शर्माको निक्कै हिमचिम रहेछ । तर बीचमा दुवैको मित्रताको खुट्टो खुस्किएको थियो । अनि त्यस ताकाचाहिँ तारानाथ दाइ र मेरो नङमासुको सम्बन्ध थियो । त्यति बेलै विजय दाइ पनि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यसचिवबाट भर्खरै उपकुलपति भएका थिए । त्यसैताका एक दिन विजय दाइले मलाई टेलिफोन गरेर भनेका थिए– 'भाइ ! यो शनिबार तारानाथ शर्माका घरमा जाऔँ ल !' मैले पनि विजय दाइका कुरा स्विकार्दै उनको संवाद जस्ताको तस्तै तारानाथ दाइलाई टेलिफोनबाटै सुनाइदिएँ । विजय मल्ल एक्कासि उनका घरमा आउँछु भन्नुको तात्पर्य तारा दाइका लागि पनि आश्चर्य नै थियो ।

विजय दाइ शनिबार अफिसको मोटर चढ्दैन थिए । हुन त नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सवारीसाधनहरू रातै प्लेटमा अङ्कित भए तापनि उनी आफैँले बनाएको नियम उल्लङ्घन गर्दैन थिए । त्यसैले मेरो मोटरसाइकलमा उनी र म चाबेलस्थित तारानाथ शर्माका घर सरस्वतीनगर गएका थियौँ । त्यस बेला बाटामा मोटरसाइकल रोकेर विजय दाइले मलाई एक टुक्रो छुर्पी दिएका थिए । मैले पनि तुरुन्त छुर्पी मुखमा हालेँ र मेरो स्वभावअनुसार हतारहतार कऱ्यापकुरुप छुर्पी चपाएको थिएँ र आफ्नो एउटा दाँत पनि कऱ्याक्क आधी भाँचेको थिएँ । वास्तवमा त्यस दिनदेखि आजसम्म मैले मेरा मुखमा छुर्पी र सुपारी हालेको पनि छैन ।

इन्दिरा र मेरो पहलमा हामीले 'भूपाल पुरस्कार'*को स्थापना गरेका थियौँ । हामीले विजय दाइको स्वीकृतिबिना नै उनका नाउँमा

* २०४६ साल अर्थात् बहुदल आएकै महिनादिनमा विजय दाइलाई उपकुलपति पदबाट लखेटिएको थियो । त्यसपछि उनी विक्षिप्तै भएका थिए । अनि केही वर्षपछि अर्थात् २०५२ सालमा उनले दुई लाख रुपियाँ राशिको भूपाल पुरस्कार प्राप्त गरेका थिए ।

पुरस्कारको घोषणा गरेका थियौँ । त्यस बेला उनी अमेरिका थिए । तर समाचार सुनेर उनले अमेरिकाबाटै हर्ष प्रकट गर्दै मलाई टेलिफोनबाट धन्यवाद दिएका थिए । त्यति बेला उनले मलाई फोनमा भनेका थिए– 'नरेन्द्र भाइ ! यस पुरस्कारले मलाई बाँच्ने प्रेरणा मिलेको छ ।' वास्तवमा त्यो पुरस्कारको घोषणाले उनी साह्रै खुसी भएका थिए । साथै उनकै सल्लाहले मैले पनि उनी नेपाल फर्किएपछि मात्र पुरस्कार समर्पण समारोहको दिन तर्जुमा गरेको थिएँ । समारोहस्थलमा प्रवेश भएदेखि नै उनको मुहारमा हार्दिकतापूर्णको खुसी व्याप्त देखिन्थ्यो ।

काठमाडौँमा जन्मेका विजय दाइले युवावस्थामा नै नेपाली साहित्यसंसारमा आफ्नो साहित्यिक नाउँ रोपिसकेका थिए । ऋद्धिबहादुर मल्लका सुपुत्रसमेत भएर 'शारदा'सँग सम्बद्ध विजय दाइले आफ्ना दाजु गोविन्द मल्ल 'गोठाले'सँग पनि सधैँ स्वस्थ साहित्यिक भिडन्त गरिरहे । त्यसैले नेपाली साहित्यजगत्‌मा ऋद्धिबहादुर मल्लको खानदानले नै साहित्यिक हुने गौरव पनि प्राप्त गऱ्यो । वास्तवमा नेपाली भाषालाई लछारपछार गरिएको आजको नेपालमा मातृभाषा नेपाली नभए तापनि ती महामनाहरूको नेपाली भाषाप्रेम र उनीहरूबाट नेपाली साहित्यमा भएको योगदान प्रेरक हुनाका साथसाथै उनीहरूको नाउँले स्वर्णाक्षरमा कुँदिनुपर्ने महत्त्व राख्दछ जस्तो मलाई लाग्दछ ।

विजय मल्लले खास गरेर नेपाली साहित्यमा खडेरी परेको विषयमा कलम समाए । विजय दाइले जति लेखे अत्यधिकचाहिँ नाटक र एकाङ्की लेखे । उनले कथा र उपन्यासमा पनि प्रसिद्धि बटुले । उनले कविता लेखेर पनि आफूलाई सुपरिचित बनाए । उनी अत्यन्तै उच्च बौद्धिकताले भरिएका स्रष्टा थिए । नेपाली साहित्यका बहुआयामिक साधक विजय मल्ल विभिन्न रोगसँग जुधे र अन्तत: २०५६ सालमा स्वर्गीय भए ।

• सौजन्य– **विजय मल्ल स्मृतिग्रन्थ** (२०६६)

••

विजय मल्लको शताब्दी वर्ष हो– २०८२ साल । कामको चापले अन्यत्रतिर ध्यान नदिने कि भन्ने हामी नइले सोच बनाएका थियौँ । हामीले ध्यान नदिनाले गोविन्द मल्ल 'गोठाले'को शताब्दी गयो । नेपाल प्रज्ञाप्रतिष्ठान दलका ठेकेदारबाट सञ्चालन हुन थालेपछि त्यहाँभित्र राष्ट्रिय मर्यादाका ठोस काम हुन छाडेका थिए । खास गरेर गणतान्त्रिक व्यवस्था आएपछि त त्यो ठाउँलाई दलका कारिन्दाको भात खाने थलो बनाएर सोत्तरै पारिएको थियो । कहिले नाउँ नै नसुनिएका दलीय कार्यकर्ता पनि त्यस पवित्र ठाउँमा प्राज्ञ हुन थालेका थिए । त्यसैले अमर चित्रकारदेखि भवानी भिक्षुहरूको पनि जन्मशताब्दी महोत्सवको कुरा बतासमा नै हराउन पुगेको थियो ।

विजय मल्लको शताब्दी मनाउने बेला हामी नइ २०८२ साल चैत २७, २८ र २९ गते तीनदिने 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन'मा जुटेका थियौँ । झन्नै दस वर्षको मिहिनेतमा भुइँचालो आउँछ भन्ने डरले हामीले हामीलाई अन्ततिर मोडिनबाट जोगाउँदै नै ल्याएका थियौँ । तर मनले कहाँ मान्थ्यो र ! हामीले विजय मल्लको शताब्दी चिप्लिन नदिन तपस्या गर्न थाल्यौँ र यसैमा पनि समय अर्पण गर्न थाल्यौँ । अन्ततः जतिसुकै विघ्नबाधा आए तापनि हामीले यसमा डुबेर काम गर्न थाल्यौँ । एकातिर हामीलाई खर्चको अभावै थियो ।

नइ एकेडेमीसित पैसा नभएको पनि होइन । नइको खातामा झन्नै तीन करोड रुपियाँ बैङ्कको अक्षयकोषमा मौजुद छँदै छ । तर अस्थिर सरकार र सरकारी रबैयाका कारणले हामी पनि पीडितै भयौँ । बैङ्कको ब्याजदर बाह्र प्रतिशतबाट झरेर तीन प्रतिशतमा आउँदा संस्थाको के हालत भयो होला र ! तर पनि विजय मल्ल शताब्दी महोत्सव श्रद्धापूर्वक मनाउन हामी जुटिरहेकै थियौँ ।

विजय मल्ल शताब्दी महोत्सव मनाउने सन्दर्भको नइ एकेडेमीबाट प्रचारप्रसार हुन थाल्यो । अनि यो बेहोरा डा.कुशनारायण

श्रेष्ठ र प्रा.डा.उमा श्रेष्ठको कानमा पनि पुगेको रहेछ । तर हामी माझ एकअर्काको चिनजान त के देखादेखै पनि थिएन । यति हुँदाहुँदै पनि अमेरिकाबाट ती प्राज्ञिक दम्पतीको म्यासेन्जरमार्फत मलाई फोन आएको थियो– 'हामी विजय मल्लका छोरीज्वाइँ हौँ । यस महान् यज्ञमा हामी पनि चरु चढाउँछौँ' भन्ने शब्द हाम्रा कानमा परेपछि हामी रमाएका थियौँ । खडेरीले खेतका गरा सुकेका बेला झर्र पानी पर्दा कस्तो हुन्छ श्रेष्ठदम्पतीका ती वचनले हामीलाई त्यस्तै भएको अनुभूति भएको थियो । साथै ती प्राज्ञिक दम्पतीको शाश्वत पुल बनेर उभिने दिदी रीतादेवी प्रधानको नाउँ यहाँ उल्लेख गर्न पनि मैले आफ्नो नैतिक कर्तव्य ठानेको छु ।

विजय दाइसित मेरो न्यानो सम्बन्ध थियो । २०४६ सालपछि नयाँ राजनीतिक व्यवस्था आएपछि म विक्षिप्तै भएको थिएँ । त्यस बेला मेरो टेक्ने पञ्चायत हिँडेको थियो र समाउने रानी पनि एक प्रकारले अलपत्रै भएकी थिइन् । त्यति बेला विजय दाइले मलाई सम्झाउँदै भनेका थिए– 'पञ्चायत रहेको भए तिमी केवल अञ्चलाधीश हुन्थ्यौ होला ! अब राम्रो लेखक बन्छौ, भाइ !'

हामीमाझ आउनु जानु पनि बराबरी थियो । यति हुँदाहुँदै पनि हामी नइ विजय दाइका घरमा गइरहन्थ्यौँ । हामी जाँदा दाजुभाउजू दङ्ग पर्थे । त्यति बेला ब्याड राखेर बीउ जोगाएकाले तिनै श्रद्धेय दाजुको मैले एउटा लघु जीवनी लेख्न सकेँ । आत्मीय जनउपर यसरी कार्य गर्न पाउनु पनि मैले मेरो भाग्य नै सम्झेको छु ।

•

'विजय मल्ल' लेखनमा मेरी गुरुदेवी इन्दिरा प्रसाईको मन, वचन र कर्म जोडिएको छ । साथै यस कृतिमाथि उनको भूमिकाले मेरो लेखन झनै रङ्गिएको मैले अनुभूत गरेको छु ।

**• नरेन्द्रराज प्रसाई**

विजय मल्ल

# विजय मल्लका बुबाको कथा

नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि 'शारदा' पत्रिकाले अत्यन्तै ठूलो लगानी गरेको छ । नेपाली साहित्यका महारथीहरूको आविष्कार गराउने गुरुत्तर भूमिका पनि त्यही पत्रिकाले खेलेको थियो । कविशिरोमणि लेखनाथ पौड्याल, नाटचसम्राट् बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटालाई समेत बलियो ओत दिने, प्रोज्ज्वल पार्ने र स्थापित गर्ने कामसमेत 'शारदा'ले गरेको थियो । त्यस बेलासम्ममा धेरै जना साहित्यकारलाई आकाश दिने काम 'शारदा'ले नै गरेको थियो । कतिसम्म भने भवानी भिक्षु नेपाली भाषा लेख्न जान्दैन थिए । उनलाई पनि 'शारदा'ले नै नेपाली भाषाको अब्बल दर्जाको लेखक बनायो । अन्ततः उनी पनि नेपाली भाषासाहित्यका अमर प्राज्ञ बने । अनि त्यस्तो अलौकिक 'शारदा'का निर्माताको नाउँ हो– ऋद्धिबहादुर मल्ल ।

ऋद्धिबहादुर मल्लको जन्म १९५५ साल मङ्सिर २४ गते बनारसको बरुणापुल कोठीमा भएको थियो । उनी सुब्बा वीरबहादुर मल्ल र उनकी कान्छी पत्नी नीरकुमारीका जेठा छोरा थिए ।

ऋद्धिबहादुर मल्लका बुबा वीरबहादुर मल्ल जङ्गबहादुरकी कान्छी छोरी दीपकुमारीका सेवामा बाँधिएका थिए । वीरशमशेर प्रधानमन्त्री भएपछि उनले दीपकुमारीलाई देश निकाला गर्दा वीरबहादुर पनि अधिराजकुमारीसँगै बनारस पुगेका थिए । त्यही परिवेशमा ऋद्धिबहादुर मल्ल त्यहीँ जन्मेका थिए । ऋद्धिबहादुरको बाल्यकाल र

किशोरावस्था राणाको आडभरोसामा नै बितेको थियो । तर इतिहासको सेरोफेरो पर्गेल्दा ऋद्धिबहादुर भक्तपुरका राजा भूपतीन्द्र मल्लका वंशज मानिन्छन् । वास्तवमा वीरबहादुर मल्लका खलक भक्तपुरबाट काठमाडौँमा बसाइँ सरेका थिए ।

ऋद्धिबहादुर मल्ल १९६४ सालमा दरबार हाईस्कुलमा भर्ना भएका थिए । १९७५ सालसम्म नेपालका शिक्षण संस्थामा नेपाली भाषाको पढाइ हुँदैन थियो । दरबार हाईस्कुलमा समेत नेपाली भाषाको मान्यता थिएन । तर ऋद्धिबहादुर मल्लले म्याट्रिक दिने बेला अर्थात् १९७६ सालदेखि दरबार हाईस्कुलमा नेपाली भाषा मातृभाषाका रूपमा प्रयोग हुन थालेको थियो ।

ऋद्धिबहादुर मल्लले बाइस वर्ष लाग्दा कोलकाताबाट म्याट्रिक पास गरेका थिए । त्यसबापत राज्यले उनलाई दोसल्ला ओडाएको थियो र हात्तीमा राखेर काठमाडौँ सहर घुमाएको थियो । अनि त्यस प्रकारको सम्मान प्राप्त गर्ने उनी अन्तिम व्यक्ति भए । १९७६ सालपछि राज्यबाट यो काम बन्द भएको थियो ।

ऋद्धिबहादुर मल्लले घरको दयनीय आर्थिक अवस्थाका कारण कलेज स्तरको शिक्षा लिन सकेनन् । त्यसैले उनी जागिरमा लागे । यसै सिलसिलामा उनी सुब्बा भए । जुद्धशमशेरकी छोरीको निजी सचिव भएर नै उनले आफ्नो युवा अवस्था कटाएका थिए ।

किशोरावस्थादेखि नै ऋद्धिबहादुर मल्लको साहित्यमा निक्कै झुकाव थियो । युवा अवस्था टेक्तानटेक्तै उनले साहित्य लेख्न थालेका थिए । नेपाली साहित्यमा पाइला राखेर उनले १९७९ सालमा 'शर्मिष्ठा'नामक एउटा सानदारको उपन्यास लेखेका थिए । त्यो कालखण्डमा उनी भारतको रामनगरमा रामराजाको मुद्धाको वारिसे भएर मोतीहारीमा मुद्धा खेपिरहेका थिए । त्यसै प्रसङ्गमा उनले लेखे पनि– 'दिनभरि मुद्धाको काम गरी केही समयको अवकाश निकालेर

लेख्न प्रयास गर्न थालें र त्यसै मौकामा मैले नेपालीमा 'शर्मिष्ठा'नामक पुस्तक मोतीहारीबाट प्रकाशित गरेँ ।' अनि त्यो कृति छापिएपछि कलकत्ता विश्वविद्यालयको नेपाली विभाग र दार्जिलिङका शिक्षण संस्थाहरूमा पढाइ हुन थालेको थियो । साथै उनले विश्व साहित्यको चर्चामा आएका छवटा उपन्यास 'चरित्रहीन', 'गोरा', 'आँखाको कसिङ्गर', 'नाट्रिडचामको कुम्भे', 'शेषप्रश्न' र 'डुङ्गा पल्टियो' नेपाली भाषामा अनुवाद गरेका थिए । उनीद्वारा अनूदित ती कृतिले त्यस बेला चर्चाको शिखर चुमेकै थिए । त्यस बेलादेखि सधैँ मल्लको लेखनको ख्याति चम्किरह्यो ।

ऋद्धिबहादुर मल्लले लेखेको एउटा किताबबारे निक्कै उल्लेख्य तर दु:खद प्रसङ्ग पनि गाँसियो । कुरो के हो भने उनले लेखेको 'शकुन्तला'नामक पुस्तक जुद्धशमशेरले छपाइदिनु भन्ने हुकुम गरे । अनि त्यो किताबको पाण्डुलिपि शिक्षा डाइरेक्टर मृगेन्द्रशमशेरका हातमा गयो । तर दुई वर्षसम्म पनि त्यस किताबको अवतरण हुन सकेन । अन्तत: मल्लको सोही किताब कर्णेल शिवप्रतापशमशेर थापालाई लेखक बनाएर प्रकाशनमा आएको रहेछ । यस्तो घटनाले मल्ल चकित परे । आफ्नो किताबको लेखकमा अर्केको नाउँ छापिएको देख्नुपर्दा मल्ल भुटभुटिए, छटपटाए र पिरिनुसम्म पिरिए । रुनुसिवाय मल्लको त्यस्तो अरू केही उपाय थिएन ।

ऋद्धिबहादुर मल्ल उत्साही थिए । त्यसैले उनको योजना भत्काउन राणाका वरिपरिका मान्छे जागरूक थिए । तर उनले जेजस्तो चेपुवामा परेर पनि नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि 'शारदा'को एउटा विशाल वटवृक्ष बनाए । वास्तवमा नेपाली भाषासाहित्यको आधुनिक अवस्थाको महत्वपूर्ण जरा ऋद्धिबहादुर मल्ल नै पनि एक थिए । उनको तन, मन, धनले लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटासम्मले नेपाली साहित्यमा ख्याति आर्जन गरे । त्यति मात्र होइन 'शारदा' पत्रिका लेखकहरूकै

एउटा सङ्गठन पनि थियो । त्यस बेला त्यस पत्रिकाको कार्यालयमा स्रष्टाहरूको भीड लाग्थ्यो । त्यस घडी शारदा प्रकाशन भन्नु नेपाली साहित्यकारका लागि एउटा विशिष्ट मञ्च नै थियो । यसै विषयमा धेरैले उनको गाथा गाउँदै पनि आए ।

ऋद्धिबहादुर मल्लको शारदा प्रकाशनको शृङ्खला पनि बेग्लै छ । सरदार रुद्रराज पाण्डेले शिक्षा डाइरेक्टर मृगेन्द्रशमशेरलाई भनसुन गरेर सुब्बा ऋद्धिबहादुर मल्ललाई शारदा प्रकाशन गर्ने निर्णय गराएका थिए । वास्तवमा रैतीले पढेको, लेखेको र भाषण गरेको राणा शासकलाई फिटिक्कै मन पर्दैनथ्यो । यदि कसैले स्वीकृति नलिई यसो गरेमा राणाले त्यस्तालाई रूखमा झुन्डयाएर तलबाट गोली हानिदिन्थे । त्यस्तो कालरात्रिका बेलामा पनि मल्ल पत्रिका प्रकाशन गर्न तम्सेका थिए । उनले एउटा सर्तमा 'शारदा'को सम्पादन र प्रकाशन गर्न पाउने भए, त्यो सर्त थियो– 'शारदामा प्रकाशन गरिने लेखरचनाहरू नेपाली भाषा प्रकाशिनी समितिबाट पास गराएर मात्र ती लेखरचना प्रकाशन गर्न पाइने' भयो । जसअनुसार त्यसबखत नेपाली भाषा प्रकाशिनी समितिमा 'शारदा'को लेखरचना जाँच पास गर्ने मात्रै चालिस जनाको टोली थियो । ती चालिस जनामध्ये कुनैकुनै सिल्ली जाँचकीले राम्राराम्रा लेखरचना आफ्ना नाउँमा पनि छाप्थे । त्यही कोटिका एक जना लेखक थिए– शिवप्रतापशमशेर थापा ।

शारदा पत्रिका १९९१ सालको माघेसङ्क्रान्तिदेखि ऋद्धिबहादुर मल्लकै सम्पादन र प्रकाशनमा आउन थाल्यो । अनि यस पत्रिकालाई रुद्रराज पाण्डेले सशक्त रूपमा सहयोग पुऱ्याएका थिए र प्रेमराज शर्माले पनि गतिलो मद्धत गरेका थिए । शारदा प्रकाशनका लागि मल्लसँग होस्टेमा हैँसे गर्नेहरूमध्ये बालकृष्ण सम, जितेन्द्रबहादुर शाह, बडाकाजी मरिचीमान सिंहको अतुलनीय भूमिका थियो । तर नरेन्द्रमणि आचार्य दीक्षितले भने यस पत्रिकाको जरा उखेल्ने मात्रै काम गरेका थिए तापनि दुक्खसुक्ख 'शारदा'

चलिरह्यो । तर क्रमश: 'शारदा'लाई बन्द गराउन धेरैको चालबाजी चलेकै थियो ।

राणाकालीन युगमा विविध प्रपञ्च भोगेर पनि कहिले चल्दै र कहिले बन्द हुँदै आएको 'शारदा' २००७ सालको प्रजातन्त्र आएपछि स्वात्तै सुकेको थियो । परिणामस्वरूप यो पत्रिका बन्द पनि भयो । यति हुँदाहुँदै पनि यस पत्रिकाले आफ्नो अस्तित्व यस नेपाली भाषाको संसारमा देखाएको थियो । 'शारदा' बन्दकालीन समयमा भने ऋद्धिबहादुर मल्लले 'आवाज' दैनिक पत्रिका निकाल्न थालेका थिए ।

शारदाको नाउँमा गाँसिएको अर्को संस्था हो– जोरगणेश प्रेस । आफ्नो पेसाका लागि ऋद्धिबहादुर मल्लले खरदार तीर्थराज सुवालसँग साझेदारीमा प्रेस खोलेका थिए । अनि त्यस प्रेसको नाउँ जोरगणेश प्रेस राखिएको थियो । तर केही समयपछि नै खरदार सुवालले प्रेसबाट हात झिकेका थिए । त्यसपछि मल्ल एक्लैले जोरगणेश प्रेस सञ्चालन गर्न थाले । अनि त्यसै प्रेसबाट नै 'शारदा' पत्रिका पनि प्रकाशित भइरह्यो ।

शारदायुग नै नेपाली साहित्यको इतिहासका लागि उपलब्धिपूर्ण समय मानिन्छ । राणा शासनको जगजगीमा नै शारदा प्रकाशित हुनु भनेको साहस, चुनौती र चमत्कारीपूर्णको काम थियो । त्यही कामको सङ्क्षिप्त चिनारी हो– ऋद्धिबहादुर मल्ल ।

नेपाली साहित्यको आधुनिक युगको प्रारम्भिक नाउँ नै शारदाकाल हो । वास्तवमै ऋद्धिबहादुर मल्ल छैटौँ चेतनाका धनी थिए । उनी चतुरका नमुनै थिए । उनी जति चतुर थिए त्यति नै शिष्ट थिए, अनि जति शिष्ट थिए त्यति नै विलक्षण पनि थिए । त्यसैले उनी आफ्नो काममा सफल भए ।

राणाको स्तुति र चाकरी गरेर नै ऋद्धिबहादुर मल्लले 'शारदा'लाई सञ्चालन गरिरहे । अनि २००७ साल फागुन ७ गते

प्रकाशित भएको दैनिक 'आवाज' प्रकाशित गर्ने पनि मल्ल नै थिए । वास्तवमा उनी परिस्थितिअनुसार काम गर्थे ।

ऋद्धिबहादुर मल्लको विवाह १९७० सालमा साहू द्वारिकादास मूलकी छोरी आनन्दकुमारीसँग भएको थियो । अनि यी दम्पतीबाट चार जना छोरा गोविन्दबहादुर, विजयबहादुर, फत्तेबहादुर, हिक्मतबहादुर र एक जना छोरी शान्तिदेवीको जन्म भएको थियो । गोविन्दबहादुर मल्ल 'गोठाले' र विजयबहादुर मल्लले नेपाली भाषासाहित्यका महारथीमा आफूहरूलाई ससम्मान स्थापित गरे ।

ऋद्धिबहादुर मल्लको मातृभाषा नेवारी थियो । तर यी नेपाली भाषाप्रति अगाध श्रद्धा राख्थे । कतिसम्म भने ऋद्धिबहादुरका छोरा गोविन्दबहादुर मल्ल 'गोठाले' र विजयबहादुर मल्लका घरमा नेपाली भाषामा नै बोलचाल गरिने परिपाटी थियो । उनीहरू राजधानीका नेवार भएर पनि नेवारी भाषा बोल्न रुचाउँदैन थिए ।

ऋद्धिबहादुर मल्ल राष्ट्रियताका पनि धूमधाम हिमायती थिए । वर्तमान भाषिक विखण्डनका दिशामा अग्रसर नेपालका लागि ऋद्धिबहादुरको परिवार नै राष्ट्रवाद र भाषिक एकताको उदाहरणका रूपमा सम्पूज्य मानिन्छ ।

ऋद्धिबहादुर मल्ल २०२५ साल वैशाख ५ गते काठमाडौँमा स्वर्गीय भए । अनि श्री ५ को सरकारले सम्मानस्वरूप २०५४ सालमा उनको मुहारचित्रअङ्कित दुई रुपियाँ मूल्यको हुलाक टिकट प्रकाशनमा ल्याएको थियो ।

# विजय मल्लको जन्म, बाल्यकाल र शिक्षा

विजयबहादुर मल्लको जन्म १९८२ साल असार १० गते काठमाडौँको ओमबहालमा भएको थियो । उनी ऋद्धिबहादुर मल्ल र आनन्दकुमारी मल्लका चार जना दाजुभाइमध्ये माइला छोरा थिए ।

विजय मल्ल छ महिनाका हुँदा उनका बुबा ऋद्धिबहादुर मल्ल र आमा आनन्दकुमारीका साथमा कलैया पुगेका थिए । त्यति बेला राणाबाट सुब्बाको पद पाएर ऋद्धिबहादुर कलैयाको बलेवामा रजौटाको दरबारमा खटेका थिए । त्यो दरबार श्री ५ सुरेन्द्रका माइला भाइ रजौटा उपेन्द्रविक्रम शाहको थियो । त्यसैले बुबाआमासितै विजय मल्ल सात वर्षसम्म त्यतै बसेका थिए ।

दरबारमा बसेका कारण मल्लपरिवारमा त्यति बेलाको खान, लाउन ठाँटिलो थियो । त्यसैले विजय मल्लको पनि जीवनको प्रारम्भ राजशाहीकै ठाँटमा सञ्चालित थियो । त्यहाँ बसेताक जुद्धशमशेरकी जेठी छोरी उर्मिला राणाले विजय मल्ललाई संरक्षण दिएकी थिइन् । त्यसैले उनी सधैँ भन्ने गर्थे– 'म उर्मिला आमालाई मेरी आमापछिकी आमा मान्थेँ ।'

विजय मल्ल सानामा चञ्चले स्वभावमा फक्रेका थिए । तर पनि उनी सरलै थिए, सभ्य नै थिए र तीक्ष्ण स्वभावका पनि थिए । उनको रुचि र समयको मागअनुसार चार वर्ष पुगेपछि उनलाई कखरा पढाइएको थियो । त्यति बेला कालो सिलेटमा खैरो माटोको

धूलो राखेर यिनलाई छेस्काले अक्षरारम्भ गराइएको थियो । अनि यिनलाई क ख ग लेख्न सिकाउने काम यिनका बुबा ऋद्धिबहादुर मल्लले नै गरेका थिए ।

विजय मल्ललाई अक्षरारम्भ आफ्ना बुबाले गराएका थिए । उनका औपचारिक गुरुचाहिँ भारतीय नागिनाप्रसाद थिए । भारतीय मूलका नागिना गुरुकै प्रभावमा मल्ल सानैमा हिन्दी भाषा पनि बोल्थे । बाल्यकालमा नै उनले तीन भाषामा कुरा गर्न जानेका थिए । नेपाली, नेवारी र हिन्दी भाषामा बोल्न उनी पोख्त पनि हुन थालेका थिए । सानैदेखि अङ्ग्रेजी भाषा पनि यी बोल्न सक्थे ।

विजय मल्लको स्कुले शिक्षा दरबार हाईस्कुलबाट आरम्भ भएको थियो । उनी सात वर्षदेखि त्यहाँ पढ्न थालेका थिए । तेह्र वर्षको भएपछि उनी फाटफुट भित्ते पत्रिकामा लेख्ने गर्थे । त्यसै स्कुलमा विद्यार्थीका लागि विभिन्न मण्डलको स्थापना गरिएको थियो । मल्लको स्थानचाहिँ शुक्रमण्डलमा तोकिएको थियो । त्यही मण्डलबाट हस्तलिखित पत्रिका प्रकाशित हुने गर्थ्यो । सुरुमा उनी त्यही पत्रिकाको सम्पादक मण्डलमा रहे भने अर्को वर्ष उनी सम्पादकमा नै चुनिएका थिए । उनी सम्पादक हुनुपूर्व नै त्यस पत्रिकामा उनले आफ्नो कथा छपाएका थिए । त्यहाँ प्रकाशित 'दुई पसले' शीर्षकको १९९५ सालमा छापिएको कथा नै उनको साहित्यिक जीवनको प्रथम रचना मानिन गयो ।

दरबार हाईस्कुलमा पढेताक विजय मल्लका मिल्ने साथीमध्ये मणिराज उपाध्याय, गुणदेव भट्टराई र नन्ददेव भट्टराई प्रमुख थिए । त्यस स्कुलमा चल्तापुर्जामा देखिएका विद्यार्थीहरूमध्येका एक जना मल्ल पनि थिए । उनी न्यायिक, निर्भीक र हक्की स्वभावका थिए । त्यस स्कुलमा राणाका छोरा र रैतीका छोराबीच भेदभाव गरिने परिपाटीलाई पनि उनले हटाउन मद्दत गरेका थिए । कुरा के हो भने– एक दिन एक जना राणाका छोरालाई मल्ल बस्ने सिटमा

राखिएको थियो र मल्ललाई अर्कै बेन्चमा सारिएको थियो । त्यस घटनाले उनीभित्र रिसको ज्वाला दन्किन पुगेको थियो । अनि उनलाई सार्ने शिक्षकका सामुन्ने मल्लले राणाका छोराको गालामा चड्कन दिएका थिए । त्यसपछि ती शिक्षकले पनि मल्लको कान समातेर हेडमास्टर सरदार रुद्रराज पाण्डेका सामुन्ने पुऱ्याएका थिए । छात्रछात्रको एकअर्काको सामान्य झगडालाई कारबाही गर्न मिल्दैन भन्ने हेडमास्टरले निर्णय सुनाएका थिए । तर पनि मल्लको त्यस स्वभावले स्कुलमा हलचल नै मच्चेको थियो । त्यसपछि त्यस स्कुलमा राणाका छोरा र जनताका छोरामाझको पर्खाल भत्केको थियो । पछिल्ला दिनमा चाहिँ ती राणाका छोरासित भने मल्लको राम्रोसित हिमचिम बढेको थियो । वास्तवमा राणाकै संरक्षण, खान्की र रहनसहनमा हुर्केका मल्लले राणा भन्ने जातलाई त्यति ठूलो देख्तैन थिए ।

विजय मल्ल दरबार हाईस्कुलमा पढेताक वासुदेव भट्टराई पनि उनका गुरु थिए । उनी सात कक्षामा पढेका बेलाको कुरा हो– कक्षामा वासुदेव गुरु पढाउँदै जान्थे; विजय मल्ल उनको अनुहारकेन्द्रित चित्र बनाउँदै जान्थे । त्यसै बेला भट्टराईका आँखा मल्लसित ठोक्किन पुगे । अनि उनले मल्ललाई छेउमा बोलाए र सोधे– 'के लख्तै छस् मल्ले, खोइ हेरूँ ?' अनि मल्लले आफूले कोरेको वासुदेव भट्टराईकै चित्र देखाएका थिए । त्यो चित्र हेरेर भट्टराई मक्खै परेका थिए । त्यसपछि भट्टराई बोलेका थिए– 'यो चित्र तेरा साथीहरूलाई देखा, चाण्डाल !' अनि त्यो चित्र हेरेर कक्षा हाँसोमय बनेको थियो । छात्रहरू हाँसेको देखेर भट्टराई कड्केर बोलेका थिए– 'यो मल्ले ठूलै चित्रकार हुन सक्छ, बुझ्यौ ? यसलाई गिल्ला गरेर हाँस्ने काम छैन ।' वास्तवमा भट्टराईले मल्ललाई सधैँ प्रोत्साहन दिइरहे । भट्टराईलाई पनि उनी 'बाजे' भनेर सम्बोधन गर्ने गर्थे ।

विजय मल्ल किशोरावस्थासम्म चित्रकारितामा निक्कै सक्रिय थिए । उनले बनाएका चित्र हेरेर उनका बुबाले चन्द्रमानसिंह

मास्केलाई उनको चित्रगुरु थापेका थिए । मास्केसितको अभ्यासका कारण मल्ल चित्रकलामा पनि झनै खारिएका थिए । तर पछिल्ला दिनमा उनी चित्रकलातिर त्यति लागिपरेनन् । यति हुँदाहुँदै पनि उनले २०२२ साल चैत ३ गते साहित्यकार तथा साहित्यिक पत्रकार रोचक घिमिरेको मुहारअङ्कित रेखाचित्र बनाएका थिए । अनि त्यही चित्र नै मल्लको अन्तिम औपचारिक चित्र ठहरिएको थियो । भनौँ त्यसपछि उनले कोरेका चित्रले जनमाझ पुग्न सकेका थिएनन् ।

विजय मल्ल बाल्यकालदेखि नै नाटक मन पराउँथे । उनी घरैमा पर्दा टाँगेर बाबुआमालाई पनि नाटक देखाउँथे । यसै प्रसङ्गमा ऋद्धिबहादुर मल्लले पण्डित श्यामदास वैष्णवलाई भनेका थिए– ‘विजय नाटककार हुने रहेछ । यो केटाकेटीमा पर्दा टाँगेर पुतलीको खेल खेल्ने गर्थ्यो ।’

•

विजय मल्लले दरबार हाईस्कुलमा १९८९ सालदेखि १९९७ सालसम्म पढेका थिए । उनका पालामा नेपालमा म्याट्रिक परीक्षा दिने चलन थिएन । त्यसैले म्याट्रिक दिन उनी आफ्ना दाजु गोविन्दबहादुर मल्ल ‘गोठाले’सितै बनारस लागे । त्यहाँ उनीहरू सात महिना पढ्न बसेका थिए । ती दाजुभाइले नै बनारस हिन्दु विश्वविद्यालयबाट १९९९ सालमा म्याट्रिक पास गरेका थिए । त्यति बेला विजय मल्ल सत्र वर्षका थिए ।

म्याट्रिक पास गरेपछि विजय मल्ल उच्चशिक्षाका लागि दाजु शारदाबहादुर मल्लसित कोलकाता हानिएका थिए । तर त्यहाँ उनको मन अडिएन । यति हुँदाहुँदै पनि शारदाको स्नेह पाएर उनी त्यहाँ तीन महिनाचाहिँ बसे । त्यसपछि उनी काठमाडौँतिरै फर्के ।

•

विजय मल्ल र गोविन्द मल्ल ‘गोठाले’लाई साहित्यमा मोह थियो । त्यसैले उनीहरू दुवै त्रिचन्द्र कलेजमा आईए पढ्न थाले ।

एक वर्ष आईए पढेका दाजुभाइलाई बुबा ऋद्धिबहादुर मल्लले करबलमा 'गोठाले' र विजय मल्ललाई विज्ञान पढ्नका लागि त्रिचन्द्र कलेजमा भर्ना गरिदिए । उनीहरूलाई विज्ञानमा रुचि नै थिएन । त्यसैले उनीहरूले न आईए पास गरे, न आईएस्सी पास गरे । यति हुँदाहुँदै उनीहरूले लेख्ने कामचाहिँ छाडेनन् । पछि विजय मल्ललाई नरेन्द्रराज प्रसाईले एउटा प्रश्न गरेका थिए– 'पढाइमा किन मन दिनुभएन ?' उनले उत्तर दिएका थिए– 'पढ्न छाडेर मलाई पछुतोचाहिँ भयो । तर पढेर भन्दा परेर जानिन्छ भन्ने लोकोक्ति नै मेरो जीवनमा गाँसियो ।' विजय मल्लले उच्चशिक्षा हाँसिल नगरे तापनि उनका कृतिका बारे नेपाल तथा भारतका विश्वविद्यालयबाट सात जनाले विद्यावारिधि गरे ।

# विजय मल्लको स्त्रीमोह, पत्नी र छोरीहरू

विजय मल्ल किशोरावस्थादेखि नै केटीहरूसँग सङ्गत गर्न मन पराउँथे । उनी प्रेमिल स्वभावका थिए । एक पटक नरेन्द्रराज प्रसाईले उनलाई सोधेका थिए– 'सत्तरी वर्षको हुँदा पनि तपाईं आइमाईसँग आशक्ति भएर कति मरिमेट्नुहुन्छ, दाइ !' वास्तवमा उनी केटी खेलाउन र उनीहरूसित खेल्नेमा नाउँ चलेकै व्यक्ति थिए । सुरा र सुन्दरीचाहिँ उनका प्रिय चीज थिए । खास गरेर उनी प्राज्ञ भएताका उनको केटीमोहले हल्लाखल्ला गरेको पनि थियो । तर अशिष्ट, अश्लील र अमर्यादित भएर भने केटीहरूसँग उनले कहिले पनि फुत्ती खेलेनन् । उनले जतिसित स्नेह बाँडे त्यतिलाई उचित प्रोत्साहन पनि दिए । कसैलाई जागिर दिए, कसैलाई मन दिए, कसैलाई तन दिए र कसैलाई गच्छेअनुसारको धन पनि दिए । तर उनले एकोहोरो कसैको शोषण गरेको कहीँ, कतै सुनिएन । बरु उनले छोएपछि फलाम पनि तामा बन्थ्यो, तामा पनि चाँदी बन्थ्यो र चाँदी नै पनि सुनै बन्थ्यो ।

विजय मल्ल जुद्धशमशेरकी छोरी उर्मिला राणासित बिहान बेलुकै झुम्मिन्थे । किनभने उर्मिलाले मल्ललाई पुत्रवत् व्यवहार गर्थिन् । उनी पनि 'मा' भन्दै त्यतै लुटुपुटु हुन्थे । उर्मिला महलमा रमा नाउँ गरेकी एउटी किशोरी पनि बस्थिन् । तिनै केटीसित मल्लको आँखा गढेको थियो । त्यसे बेला कुर्कुरे बैँसको फेरोमा उनले तिनलाई प्रेमपत्र पनि लेखेका थिए । यसैबारे उनले नरेन्द्रराज प्रसाईसित भनेका थिए– 'मैले जीवनमा प्रेमपत्र लेखेको त्यही पहिलो चोटि

थियो । मैले तिनलाई फूलबुट्टा राखेरै प्रेमपत्र लेखेको कुरा अझै मेरो सम्झनामा छ ।'

विजय मल्ल चौध वर्षको उमेरदेखि नै केटीको प्रेममा डुबेका थिए । त्यसै उमेरमा बनारसमा बस्ने नेपालका राणाजीकी छोरी रमा राणासित उनी प्रेममा फसेका थिए । यसै प्रसङ्गमा उनले भनेका थिए– 'मेरो लभ परेकै हो; रमाले पनि मलाई मन पराएकी नै हुन् । त्यसैले हामी प्राय: गङ्गामा जान्थ्यौँ, त्यहीँ घुम्थ्यौँ, त्यहीँ चुम्बन पनि गर्थ्यौं । यति हुँदाहुँदै पनि उनीसित विवाह गर्ने मेरो सामर्थ्य भने थिएन । जातभातका कुराले हाम्रो प्रेम असफल नै भयो । तर पनि मैले रमालाई बिर्सन सकेको छैन । सायद उनले पनि मलाई बिर्सेकी नै छन् जस्तो लाग्दैन ।'

सोह्र वर्ष लाग्दानलाग्दै मल्लले आफ्नै साथी रेशमबहादुर श्रेष्ठकी भान्जी अनुराधासित प्रेम गरे । ती जोडी खूबै मिल्थे । मल्लका बुबाआमालाई पनि ती कन्या मन परेकी थिइन् । सोहीअनुरूप मगनी पनि भयो । तर त्यस बेलासम्म ती कन्याकी दिदीको विवाह भएको थिएन । त्यसैले कन्याका बुबाआमाले विजय मल्लसित दिदीचाहिँको पहिले बिहे गर्नुपर्ने हुनाले दिदीसँग नै बिहे गर्न प्रस्ताव गरे । दिदीको बिहे नगरी बहिनीको बिहे गर्नै मिल्दैन भन्ने अडानमा श्रेष्ठपरिवार पुगेको थियो ।

विजय मल्ललाई मन परेकी केटीको सट्टा उनका बुबाआमाले अर्कै केटीसित बिहे गर्ने जोड गरे । यसबारे उनी दोमनमा नै रहेका थिए र निक्कै दिनसम्म पनि मौन नै बसे । अन्तत: उनले आफ्ना बुबाआमाले नै रोजेकी केटीसँग बिहे गरे । उनका दाजु गोविन्द मल्ल 'गोठाले'ले पनि त्यसै गरे । उनीहरूको सँगसँगै जस्तो बिहे भएको थियो ।

विजय मल्लले बिहे गरेको सूचना पाएपछि उनकी प्रेमिका अनुराधाले घरको छानाबाट फाल हानेकी थिइन् । तर उनी त्यस

घटनाबाट बाँच्न सफल भइन् । म उनलाई प्राय: सम्झिरहेकै पनि हुन्छु ।' त्यो कुरा पछिसम्म विजय मल्लले भन्न छाडेनन्– 'मेरा बुबाआमाको म धेरै नै आज्ञाकारी थिएँ; उहाँहरूले भनेको मैले मानिदिएँ । उहाँहरूले देखाएकै केटीलाई मैले स्विकारिदिएँ । त्यसैले मेरो विवाह श्यामा प्रधानसित हुन गयो । अनि मैले 'अनुराधा' लेखें ।'

•

विजय मल्ल सानैदेखि नारीप्रधान थिए । यसको प्रमुख कारण के हो भने– उनी आफ्नी आमाका भक्त थिए । त्यसै कारणले पनि उनले आफूलाई नारी वर्गको छेउछाउ नै पुऱ्याइरहन चाहन्थे । किशोरकालदेखि नै उनी नारीजागरणका लागि समर्पित थिए । कतिसम्म भने स्कुलविहीन नारीहरूलाई साक्षर गराउन पनि उनी तल्लीन थिए । नारी शिक्षाका लागि उनले आफ्नै ससुरालीमा प्रौढ स्कुल पनि खोले । वास्तवमा उनको नारी परिवेष्ठित जीवनशैलीको निष्कर्ष उनको नारीमनोविज्ञान केन्द्रित साहित्य साधना नै हो । मनोवैज्ञानिक विश्लेषणले यस बेहोराको पुष्टि गर्दछ । उनले साहित्यमा नारीलाई प्राथमिकता दिनुले यस तथ्यलाई पूर्ण रूपमा प्रमाणित गरेको छ भन्ने कुरा सुप्रसिद्ध मनोविज्ञ प्रा.डा.मुरारीप्रसाद रेग्मीले नरेन्द्रराज प्रसाईलाई वक्त्याएका हुन् । रेग्मीका अनुसार 'सतही आँखाले हेर्दा मल्ल नारीका आकर्षणमा परेका देखिन्छन् तर सार तत्त्वका रूपमा स्त्रीमोह उनको रचनाको शाश्वत गर्भगृह थियो ।' त्यसैले नै पनि उनका नारीकेन्द्रित रचनाहरू अजर र अमर भएका पनि छन् ।

विजय मल्लको मन परेको उपन्यास 'अनुराधा' थियो । उनकी जेठी छोरी नलिनी मास्के भन्थिन्– '२०१७ सालमा भूमिगत बस्दा मेरा बुबाले 'अनुराधा' लेख्नुभएको थियो । उपन्यासमा मलाई 'अनुराधा' मन पर्छ ।' विजय मल्ल जहिलेसुकै पनि अनुराधालाई प्राथमिकता दिएर बोल्ने गर्थे । त्यस कृतिमा उनले आफू केटी नै भएर लेखे– 'सौन्दर्यप्रति मेरो झुकाउ त्यस बखत आवश्यकभन्दा बढी नै थियो ।'

विजय मल्लले 'अनुराधा'मा आफू केटी भएर अर्को एउटा विशेष बिम्ब स्थापित गरे– 'मेरो रूप र सौन्दर्यको मेरो सम्मुख नै उनीहरू प्रशंसा गर्थे र मलाई बाटाबाटामा बोकेर हिँड्न उनीहरूलाई सरम र तकलिफ हुँदैनथ्यो । यसले गर्दा अहिले मलाई लाग्दछ, त्यस बखतदेखि नै म आफूलाई अरू आफ्ना साथीसङ्गातीभन्दा विशेष श्रेणी अथवा भिन्नै केही हुँ भन्ने लाग्दथ्यो र तिनीहरूको सामुन्ने आफूलाई ठूलो मानिस सम्झन्थेँ । यसैले म उनीहरूको ईर्ष्याको पात्र पनि थिएँ र साथै उनीहरूको लक्ष्य पनि । कोही मलाई अत्यन्त मन पराउँथे र डाहाले मसँग विमुख थिए । तर जेसुकै होस् त्यस बखत म ज्यादै स्वाभिमानी गर्विली ठिटी थिएँ र कसैको पर्वाह, ख्यालै राख्तिनथेँ ।' अनि मल्लको यस भनाइउपर सुप्रसिद्ध स्रष्टा तथा आख्यानका विशेषज्ञ प्रा.राजेन्द्र सुवेदीले लेखे– 'अनुराधालाई लाग्दथ्यो– आफूलाई सबैले मन पराउँछन् । समग्र सौन्दर्यको संश्लेषित पूज्य म नै हुँ र मेरो सौन्दर्यप्रति सबै ईर्ष्यालु बनेका छन् ।'

•

१९९९ सालमा विजय मल्ल र श्यामा प्रधानबीच विवाह बन्धन कसिएको थियो । त्यस बेला मल्ल अठार वर्षमा प्रवेश गरेका थिए भने उनकी बेहुली तेह्र वर्षकी थिइन् । श्यामा प्रधान दन्त चिकित्सक डा.वजिरमान प्रधानकी छोरी थिइन् । ठमेल निवासी प्रधान नाटचकलामा पनि आबद्ध थिए । साथै उनी नाटक निर्देशक पनि थिए । विजय मल्ल पनि नाटक खेल्ने भएकाले उनीहरू पूर्वपरिचित नै थिए । तर मगनीपूर्व दुलाहा र दुलहीले भने एकअर्कालाई देखेका पनि थिएनन् र एकअर्काको नाउँसमेत पनि सुनेका थिएनन् । बिहेको मगनीमा मात्र उनीहरूले एकले अर्कासित देखादेख गर्ने मौका पाएका थिए । बुबाआमाको करबल र ढिपीका कारणले मल्ल हठात् रूपमा विवाहबन्धनमा बाँधिएका थिए ।

विबाहपछि मल्लदम्पती साह्रै मिल्थे । उनीहरूको जीवन संसार एकअर्कामा केन्द्रित थियो । त्यति मात्र होइन विजय मल्लको व्यक्तित्वको विविध पाटा उकास्न श्यामा मल्लको अति नै ठूलो योगदान थियो । त्यसै प्रसङ्गमा मल्ल भन्थे– 'म जे छु त्यसको स्तम्भ नै श्यामा हुन् । उनीसित मेरो दाम्पत्य जीवन बाँधिएकै कारण म विजय मल्ल हुन सकें ।'

विजय मल्ल र श्यामा मल्लबाट नौ जना छोरी क्रमश: नलिनी, रीता, नीना, शिला, उमा, रोमा, सिर्जना, अर्चना र वन्दनाको जन्म भएको थियो । काइँली छोरी शिलाचाहिँ कुमारीमा नै दिवङ्गत भएकी थिइन् । मल्लदम्पतीका आठ जना छोरीले भने वैवाहिक जीवन गाँसेर उत्कृष्ट कोटिको घरजम पनि गरे ।

विजय मल्लको पैत्रिक सम्पत्ति पनि थियो । साथै उनले आफूले कमाएको पनि छँदै थियो । उनी बाँचुन्जेल उनले आफ्नो धन पनि सदुपयोग गरेकै थिए । नरेन्द्रराज प्रसाईको एउटा प्रश्नको उत्तरमा उनले भनेका थिए– 'मेरा नौ जना छोरी जन्मे; म र मेरी पत्नीको शेषपछि तिनीहरूले आआफ्नो गच्छेअनुसार हाम्रो कीर्ति पनि राख्ने काम गर्लान् । छोराले मात्र बुबाआमाको विरासत धान्छन् भन्ने कुनै प्राकृतिक नियम पनि त छैन नि !' हुन पनि मल्लको भावना सक्कली रहेछ भन्ने प्रमाण उनी दिवङ्गत भएपछि उनका छोरीहरूले आफ्ना बुबाआमाप्रति चासो राखिरहे । कतिसम्म भने विजय मल्लको शताब्दी महोत्सव मनाउने क्रममा अन्तरी छोरी डा.उमा श्रेष्ठ र उनका पति डा.कुशनारायण श्रेष्ठ नइ एकेडेमीसँगसँगै मन, वचन र कर्मले समर्पित थिए ।

डा.कुशनारायण श्रेष्ठ भन्नु श्री ५ को सरकारका सचिव, अञ्चलाधीश र प्रख्यात समाजसेवी रामनारायण श्रेष्ठका छोरा हुन् । विजय मल्लकी अन्तरी छोरी उमा मल्लसित उनको २०४३ सालमा लगनगाँठो कसिएको थियो । उमाले संयुक्त राज्य अमेरिकाबाट

भाषाविज्ञानमा पिएचडी गरिन् । अनि उनले अमेरिकाकै वेस्टर्न ओरेगन विश्वविद्यालयमा तीस वर्षसम्म प्राध्यापन गरिन् र आफ्नो योग्यताले उनी प्राध्यापक बनिन् ।

•

विजय मल्ल र श्यामा मल्लले बाँचुन्जेल सानदारको जीवनवृत्ति चलाए । उनीहरूको घरेलु वातावरण पनि सुन थियो । जुनसुकै पाहुनापासालाई पनि स्वागत गर्नेदेखि बिदाइ गर्नेसम्ममा उनीहरू निपूर्ण थिए । खास गरेर श्यामा मल्ल घरपरिवारका लागि एउटा शाश्वत नमुना थिइन् । त्यसैले मल्लले पनि घरपरिवारमा शान्तिको सास फेरेका थिए । यसै प्रसङ्गमा मल्ल भन्थे– 'श्यामाको घरेलु वातावरणीय प्रभावका कारण मैले अऊ लेख्न सकेको हुँ ।'

विजय मल्ल र श्यामा मल्लको स्वर्णिम दाम्पत्य जीवनले उनन्साठी वर्षको हिँउद कटाएको थियो ।

# विजय मल्लको व्यक्तित्व

विजय मल्ल गहुँगोरो थिए । उनका आँखा बाटुला र ससाना थिए । उनको ठूलो निधार थियो । पाँच फुट पाँच इन्चको उनको शारीरिक उचाइ थियो । उनको शरीर मोटो थियो तर पनि उनी छरितो पाराले हिँड्थे । आफूसँगै हिँड्ने कोही साथी भेटे भने उनी ख्यालठट्टा पनि गरिदिन्थे । साथै कथाकुथुङ्ग्री भन्न पनि उनी बिराउँदैन थिए । उनी अर्काको कुरा सुन्न पनि धैर्य राख्थे र त्यति बेला मुसुक्कै हाँसिदिन्थे । पुराना साथीसङ्गीसित बोल्दा उनी नाटकीय शैलीमा टुक्का हालेर बोल्न पनि पछि पर्दैन थिए ।

विजय मल्ल कहिले दौरासुरुवाल लगाउँथे र कहिले सर्टप्यान्ट पनि लगाउँथे । उनले कुर्तासुरुवाल पनि लगाएकै हुन्थे । घर बस्ता पनि उनी ठाँटिलै तरिकामा हुन्थे । कतिसम्म भने उनी घर बसेका बेला पनि कोट फुकाल्दैन थिए । सभासम्मेलन र भोजभतेरमा टाईसुट लगाएर हिँडेपछि उनको व्यक्तित्व झनै राजसी देखिन्थ्यो । त्यस्तो पोसाकमा ठाँटिएर हिँडेपछि उनका केटी साथीहरू उनलाई एकोहोरो हेरेकोहेरेकै हुन्थे ।

विजय मल्ल जोसँग बोल्दा पनि मीठो शैलीमा बोल्थे । बोल्ने कुरा उनी नरम भएर खुलस्त पारामा बोलिदिन्थे । उनका लागि ठूलासाना सबै बराबरी हुन्थे । खास गरेर पुरुषसित भन्दा स्त्रीसित कुरा गर्न उनी जाँगरिला देखिन्थे । त्यसैले उनी केटीहरूको नजिक प्राय: हुन्थे । उनका वचन, दृष्टि र मुस्कानसित परिचित परीहरू

उनीबाट उछिट्टिन गाह्रै मान्थे । उनी प्राय: केटीहरूबाट घेरिएकै हुन्थे । साथै पुरुषहरूसित पनि उनको बसउठ बराबरी नै थियो । त्यस बेला बलरामदास मूल, बलभद्र थापा, कलानाथ अधिकारी, रामराज पौडचाल र मणिराज उपाध्याय यिनका मिल्ने साथी थिए ।

विजय मल्लको शारीरिक बनोट एक प्रकारले चुम्बकीय देखिन्थ्यो । अथवा भनौँ उनी एउटा चमत्कारी शारीरिक तन्दुरुस्त भएका व्यक्ति थिए । शिष्ट बोल्ने, सरल बोल्ने र शालीन परामा बोल्ने उनको खुबी थियो । खास गरेर साहित्यकारसँग कुरा गर्न थालेपछि उनी दुईचार घण्टा बितेको चालै पाउँदैन थिए । पन्ध्र मिनेटमा उनी एउटा चुरोट सल्काउँथे र त्यसपछि दुईतीन घण्टासम्म औँलाका कापमा धूवाँबिनाको चुरोट औँलामा नै चेपिरहन्थे ।

विजय मल्ल सानैदेखि टोलछिमेकमा पनि हाउभाउ राख्थे । उनी मिलनसार थिए । टोलका बूढापाकाहरूलाई समेत आफ्ना चित्र देखाउन र कविता वाचन गर्न उनी चुक्तैन थिए । बुढेसकालमा पनि उनी बच्चाझैँ निश्चल, स्वच्छ र खुलस्त थिए । एक पटक उनले नइ प्रसाईलाई भनेका थिए– 'बाल्यकालदेखि नै म कविता लेख्थेँ, चित्र बनाउँथेँ, चङ्गा उडाउँथेँ । व्याडमिन्टन, बुद्धिचाल र क्यारेमबोर्ड खेलेर म साथीहरूलाई जितिदिन्थेँ । खासमा म फुटबल नै खेल्ने गर्थें । सानामा म राम्रो फुटबल खेलाडी थिएँ ।' खेलकुदकै सन्दर्भमा म कविता बोकेर खेल्ने ठाउँ पुग्थेँ । खेल्नुअघि साथीहरूलाई म कविता सुनाउने गर्थें ।' त्यस बेला मल्ल न्युरोड फुटबल टिमको क्याप्टेन थिए । उनका फुटबल खेल्ने भरपर्दो, सिपालु र प्रिय साथी मणिराज उपाध्याय थिए ।

विजय मल्ललाई कसैले गाली गर्दा पनि उनी हाँसिदिन्थे । उनले मुख लागेर आफ्नो विपक्षलाई प्रतिकार गरेको कसैले सुनेका थिएनन् । उनी चिन्तनका नमुना थिए । ईश्वरवल्लभका शब्दमा भन्दा 'विजय मल्ल अकबरी सुन थिए । उनी कसैलाई नबिझाउने

सशक्त मानवीय गुण भएका एक जना स्रष्टा थिए ।' वास्तवमा उनी अरूको आँखामा नबिझाउने सरल, शालीन र सौम्य पुरुष थिए ।

विजय मल्ल लेखनमा मात्र प्रखर थिएनन्, व्यवहारमा पनि परिपक्व थिए । उनको छातीभित्र जति पीर, व्यथा र डाहा भए तापनि उनी हाँसीहाँसी हिँड्न सक्थे । जिन्दगीभरि उनले आफ्नो वेदना घरबाहिर लगेर कसैसामु पनि पोखेनन् । उनी मौनतामा नै विजयी बन्थे । वास्तवमा उनले सांसारिक चरित्र चिनिसकेका नै थिए । उनको त्यस्तै व्यक्तित्वका बारे उनका आत्मीय साथी रमेश विकलले लेखे– 'सामान्य मान्छे व्यथा पिएर हाँस्न सक्तैन, तर ऊ सक्थ्यो । त्यसैले उसलाई सामान्य मान्छेको कोटीमा हेर्न सकिँदैनथ्यो । ऊ व्यथा पिएर पनि हाँस्न सक्ने अति थोरै मान्छेहरूका पङ्क्तिमा राख्नुपर्ने मान्छे थियो । ऊ अर्थात् देशकै एक जना प्रख्यात कवि, कथाकार, नाटककार विजय मल्ल, अर्थात् विजयबहादुर मल्ल ।'

मल्लले धेरैलाई रिझाएका थिए । उनी साहित्यिक गोष्ठी भनेपछि गाँस छाडेर नै दौड्न्थे । उनका लागि साहित्यिक समारोहका साथै आयोजक साथीभाइ प्रिय हुन्थे । उनी भन्थे– 'साथीहरूले नै मलाई लेख्न प्रेरित गरिरहन्छन् । जब म कविता, कथा र नाटक आदि सुनाउन पुग्थेँ त्यहाँ सबैले मेरो तारिफ गरिदिन्थे । अनि म अर्को गोष्ठीका लागि मेरो रचना सुरक्षित गर्नतिर लाग्थेँ । मेरा खेस्राहरू कति छापिए, कति हराए । मैले कोरेका चित्रहरू पनि मसित सुरक्षित भएनन् । मैले सबै कुरा जानेजस्तो लाग्थ्यो तर मेरा रचना सुरक्षित राख्न भने म योग्य हुन सकिनँ ।'

विजय मल्लले जीवनमा धेरै चुरोट खाए । नेपाली साहित्यमा अत्यधिक चुरोट खाने स्रष्टामध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटा पछाडि उनकै नाउँ आउँथ्यो । खानपिनमा मीठोनमीठोको उनका लागि अर्थ थिएन । उनीमा कफी खानेचाहिँ बानी परेको थियो । सधैँ

हिँडिरहने उनको बानी थियो । बाहिरबाट घर फर्कंदा उनी खाली हात आउँदैन थिए ।

विजय मल्ल मौलिकतावादी स्रष्टा थिए । उनी प्रतिभाको खुबै सम्मान गर्थे । अरू उनीभित्र सबैप्रति समभाव राख्ने खुबी थियो । उनीभित्र कसैउपरको शत्रुभाव पनि थिएन । उनी वसुधैव कुटुम्बकम्का हिमायती थिए । त्यसैले उनका समकालीन, अग्रज र अनुज पुस्ताले उनको बढाइँ गर्न पनि छाडेका थिएनन् । उनको निर्मल स्वभावप्रति रत्नशमशेर थापाले भनेका थिए– 'मल्लमा म अग्रज ख्यातिप्राप्त साहित्यकार हुँ, मलाई मान सम्मान गर्नुपर्छ भन्ने तुजुक थिएन । मल्लको सरल स्वभाव, उच्च विचार, विविध विषयको कुशल ज्ञान देखेर र भोगेर मल्लको म सदा प्रशंसक बनिरहें ।'

विजय मल्लको आनीबानी र धारणालाई उनका बुबाआमापछाडि सबैभन्दा धेरै चिन्ने व्यक्ति उनकै सहोदर दाजु गोविन्दबहादुर मल्ल 'गोठाले' थिए । 'गोठाले'ले उनलाई अत्यधिक माया गर्थे । मल्ल पनि उनका दाजु भनेपछि मरिमेट्थे । उनको व्यक्तित्वबारे 'गोठाले'ले लेखेका थिए– 'ऊ पूरा आशावादी र आँटिलो थियो । मान्नैपर्ने व्यक्तिलाई मान्ने गर्थ्यो । तर ऊ कसैसँग दब्दैन थियो । ऊ एक्सट्रोभर्ट स्वभावको थियो । घरभित्रका सानोतिनो मामलामा वास्ता गर्दैनथ्यो । बाहिरी सरकारी ठूलाठूला कामकाज आफैँ सुल्झाउने गर्दथ्यो । चाहे प्रेसको कर्जाको मामिलामा होस् चाहे गाउँ मधेसको भूमिसुधार आदि मामिलामा होस् ऊ आफैँ खटेर सुल्झ्याउँथ्यो ।'

विजय मल्लको भावना विचित्रकै थियो । उनी गरिब, असहाय र अप्ठचारोमा परेकाहरूका लागि पनि आफ्नो गच्छे रोप्ने गर्थे । उनी मानवताका सग्लो पुजारी थिए । उनको यस्तो भावनालाई उनकी साइँली छोरी नीना ख्याउँजूले पोखेकी छिन्– 'विजय बाले रातको समयमा एउटा बच्चा ल्याएर हामी सुतेको ओछ्यानमा सुताइदिनु भयो । म पनि सानो भएकाले मनमा धेरै कुरा खेले– यो

बच्चा को होला ? मेरो बाबाको बच्चा होला कि अरूको बच्चा होला ? ममा निकै खुलदुली मच्चियो । बिहान उठ्ता आफूसँग सुतेको बच्चा ओछ्यानमा थिएन । म छक्क परेँ । पछि के थाहा लाग्यो भने त्यो बच्चा राति एघार बजेको समयमा पानी परिरहेको बेला एक्लै बाटामा हिँडिरहेको रहेछ । सानीआमाले कुटेर घरबाट निकालिदिएको कुरा बच्चाबाट थाहा भएपछि त्यसलाई बाले बोकेर ल्याई मसँग सुताउनुभएको रहेछ ।'

•

विजय मल्ल सानैदेखि नरम, सरल र मनकारी थिए । उनको जीवनमा जतिसुकै अप्ठ्यारा परिबन्धले घेरे पनि, उनीभित्र जस्तै हुरीबतास मडारिए पनि र उनको सुक्ख र दुक्खमा जस्तै उतारचढाव देखिए तापनि उनीभित्रको 'विजय मल्ल' कहिले कतै विचलित भएन, कहिले ओइलिएन र कहिले उन्मादले पनि हौसिएन । सहज पाराको मानसिक अवस्था, विवेकशील धारणा र भौतिक चोलालाई मल्लले बाँचुन्जेल एउटा जिन्दगनीको मूर्तरूप दिइरहे । त्यसैले उनको व्यक्तित्व नेपाली समाजमा प्रेरक पनि भइरह्यो ।

# विजय मल्लको राजनीतिक जीवन

विजय मल्ल सानैदेखि क्रान्तिकारी स्वभावका थिए । उनी आफ्ना दाजु गोविन्दबहादुर मल्लका कथा पढेर पनि क्रान्तिप्रति थप आकर्षित थिए । गोविन्द मल्लले राणाका डरले राणाकै विरोध गर्नका लागि 'गोठाले' उपनाउँ राखेका थिए । १९९७ सालमा राणाको विरोधमा लेख्दा गोविन्द मल्ललाई जेल हालिएको थियो । त्यसपछि भवानी भिक्षुले 'शारदा'मा छापिएको 'उसको भाले' कथाका लेखक गोविन्दबहादुर मल्ल मेटेर 'गोठाले' लेखिदिएका थिए । यसै प्रसङ्गमा विजय मल्लले भने– 'मेरो दाइको नाउँको पछाडि 'गोठाले' झुन्डचाएर भिक्षुले राम्रो काम गरे । नत्र मेरो दाइ पनि सहिद बन्थे ।'

दरबार हाईस्कुलमा पढ्दा विजय मल्लका सहपाठी रामप्रसाद नेपाल थिए । तिनै नेपाल दाइको नाउँ हो– रामहरि शर्मा* । त्यसैले मल्लको रामहरिसँग पनि आउजाउ हुन थालेको थियो । त्यसै बेला अर्थात् १९९७ सालमा रामहरिले मल्ललाई राणाको विरोधको पर्चा दिएका थिए । पर्चा बाँडेपछि मल्ललाई काठमाडौँ बस्न त्राहिमाम्

---

* रामहरि शर्मा राष्ट्रिय पञ्चायतका अध्यक्ष भए । जनमत सङ्ग्रहताका अर्थात् २०३६ सालमा नरेन्द्रराज प्रसाईको सुझावमा शाही आयोगबाट राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल खारेजीमा परेको थियो । त्यसपछि पञ्चभेलाबाट नरेन्द्रराज प्रसाईको अध्यक्षतामा नेपाल राष्ट्रिय विद्यार्थी सङ्गठको स्थापना भयो । त्यसको संरक्षक रामहरि शर्मा, सहसंरक्षक राजेश्वर देवकोटा र सङ्गठन प्रमुख सिंहध्वज खड्का थिए ।

भएको थियो । अनि उनले आफ्ना बुबालाई सबै कुरा बताएर भने– 'म शारदा दाइ पढेकै ठाउँमा पढ्न जान पाऊँ । त्यस बेला मल्लका काका सिद्धिबहादुरका छोरा शारदा मल्ल कोलकातामा स्नातक पढ्दै थिए । अनि ऋद्धिबहादुरले अनुमति दिएपछि मल्ल स्कुले शिक्षा पढ्न कोलकातातिर लागेका थिए ।

विजय मल्ल गोपालप्रसाद रिमालको नेपाल प्रजा पञ्चायतमा रातोदिन सक्रिय थिए । २००३ सालको कुरा हो– क्रान्तिकारी गोपालप्रसाद रिमालको नेतृत्वमा मल्ल पनि रिमालकृत भजन गाउँदै मठमन्दिर पुगेका थिए । त्यो भजन केवल राणाका विरोधमा नै केन्द्रित थियो । त्यो बेहोरा थाहा पाएर रिमाल कैदी भए । अनि राणाका सेनाले विजय मल्ललाई भने केरकार गरेर छाडेका थिए ।

विजय मल्ल आफ्नो बुताले भ्याएसम्म आगो भएर राणाकै विरोधमा लागे । उनको शैलीलाई ठीक पार्नेहेतु २००४ सालमा पद्मशमशेरले हुकुम दिए– 'ऋद्धिबहादुर मल्लको माइलो छोरालाई थुन्नु !' उनलाई आमसभा गर्न उकास्ने दोष देखाएर दुई वर्षको जेल सजाय सुनाइएको थियो । जेलभित्र उनलाई नेल र हतकडी लगाइएको थियो । त्यस बेला यिनको अंश सर्वस्व गर्ने राणा सरकारले हुकुम दिएको थियो ।

२००७ सालको क्रान्तिपछि विजय मल्लहरूको सल्लाहले 'नेपाल प्रजा पञ्चायत' विघटन गरी यसलाई नेपाली काङ्ग्रेसमा समाहित गरियो । अनि मल्ल पनि काङ्ग्रेसका सक्रिय नेता भएका थिए भनौँ । केही समयपछि उनी नेपाली काङ्ग्रेसको काठमाडौँ शाखाको मुख्य नेतासमेत भए । उनी काङ्ग्रेसी नेताका भरपर्दो, इमानदार र विश्वासपात्रमा चिनिएका थिए ।

२००७ सालको क्रान्ति सफल भएपछि राजा त्रिभुवनले तनहुँका काङ्ग्रेसी गभर्नर श्रीभद्र शर्मा, विजय मल्ल, गोपालदास श्रेष्ठ र

त्रिपुरवर सिंहलाई बोलाएर राजनीतिक विमर्श गरेका थिए । त्यस बेला भएको छलफल नेपाली काङ्ग्रेसको बैठकमा बीपीले राख्न लगाएका थिए । त्यस बैठकमा बीपी कोइरालाले भनेका थिए– 'विजय मल्ल, श्रीभद्र शर्मा, गोपालदास श्रेष्ठ र त्रिपुरवर सिंहजस्ता इमानदार, विद्वान् र कर्तव्यनिष्ठ व्यक्तिहरू नेपाली काङ्ग्रेसमा हुनु भनेको काङ्ग्रेसको बढोत्तर हुनु हो ।'

विजय मल्लले नेपाली काङ्ग्रेसमा बौद्धिक खुराक पस्किरहे । उनले आफ्नो योगदानले आफूलाई उच्चकोटिमा दाखिल गराइरहे । उनी राजनीतिज्ञ मात्र नभएर विशिष्ट कोटिका साहित्यकार पनि हुन् भन्ने ठहर गरेर बीपी कोइरालाले उनलाई २०१६ सालमा काङ्ग्रेसको मुखपत्र 'नेपाल पुकार'को सम्पादक पनि बनाइएको थियो ।

२००७ सालपछि विजय मल्लहरू राजाको राजकाजलाई सघाउन तल्लीन थिए । उनको कामले राजा त्रिभुवन पनि खुसी थिए । परिणामस्वरूप २०११ वैशाख १ गते राजा त्रिभुवनबाट गठन भएको सल्लाहकार सभामा विजय मल्ल पनि माननीय सदस्य भएका थिए । त्यति बेला महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि राजाबाटै सो सभाको माननीय सदस्यमा मनोनीत भएका थिए । यी दुवै जना कट्टर देशभक्त भएकाले यिनीहरू राष्ट्र, राष्ट्रियता र राजनेताकै वकालत गर्थे । प्राय: साहित्यकै चर्चा, विमर्श र छलफलमा पनि यिनीहरूको दिनचर्या सकिएको हुन्थ्यो ।

२०१७ सालमा राजा महेन्द्रले काङ्ग्रेसको तखता पल्टाएपछि धेरै नेताको मुटु कामेको थियो । अनि मल्ल पनि हठात् रूपमा दुलोभित्र छिरेका थिए । त्यस घडी उनले भूमिगत जीवनमा नै 'अनुराधा' उपन्यास लेखेका थिए । त्यो उपन्यास लेखिसक्नासाथ अर्थात २०१७ साल फागुन १७ गते उनी जेलखाना पुगे । प्रा.गोपीकृष्ण शर्माका अनुसार 'मल्ल कैदी भएको सूचना रानी रत्नराज्यका

कानमा पुगेको थियो । रानी रत्नचाहिँ मल्लका पूर्व सहपाठी पनि थिइन् । त्यसैले २०१८ साल वैशाख १९ गते मल्ल जेलखाना मुक्त भए । त्यस बेला उनीसितै भूपी शेरचन, दौलतविक्रम विष्ट र पोषण पाण्डे पनि जेलमुक्त भएका थिए ।' अनि त्यसै दिन मल्लले घोषणा गरेका थिए– 'आजैदेखि मैले राजनीतिबाट संन्यास लिएको छु ।'

हुन त विजय मल्लको राजनीतिक पृष्ठभूमि उच्चस्तरीय थियो । उनी झन्डा, डन्डा र ढुङ्गा बोक्ने राजनीतिक कर्मी थिएनन् । उनी बौद्धिक राजनीतिज्ञमा सुपरिचत थिए । उनीबारे नेपाली काङ्ग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले लेखेका थिए– '२००७ सालपछि गणेशमान सिंहपछाडिका काठमाडौँमा तीन जना अत्यन्त ठूला नेता थिए– त्रिपुरवर सिंह, गोपालदास श्रेष्ठ र विजयबहादुर मल्ल । नेपालमा प्रजातन्त्र ल्याउनमा उनीहरू तिनै जनाको ठूलो भूमिका थियो । उनीहरूको त्यो योगदानको इतिहासलाई कालले पनि मेटाउन सक्तैन ।'

त्यति बेला नेपाली काङ्ग्रेसका राजनीतिज्ञहरूलाई विजय मल्लको साहित्यिक जीवनका बारे उति थाहा थिएन । यदि कसैकसैले उनी सिर्जना पनि गर्छन् भन्ने थाहा पाएका थिए भने पनि उनलाई राजनीतिज्ञकै हिसाबमा हेर्ने गर्थे । उनको राजनीतिक तराजु नै भारी थियो । उनको त्यही व्यक्तित्वबारे उनका घनिष्ठ मित्र श्रीभद्र शर्माले लेखेका छन्– 'विजय मल्ललाई साहित्यकारभन्दा पनि काङ्ग्रेसको असल कार्यकर्ताको हिसाबले हेर्थ्यौं । पछि मात्र थाहा भयो उनी साहित्यकारका रूपमा स्थापित भइसकेका रहेछन् ।'

विजय मल्ल राजनीतिज्ञ भए तापनि साहित्यलाई राजनीतितिर कहिले धकेलेनन् र राजनीतिलाई पनि साहित्यमा प्रवेश गराएनन् । उनको यो नीतिको काङ्ग्रेसका बुद्धिजीवीहरूले पनि प्रशंसा गरेका

थिए । यसै परिवेशमा पुरुषोत्तम बस्नेतले लेखे– '२०१७ सालको उत्तरार्धसम्म विजय मल्ल आफ्ना दुई समानान्तर व्यक्तित्वलाई सँगै लिएर अगाडि आइरहनुभएको थियो । उहाँको एउटा व्यक्तित्व थियो साहित्यकार र अर्को थियो राजनीतिज्ञ । तर यी दुई व्यक्तित्वलाई उहाँले कहिल्यै एउटासित अर्कोको भेटघाट हुन दिनुभएन । एकबाट अर्कोलाई अतिक्रमण हुन दिनुभएन ।'

राजनीतिमा रहुन्जेल विजय मल्लले निष्ठाकै राजनीति गरे । देशको चौतर्फी विकास र जनकल्याण नै राजनीतिको मूलमन्त्र हुनुपर्ने कुरामा उनी दृढ थिए । अनि जनतालाई झुक्याउने राजनीतिज्ञको पनि उनी कट्टर विरोधी थिए । खासमा उनको भावना र राजनीतिको धरातल बेग्लाबेग्लै देखिएकाले राजनीतिप्रति उनको वितृष्णा बढ्दै जान थालेकै थियो । साथै साहित्यलेखनमा उनको रुचिले बढोत्तरी पाउन थालेको पनि थियो । यी विविध कारणले नै उनले राजनीतिलाई तिलाञ्जली दिएका थिए । अनि त उनले दोहोऱ्याएर जनमाझ भनेका थिए– 'मैले राजनीतिबाट सँन्यास लिएको छु ।'

# विजय मल्लको साहित्यिक यात्रा

विजय मल्लले बाल्यकालमा नै साहित्य बुझेका थिए । आफ्ना बुबा ऋद्धिबहादुर मल्लको साहित्यप्रतिको निष्ठाबाट उनी खूबै प्रेरित थिए । साथै आफ्ना दाजु गोविन्दबहादुर मल्ल 'गोठाले'को सिर्जना पनि उनको प्रेरणा बनेको थियो । त्यसैले दरबार स्कुलमा पढेताका नै उनले कविता लेख्न थालेका थिए । त्यस स्कुलबाट विद्यार्थीद्वारा भित्ते पत्रिका प्रकाशित हुन्थ्यो । त्यही भित्ते पत्रिकामा उनले पनि 'दुई पसले' शीर्षकको एउटा कथा लेखेका थिए । त्यसै कथाले उनलाई त्यस बेला गुरुहरूमाऊ परिचित गराएको थियो । त्यसपछि नै उनी शुक्रमण्डलीको भित्ते पत्रिकाको सम्पादकसमेत बनेका थिए । उनको साहित्यप्रतिको आकर्षण देखेर हेडमास्टर रूद्रराज पाण्डेले उनलाई 'भविष्यको एउटा तारा' भनेर सम्बोधन गरेका थिए ।

विजय मल्ल बालखैदेखि साहित्यसित सहोदरी थिए । उनी आठ वर्षको हुँदा नै उनको भित्री गोजीमा कागजका खोस्टा र चुरोटको बट्टाका टुक्राहरू हुन्थे । यसरी कागजका टुक्रा र चुरोटको बट्टामा कविता कोर्न उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको सिको गरेका थिए । उनको त्यो चालामाला देखेर एक पटक उनका बुबाले उनलाई भनेका थिए– 'तँ त अचम्मकै प्राणी रहेछस् । बहुलाले झैँ कागजका टुक्राले खल्ती भरिछस् ।' आफ्ना बुबाको कुरा सुनेर उनले जबाफ दिएका थिए– 'यी कागजका टुक्राहरूमा मेरा कविता छन् ।' उनको साहित्यउपरको झुकाव देखेर उनका बुबा

उनीसित खुसी थिए । अनि केही दिनपछि उनका बुबाले उनलाई एउटा रजिस्टर कापी दिँदै भनेका थिए– 'तैँले तेरा ती सबै कविता यसै कापीमा सार् ! अनि तेरा कविता सधैँलाई सुरक्षित हुन्छन् ।' त्यसपछिदेखि भने विजय मल्लले पनि त्यसै गरेका थिए ।

विजय मल्ललाई साहित्यलेखनमा अभिप्रेरित गर्ने उनकै बुबा थिए । आफ्नो साहित्यलेखनका प्रथम गुरु आफ्नै बुबा भएको बेहोरा उनले सधैँभरि भन्दै पनि आएका थिए । यसै प्रसङ्गमा उनले लेखेका पनि थिए– 'अहिलेसम्म पनि जबजब म कुनै कपीमा कविता, कथा, नाटक लेख्न सुरु गर्छु, त्यस बखत मेरा बुबाको त्यस बेलाको अनुहार र उपदेशलाई सम्झन म थाल्छु र आजसम्म पनि मेरो मनस्थिति यस्तै प्रकारको रहेको छ ।'

विजय मल्ल सानैमा उपन्यास पढ्थे । त्यति बेला प्राय: किशोरहरू जासुसी उपन्यास नै पढ्ने गर्थे । उनलाई जासुसी उपन्यास पढ्न उर्मिला राणाका छोरा शङ्करले उक्साएका थिए । त्यसैले उनले जासुसी उपन्यास खोजीखोजी पढ्न थाले । उनी एकान्त जहाँ छ, त्यहाँ उपन्यास लिएर पुग्थे । उनी शौचालयमा समेत पसेर त्यस्तै खाले उपन्यास पढ्थे । एक दिन उनका बुबाले उनको त्यो बेहोरा थाहा पाए । अनि भोलिपल्टै उनका बुबाले बजारबाट विजय मल्लका हातमा दुईवटा किताब थमाइदिएका थिए । आफ्ना बुबाबाट प्राप्त ती दुई कृति हिन्दी भाषामा लेखिएको प्रेमचन्द्रको 'निर्मला' उपन्यास र टल्सटायको अङ्ग्रेजी भाषाको 'एक्काइस कथा' थिए । उनले औपचारिक रूपमा पढेका प्रथम साहित्यिक कृति पनि तिनै थिए ।

विजय मल्ललाई लेख्न र पढ्न उद्धत गर्ने प्रमुख पात्र भवानी भिक्षु देखिए । भिक्षुकै कारण मल्ल साहित्यको भऱ्याङ चढ्न थालेका थिए । भिक्षुकै पारामा लागेर उनले प्राय: हिन्दी र अङ्ग्रेजी भाषामा लेखिएका कृति पढेका थिए । यसबारे उनले लेखे– 'भवानी भिक्षु

काजी दाइ (सिद्धिचरण श्रेष्ठ)का साथ हाम्रो घरमा आउनुभएको थियो र त्यसपछि उहाँ र बुबा घनिष्ठ मित्र हुनुभयो । उहाँले हिन्दीमा लेखेको 'मानवकथा' बुबाले नेपालीमा अनुवाद गरी 'शारदा'मा प्रकाशित गरिदिनुभयो र त्यसपछि भिक्षु आफू स्वयम्ले नेपालीमा नै कथा लेख्न थाल्नुभयो र कैयौँ कथाहरू 'शारदा'मा प्रकाशित भए । म पनि भिक्षुका साथमा हिन्दी बोल्ने अभ्यास र कविता लेख्ने प्रयास गर्न थालेँ । एक प्रकारले भिक्षुको ममाथि साहित्य र विचारको ठूलो प्रभाव परेको छ । भिक्षुको प्रेरणाले म शरच्चन्द्र, रवीन्द्रनाथ ठाकुर, प्रेमचन्द, जयनेन्द्रकुमार, भगवतीशरण बर्मा, अस्कर, मन्टो आदि कैयौँ लेखकका रचनाहरू हिन्दी भाषामा पढ्ने गर्ने र यसले गर्दा ममा साहित्यप्रतिको आस्था र रुचि जाग्रत् भयो र लेख्ने प्रेरणा प्राप्त भयो । यसै रीतले हिन्दीका तत्कालीन कविहरू महादेवी बर्मा, पन्त र बच्चन आदिसँग मेरो परिचय भयो । अङ्ग्रेजी र हिन्दी भाषाका अधिकांश लेखकहरूका रचना मैले पढ्न थालेँ । यसै प्रकारले रूसी, फ्रान्सेली, अमेरिकी साहित्यसँग मेरो परिचय बढ्दै गयो ।'

नेपाली भाषा सिक्दै गरेका भवानी भिक्षु विजय मल्लका नेपाली साहित्यिक गुरु थिए । भिक्षु आफू लेख्दै जान्थे र मल्लका अघि पनि कापीकलम राखिदिने गर्थे । यस विषयमा मल्लले आफ्नो डायरीमा पनि लेखे– 'भवानी भिक्षुको विचारको ममाथि ठूलो प्रभाव पऱ्यो । उनैका कारण साहित्यप्रतिको मोह, आस्था र रुचि मभित्र जागृत भयो । त्यसपछि मैले पनि साहित्य लेख्न थालेँ ।' त्यति मात्र होइन सिद्धिचरण श्रेष्ठ र केदारमान व्यथित पनि मल्लको साहित्यिक यात्राको भरपर्दो लिस्नो थिए ।

सिद्धिचरण श्रेष्ठसित चाहिँ विजय मल्लको घरायसी, आत्मीय र भरपर्दो सम्बन्ध थियो । यसैबारे मल्लले आफ्नो टिपोटमा पनि उल्लेख गरे– 'म सिद्धिचरण श्रेष्ठलाई आफ्नै दाजुसमान काजी दाइ भनेर सम्बोधन गर्थें र अहिलेसम्म पनि उहाँलाई सम्झँदा काजी दाइ

नै भनेर सम्झने गर्छु । लक्ष्मीप्रसाद देवकोटाका 'सुन्दरीजल', 'यात्री' आदि कविताहरू मैले 'शारदा'मै पढेको थिएँ र मेरा बुबाकै कोठामा देवकोटाजीले प्रकाशित हुनुअगाडि नै 'मुनामदन' लय हालेर पढेर सुनाउनुभएको मैले सुन्ने अवसर पाएको थिएँ । काजी दाइ अर्थात् सिद्धिचरणको 'मेरो प्यारो ओखलढुङ्गा र 'जाऊँ गोमा त्यस देशमहाँ पीर कुनै पनि छैन जहाँ' यो भनाइ भएको 'गोमा' शीर्षकको कविता 'शारदा' पत्रिकामा प्रकाशित हनुभन्दा अगाडि नै उहाँका मुखबाट सुन्ने अवसर पाएको थिएँ र मलाई त्यसले अत्यन्त प्रभावित पारेको थियो । काजी दाइलाई बुबाले बाल्यकालमा पढाउनुभएको हुनाले सधैँ आफू शिष्यझैँ छोरासमान व्यवहार गर्नुहुन्थ्यो र उहाँ पनि बुबालाई पाजू (मामा) भनेर सम्बोधन गर्नुहुन्थ्यो ।'

विजय मल्लले नौदस वर्ष भएदेखि नै नेपाली साहित्यका महारथीहरूको सामीप्य पाएका थिए । कविशिरोमणि लेखनाथ पौड्याल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा प्रायः 'शारदा'को कार्यालय पुगिरहन्थे । विजय मल्ल भने उनीहरू कतिखेर आउलान् भनेर बाटो ढुकिरहन्थे । तिनै त्रिमूर्तिलाई पनि गुरु थापेर उनी आफ्नो सिर्जना गर्थे । त्यस बेला उनी लेख्दै त्रिमूर्तिलाई आफ्ना रचना सुनाउने गर्थे । त्यति बेलै आफ्नै घरमा शुक्रराज शास्त्री, सरदार रुद्रराज पाण्डे, गुरुप्रसाद मैनाली, गोपालप्रसाद रिमाल, पुष्करशमशेर, हृदयचन्द्रसिंह प्रधानसित पनि उनले सधैँ भेटघाट गर्ने अवसर पाएका थिए । त्यसै बेलादेखि उनका अर्का घनिष्ठ पात्र थिए– श्यामदास वैष्णव । मल्ल बाँचुन्जेल वैष्णवसित उनको घाँटी जोडिइ नै रहेको थियो ।

विजय मल्लले दरबार हाईस्कुलको भित्ते पत्रिकामा कविता लेखेर साहित्यलेखनको औपचारिक श्रीगणेश गरे । तर 'शारदा'मा चाहिँ १९९७ सालमा 'स्मृति' शीर्षकको कविता लेखेर उनको मुद्रणका माध्यमको लेखन आरम्भ गरेका थिए । सुरुसुरुमा उनका रचना

मिलाइदिने स्रष्टाचाहिँ भवानी भिक्षु नै थिए । उनलाई लेख्नै पर्छ भनेर घचघच्याउने पनि भिक्षु नै थिए । त्यति बेला भिक्षुको गुन्टा नै मल्लको घरमा थियो । त्यहीँ बसेर उनी खान्थे, सुत्थे र 'शारदा'को सारा प्रुफ हेर्ने गर्थे ।

विजय मल्लको मन पर्ने विषय कथा श्रवण थियो । त्यसैले उनी सानैदेखि कथा सुन्न जोरगणेश प्रेस धाउँथे । त्यस प्रेसका कम्पोजिटर गोकुलदास तण्डुकार कथा भन्ने गर्थे । त्यसैले मल्ल उनको कथा सुन्न सधैँ उनैसित झुम्मिन्थे । बाल्यकालमा नै तण्डुकारको कथा सुनेर उनी कथालेखनमा आकृष्ट भएका थिए । अनि त्यसपछि उनले कथा साहित्यलेखनमा ध्यान दिन थालेका थिए । त्यसबारे मल्लले उत्तम कुँवरसित भनेका थिए– 'गोकुलदासले दन्त्यकथा सुनाउँथ्यो, हामी केटाकेटी झुम्मिन्थ्यौँ, पछि आफ्ना बच्चा साथी वरिपरि राखी आफैँले दन्त्यकथा बनाई सुनाउन थालेँ, यसरी कथा बनाउन सुरु गरेँ ।'

विजय मल्लको कवितामा पनि रस थियो । कविताको कृति तयार भएपछि उनले पं.श्यामदास वैष्णवलाई पाण्डुलिपि जिम्मा लगाएका थिए । उनको कवितासङ्ग्रहको सम्पादन पं.श्यामदास वैष्णवले गरेका थिए । साथै सो कृतिको आवरण चित्र पनि वैष्णवले नै बनाएका थिए ।

विजय मल्ल सुरुदेखि नै 'हुने बिरुवाको चिल्लो पात' थिए । उनको पहिलो कृति 'विजय मल्लका कविता' हो र यो २०१६ सालमा प्रकाशित भएको थियो । त्यस कृतिको भूमिका लेख्ने क्रममा सिद्धिचरण श्रेष्ठले लेखेका थिए– 'छन्द र अलङ्कारमा मात्र कवितालाई नबाँधी जोरदार गद्यद्वारा आफ्नो अभिव्यक्ति गर्ने कविको रूपमा विजय मल्ललाई हामीले पाइरहेका छौँ । उनका रचनामा विश्वासको भावना झङ्कृत हुन्छ, वर्तमान जीवनको करुण चित्रण तथा भावीको मङ्गलमय रूपको झाँकी पाइन्छ । विश्वबन्धुत्व, मानवकल्याणको भावनामा जोड दिई कवि परिवर्तन चाहन्छ ।'

विजय मल्लको साहित्यिक व्यक्तित्व लोभिलो र गर्विलो थियो । उनको लेखनकला नै आकर्षक थियो । उनको लेखनीका बारे उनकी अन्तरी छोरी प्रा.डा.उमा श्रेष्ठले लेखेकी छिन्– 'मेरा बुबा लेखनमा व्यस्त रहँदा म भने नजिकै बसेर घण्टौँसम्म हेरिरहन्थेँ । मेचमा बसेर कुनै कथा, नाटक वा उपन्यास लेखिरहँदा उहाँको एउटा हातमा पार्कर कलम र अर्को हातमा चुरोट हुन्थ्यो । चुरोट खाँदाखाँदै नजिकै भएकी कुनै छोरीलाई उहाँले कालो कफी बनाउन लगाउनुहुन्थ्यो । हामी पनि तत्कालै भनेको मानेर कफी बनाइदिन्थ्यौँ । जाँगर चलेका बेला कफीलाई निकै बेर घोलेर तात्तातो र फिँजैफिँज भएको कफी बनाइदिन्थ्यौँ । तर धेरैजसोचाहिँ एक कप तातो पानीमा कफी घोलेर सामान्य पेय बनाइदिन्थ्यौँ । पटकपटक कफी पिउँदै बुबा कल्पनाको गहिराइमा पुगेर साहित्यसृजनमा व्यस्त भइरहँदा कहिलेकाहीँ त उहाँ आफ्ना छोरीहरूको नामसमेत बिर्सिनुहुन्थ्यो । कथानकको मोडमा आएको परिवर्तनसँगै उहाँको मुखाकृतिमा एक प्रकारको परिवर्तन भइरहेको र डायरीका पानामा द्रुतगतिमा कलम दगुरेको म नियालिरहन्थेँ । उहाँ लेखनमै हराउनुहुन्थ्यो । उहाँ अक्षर पनि साह्रै राम्रा लेख्नुहुन्थ्यो ।'

२०१६ सालदेखि नै विजय मल्लको काव्यात्मक व्यक्तित्वको चर्चापरिचर्चा हुन थालेको थियो । युगकवि सिद्धिचरण श्रेष्ठले उनका कविताका बारे लेखेपछि अरूहरूले पनि उनका कविता पढेर गम्न थाले, चिन्तन गर्न थाले र लेख्न, धुरिन थाले । वास्तवमा समकालीन पुस्तालाई काव्यात्मक हाँक दिन सक्ने, चुनौती दिन सक्ने र नेतृत्वसमेत दिन सक्ने उनीभित्र प्रबल खुबी थियो । मानवतावादी, अस्तित्ववादी र स्वच्छन्दतावादी दृष्टिकोणभित्रै जोधा, यौन र मनोविज्ञान उनका रचनाका विशेषता हुन् । उनका ती एकएक धारालाई समीक्षक डा.दुर्गाबहादुर घर्तीले विवेचना गरेका पनि छन् । यसै क्रममा उनले मल्लबारे विशेष प्रकाश पारेका पनि छन्– 'विजय मल्लका कविता विचारप्रधान छन् । तिनमा विशेष गरी

आजका मान्छेले भोग्नुपरेको अस्तित्वको सङ्कट प्रस्तुत गरिएको पाइन्छ । दोस्रो विश्वयुद्धपछि 'शक्तिशाली मुलुकहरूबीच जुन 'शीतयुद्ध चर्कियो, त्यसले तेस्रो विश्वयुद्धको त्रास पनि उत्पन्न गऱ्यो । आणविक हातहतियारको आविष्कार, 'शक्तिशाली देशहरूका बीच होडबाजी, विश्वको ध्रुवीकरणजस्ता कारणले मानवीय अस्तित्व समाप्त हुने परिस्थितिको सिर्जना हुन थाल्यो । त्यस प्रकारको विश्वजनीन परिस्थितिको अभिव्यक्ति विजय मल्लका कवितामा पाइन्छ ।'

विजय मल्लले नेपाली भाषा र नेपाल भाषासाहित्यमा कलम चलाएर उनी सधैँ आफूलाई पाठक र समीक्षकका हृदयमा पुऱ्याउन सफल भए । आदिकवि भानुभक्त आचार्यदेखि आजका पुस्तासम्मको लेखाजोखा गर्ने हो भने मल्ल सुयोग्य स्रष्टा मात्र नभएर भाग्यमानी कोटिमा दरिएका लेखकमध्ये एक जना कुशल रचनाकार पनि हुन् ।

# विजय मल्लका नाटक र चलचित्र मञ्चन

विजय मल्लले २००१ सालमा 'राधा मान्दिन' शीर्षक एकाङ्की लेखेका थिए । उनको पहिलो मञ्चन भएको नाटक २००४ सालमा शान्ति निकुञ्ज स्कुलमा मञ्चन भएको थियो । त्यो नाटकको नाउँ 'बहुला काजीको सपना' हो । त्यसै नाटकको प्रदर्शनपछि उनी हलक्कै उस्केका थिए । त्यसपछि उनले सार्वजनिक घोषणा गरे– 'भवानी भिक्षु मेरो लेखनका मेरुदण्ड हुन् र श्यामदास वैष्णव मेरो नाटकका खम्बा हुन् ।'

दरबार हाईस्कुलमा बालकृष्ण समकृत 'मुकुन्द इन्दिरा'नामक नाटकको उनले पूर्वाभ्यास हेर्ने मौका पाएका थिए । बालकृष्ण समले स्वयम्ले नै त्यो हेर्ने गर्थे । तर नाटक हेरेको समय उनले घोर अपमान पनि खेपेका थिए । अनि त्यसबारे उनले लेखे पनि– 'मलाई देखेर पालेले गलाहत्याई त्यहाँबाट बाहिर निकालिदियो ।'

दरबार स्कुलको पालेले मल्लको कठालो समाएर बाहिर निकालेपछि उनका मनमा निक्कै ठूलो चोट लागेको थियो । केही दिनपछि नै यसबारे उनले बालकृष्ण समलाई उजुर गर्न भ्याएका थिए । अनि त्यसैको परिणामले समले एउटा संस्था खोले र त्यसको प्रमुख पात्र मल्ललाई बनाए ।

२००१ सालको कुरा हो– बालकृष्ण समको अध्यक्षतामा 'गौरीशङ्कर नाटक मण्डली' नाउँको संस्था स्थापना गरिएको थियो । त्यस संस्थाको सचिव विजय मल्ल थिए भने हर्ताकर्तामा

गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल 'गोठाले' र श्यामदास वैष्णव थिए । त्यति बेला यी पाँचै भाइ कलाकार भएर नाटक खेल्ने गर्थे । विजय मल्लले सुरुमा अभिनय गरेको नाटकचाहिँ 'भक्त भानुभक्त' थियो । अनि यसका निर्देशक बालकृष्ण सम थिए । पछिपछि भने उनले आफ्ना नाटचकृतिहरूमा पनि अभिनय गर्न थाले । उनले श्यामदास वैष्णवसँगको निर्देशनमा नाटक देखाउने गरे ।

विजय मल्लले नाटचसम्राट् बालकृष्ण समबाट प्रेरित भएर नाटक लेख्न थाले । लेख्तालेख्दै उनी नाटकलेखनमा धुरी चढ्न थाले । उनले रचना गरेका नाटक काठमाडौँ उपत्यकाका स्कुलहरूमा पनि मञ्चन गरिएका थिए । खास गरेर उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा पुगेपछिचाहिँ 'नाटक भनेको विजय मल्ल हुन् र विजय मल्ल भनेको नाटक हो' भन्ने थेगो नै बनेको थियो । त्यस कालखण्डमा उनले धेरै नै एकाङ्की र पूर्णाङ्की नाटक रचे । धेरैजसो नाटक प्रज्ञाप्रतिष्ठानमा नै मञ्चन गरिएका थिए ।

श्यामदास वैष्णवका अनुसार २०१३ सालमा श्यामदास वैष्णवको नेतृत्वमा राष्ट्रिय नाटक मण्डलको स्थापना भएको थियो । त्यस मण्डलमा राजा महेन्द्रको आर्थिक सौजन्य जुटेको थियो । त्यसै बेला विजय मल्लबाट लेखिएको नाटक 'स्वामी रणबहादुर शाह' मञ्चन गरिएको थियो । त्यो नाटक प्रभावशाली बनेको थियो । राजा महेन्द्रबाट त्यस नाटकलाई पुरस्कृत पनि गरिएको थियो ।

विजय मल्लले जम्मा दसवटा नाटचकृति लेखे । उनले लेखेका नाटकमध्ये 'कोही किन बरबाद होस्'ले प्रसिद्धिको शिखर आरोहण गऱ्यो । साथै उनको अर्को नाटक 'बहुला काजीको सपना'ले पनि ख्याति कमायो । 'जिउँदो लास' र 'पहाड चिच्याइरहेछ' भन्ने उनका नाटचकृतिहरू पनि चल्तीमा आएका थिए ।

पहिलापहिला नाटक प्रदर्शनी गर्दा रङ्गमञ्चका लागि गतिलो प्रविधिको विकास भएको थिएन । पछिल्ला दिनमा उनका कृतिमा आधारित नाटक देखाउन धेरै सुविधा हुन थालेको थियो । खास गरेर उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान पुगेपछि उनलाई नाटकमा काम गर्न धेरै सुविधा पुगेको थियो । उनका नाटकलाई अझ मलजल गर्ने कामचाहिँ शताब्दी पुरुष सत्यमोहन जोशीले गरेका थिए ।

नाटकलेखनदेखि प्रदर्शनसम्म पूर्ण रूपले त्यतैपट्टि नै मल्लको ध्यान हुन्थ्यो, त्यतै एकाग्रता हुन्थ्यो र त्यतै समर्पण पनि हुन्थ्यो । त्यसैले उनी यस क्षेत्रमा अत्यधिक सफल पनि भए । उनी नाटचकलामा अति डुब्ने गर्थे । यसैबारे उनकी साइँली छोरी नीना ख्याउँजूले लेखेकी छिन्– 'नाटक लेख्दा मेरा बुबा एक पात्र भएर यथार्थलाई अघि सार्नुहुन्थ्यो । नाटक लेखेपछि एकछिन बस्‌बस् भनेर नाटकको संवाद सुनाएर त्यो नाटकको पात्रअनुसार उहाँले अभिनय गरेर आवाज पनि त्यस्तै निकालेर सुनाउनुहुन्थ्यो । जहिले पनि कसरी बोल्नुपर्ने हो– रिसाएर बोल्नुपर्ने हो कि हाँसेर बोल्नुपर्ने कि ! अनुहारमा त्यही किसिमको भाव मिलाएर जहिले पनि मलाई सुनाउनु हुन्थ्यो । ...नाटक लेख्दा जहिले पनि एकदम नाटककै पात्र भएर उहाँ बोल्ने गर्नुहुन्थ्यो ।'

•

विजय मल्लका केही कृतिहरू चलचित्र निर्माणमा समावेश भएका थिए । नेपालमा निर्मित पहिलो रङ्गीन चलचित्र 'कुमारी' नै थियो र यसका लेखक मल्ल नै थिए । शाही नेपाल चलचित्र संस्थानबाट २०३४ सालमा यसको निर्माण गरिएको थियो । संस्थानका महाप्रबन्धक उत्तमलाल श्रेष्ठको प्रस्तुतिमा यसको निर्देशन प्रेमबहादुर बस्न्यातले गरेका थिए । यस चलचित्रका नायक शैल्यान केसी थिए भने नायिका चैत्यदेवी थिइन् । यस चलचित्रमा नीर शाह र लक्ष्मी श्रेष्ठले पनि प्रमुख अभिनय गरेका थिए । 'कुमारी' सांस्कृतिक चलचित्र

थियो । व्यापारिक हिसाबले नबनेको हुँदा त्यो चलचित्रलाई त्यति सफल मानिएन । यति हुँदाहुँदै पनि नेपालका तर्फबाट 'कुमारी' अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा समाविष्ट पहिलो चलचित्र नै थियो । यसबारे गौरव मान्दै 'कुमारी' चलचित्रकी नायिका चैत्यदेवीले भनिन्– 'मैले आजसम्म जति मान पाएँ त्यसको पार्श्व भूमिका 'कुमारी' नै हो ।' नेपाली चलचित्रको इतिहासमा 'कुमारी'लाई गौरवी मानिन्छ ।

नेपाली परम्परागत संस्कृतिको मान्यतामा आधारित एउटा बिम्ब कुमारी पनि हो । जीवित देवी कुमारीले वैवाहिक जीवनमा गाँसिन हुन्छ या हुँदैन भन्ने सार मल्लकृत 'कुमारी' हो । कुमारीले चलचित्रमा सफलता नपाएपछि मल्ल खिन्न भए । पछिसम्म पनि यस चलचित्रप्रति उनको दुखेसै थियो । यसै विषयमा उनले भनेका थिए– 'कुमारी'को प्रस्तुतिले मेरो धीत मरेन ।'

'कुमारी'बारे सुप्रसिद्ध चलचित्र निर्देशक तथा लेखक लक्ष्मीनाथ शर्माले लेखेका छन्– 'कुमारी चलचित्र पहिलो नेपाली रङ्गीन कथानक चलचित्र त थियो नै, नेपाली चलचित्रको इतिहासमा पहिलो पटक अङ्ग्रेजी भाषामा उपशीर्षक प्रयोग भएको चलचित्र पनि थियो । यसका नेपाली संवादका साथमा अङ्ग्रेजी उपशीर्षक राख्नुपर्ने वास्तविक कारणचाहिँ सन् १९८६ मा भारतको ब्याङ्लोरमा आयोजित सार्क फिल्म फेस्टिभलमा प्रदर्शनार्थ पठाउनु थियो र पठाइएको पनि थियो ।'

विजय मल्लकृत कथामा बनेको दोस्रो चलचित्र 'बदलिँदो आकाश' थियो । शाही नेपाल चलचित्र संस्थानका अध्यक्ष तथा महाप्रबन्धक श्रीमती टीका सिंहद्वारा २०४० सालमा प्रस्तुत यस चलचित्रका निर्देशक लक्ष्मीनाथ शर्मा थिए । यसको नायक शिव

श्रेष्ठ र नायिका सुषमा शाही थिइन् । साथै नीर शाह, हरिहर शर्मा सुभद्रा अधिकारी, सन्तोष पन्त, टीका पहारीको गतिलो भूमिका थियो । र यो चलचित्र व्यावसायिक भएकाले जनप्रिय भयो । नेपाली चलचित्रको इतिहासमा यसलाई सफल मानिएको थियो । यस चलचित्रले सन् १९८४ मा सोभियत रूसमा सम्पन्न आठौँ अन्तराष्ट्रिय चलचित्र महोत्सवमा भाग लिएको थियो । त्यहाँबाट सोसल कमिट्मेन्ट अवार्ड प्राप्त गरेको थियो ।

त्यसपछि विजय मल्लकै लेखनमा 'पच्चिस वसन्त'को निर्माण भएको थियो । २०४३ सालबाट छायाङ्कन सुरु भएको यस चलचित्र २०४५ सालमा प्रदर्शन गरिएको थियो । यस चलचित्रको निर्देशक नीर शाह थिए । यस चलचित्रका प्रमुख कलाकारहरू शिव श्रेष्ठ, अंशुमाला शाही, मिथिला शर्मा, पुरन जोशी, मौसमी मल्ल, हरिहर शर्मा, बसुन्धरा भुसाल, रवि शाह, सन्तोष पन्त, सुषमा शाही आदि थिए । साथै यसको सम्पूर्ण व्यवस्थापन र संयोजनको भूमिका मदनदास श्रेष्ठले निभाएका थिए । यो चलचित्र पञ्चायती व्यवस्था रजत जयन्तीसितको सरोकारमा केन्द्रित थियो । व्यावसायिक नभए तापनि यो चलचित्रले नेपाली जनमनलाई जितेको थियो ।

विजय मल्लले मनोवैज्ञानिक नाटक तथा आख्यान लेखनमा सिद्धिप्राप्त गरेकै थिए । मनोविज्ञानमा आधारित उनका कृति प्रायः सर्वप्रिय नै पनि भए । यसबारे सर्वत्र प्रशंसाका सिल पनि उनिए । यसै सन्दर्भमा नेपाली कथा साहित्यका प्रथम विद्यावारिधि सुप्रसिद्ध स्रष्टा प्रा.डा.दयाराम श्रेष्ठले मल्लको मनोविज्ञानमा आधारित कथाको निष्कर्ष दिँदै लेखे– 'विजयबहादुर मल्ल अन्तर्यथार्थ सन्धान गर्ने प्रतिभाशाली कथाकार हुन् जसले यौन संवेगको विशिष्ट रूपलाई कथाको विषय बनाएर मनोविज्ञानका मान्यतामा आख्यानीकरण गरेका छन् ।'

नाटचसम्राट् बालकृष्ण समको 'मुकुन्द इन्दिरा'नामक नाटक हेरेपछि विजय मल्लको किशोर मनमा नाटकप्रतिको मोह जागृत भएको थियो । अनि त्यही नाटकले नै उनीभित्र नाटक सिर्जनाको भावनाले श्रीगणेश गरेको थियो । त्यसैले बाँचुन्जेल मल्लले पनि आफ्नो नाटकगुरुका रूपमा समकै अर्चना गरिरहे । अन्ततः उनी पनि समकै हाराहारीका नाटक लेखककै रूपमा स्थापित भए ।

# विजय मल्लको राजकीय प्रज्ञाप्रतिष्ठानमा संलग्नता

विजय मल्ल साहित्य, राजनीति र सङ्गठनमा बराबरीजसो भिजेका थिए । साहित्यिक सङ्गठनको सिलसिलामा उनी २०१२ सालदेखि आबद्ध थिए । त्यति बेला उनी नेपाली लेखक सङ्घको सेक्रेटरीमा चुनिएका थिए । २०१३ सालमा स्थापित काव्य प्रतिष्ठानको उनी सचिव भए । अनि २०२२ सालमा उनी नेपाली साहित्य संस्थानको उपाध्यक्षमा चयन भएका थिए । सोही साल देशव्यापी नेपाली साहित्य सेमिनार गरिएको थियो । त्यस सेमिनारमा उनले सचिवको कार्यभार सम्हालेका थिए ।

श्री ५ महेन्द्रबाट विजय मल्ल २०२६ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सहसदस्यमा मनोनीत भएका थिए । महेन्द्रकालीन युगमा सुयोग्य प्रतिभालाई पनि जरैदेखि थप दक्ष बनाउने व्यावहारिक तरिका अपनाइएको हुन्थ्यो । योग्यता पुगेकाहरूलाई पनि सुरुमा सानै पदमा राखेर सिकाइन्थ्यो । अनि सिक्नेहरू माथिमाथि नै जान्थे र उनीहरू आफ्ना काममा सफलै पनि हुन्थे । प्राज्ञिक जगत् मात्र होइन त्यतिखेर राजनीतिमा पनि त्यस्तै कसरत गरिएको हुन्थ्यो । उदाहरणका लागि भन्ने हो भने प्राय: राजनीतिज्ञहरू सहायक मन्त्री नभई राज्यमन्त्री र मन्त्री बन्दैन थिए । अनि मन्त्री बनिसकेकाहरू नै प्रधानमन्त्रीका लागि योग्य हुन सक्ने सामान्य किसिमको मापदण्ड रहेको थियो ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सहप्राज्ञमा मनोनीत हुँदा मल्लले पैँतालिस वर्ष टेकेका थिए । त्यो पदमा राजाको सिन्दूर पाएर उनले हर्षबढाइँ गरेका थिए । त्यस ठाउँको सदस्य या फूल प्राज्ञ हुन धेरै ठूलो तपस्या चाहिन्छ भन्ने कुरा उनले बुझेकै थिए । पञ्चायती व्यवस्थामा त्यस्तै मान्यताको विकास भएको पनि थियो । राजकीय प्रज्ञाप्रतिष्ठानको गठनको कुरा गर्ने हो भने राजा नै कुलपति हुन्थे । अनि उपकुलपति पनि ख्यातिप्राप्त साहित्यकारमध्येबाटै मनोनीत हुन्थे । खास गरेर २०४६ सालअघिसम्म पनि प्राज्ञहरू उमेर खाएका विशिष्ट स्रष्टाहरूबाटै खोजिन्थ्यो । त्यति बेला दलका खुर, दास र झोलेहरू प्राज्ञमा पुग्दैन थिए । तर राजाबाट काङ्ग्रेस र कम्युनिस्टहरू पनि प्राज्ञमा मनोनीत हुन्थे । अनि त्यहाँभित्र कुनै पनि प्रकारको राजनीतिक कसिङ्गर छिर्न दिइँदैन थियो । त्रिभुवन विश्वविद्यालय पनि त्यस्तै प्रकारको पवित्र रूपले परिचालित थियो । जानिफकारहरू भन्थे– 'त्यति बेला नेपालको शिक्षा प्रणालीलाई विदेशीले पनि प्रशंसा गरेका हुन्थे ।'

नेपाली साहित्यका महारथी विजय मल्लले नेपाली र नेवारी साहित्यको श्रविृद्धिका लागि आफ्नो जीवन नै अर्पण गरेका थिए । उनको त्याग, तपस्या र योगदानका कारण उनी २०२६ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्रवेश भएका थिए । सहप्राज्ञमा रहेर पाँच वर्ष काम गरेपछि मात्र उनले कुशलता हाँसिल गरेको ठहर भएको थियो । त्यसपछि उनी २०३१ सालमा राजा वीरेन्द्रबाट सदस्यमा मनोनीत भएका थिए । उनका सहकर्मी अर्थात् उनीसितै २०२६ सालमा सहप्राज्ञ भएका श्यामदास वैष्णवका अनुसार 'विजय मल्लजस्ता प्रतिभा फूल प्राज्ञ हुनु हाम्रो भाषासाहित्यकै इज्जत हो ।' हो, त्यति बेला उनको मनोनयनको सर्वत्र जय मनाइएको थियो ।

विजय मल्लको कामप्रतिको समर्पण, साहित्यप्रतिको निष्ठा र स्तरीय लेखनका कारण २०३६ सालमा उनी नेपाल राजकीय

प्रज्ञाप्रतिष्ठानका सदस्यसचिवमा मनोनीत भएका थिए । साथै २०४१ सालमा पनि राजाबाटै उनले सोही पदमा निरन्तरता पाएका थिए । उनको कुशलताकै कारण श्री ५ बाट उनी २०४६ सालको आरम्भमा नै उपकुलपतिको गौरवमय पदमा मनोनीत भएका थिए । तर सोही सालमा बहुदलीयता आएकाले उनले त्यो पदमा एक वर्षजति मात्र बस्न पाए । त्यति बेला राजाका मनोनीत प्राज्ञलाई बेइज्जत गर्ने, कालोमोसो दल्ने र घेराउ गरेर नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट नै निमोठेर फाल्ने एउटा सशक्त साहित्यिक जमातको स्थापना नै गरिएको थियो । त्यसैले प्रज्ञाप्रतिष्ठानमा मौजुदा प्राज्ञहरूको पनि घोरै अपमान गरिएको थियो । नेपाली साहित्यका विभूतितुल्य अर्थात् कुलपति माधवप्रसाद घिमिरे, उपकुलपति विजय मल्ल र नयराज पन्तदेखि चूडामणि बन्धुजस्ता सदस्यलाई पनि बहुदलीय जुलुसले घेरेर राजीनामा दिन बाध्य पारेको थियो ।

२०४६ सालमा बहुदलीय प्रणाली भित्रिएपछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा दलबलबाटै प्राज्ञहरू मनोनीत हुन थाले । उपकुलपति ईश्वर बराललगायत ईश्वरवल्लभ, वैरागी काइँलाजस्ता केही सदस्य झुक्किएरै भए पनि, नातापाताका कारणले भए पनि र राजनीतिकै रङले रङ्गिएका भए पनि उनीहरू होनहार, स्तरीय र अब्बल दर्जाका स्रष्टाका रूपमा पुजिन्थे । तर त्यसपछिको गठनमा क्रमश: त्यस संस्थाका पदाधिकारी र प्राज्ञमा गन्धेझारहरूको उपस्थिति हुन थालेको थियो । गणतन्त्र आएपछि भने नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको नाउँ नै मेटेर त्यसलाई नेपाल प्रज्ञाप्रतिष्ठान बनाइएको थियो । अनि त्यो गैरराजनीतिक संस्थाको गठन पनि दलबलबाटै हुन थालेको थियो । भनौँ प्रज्ञालाई दलका कार्यकर्ताको भर्तीकेन्द्रमा रूपान्तर गरिएको थियो । त्यसैले वाङ्मयीसेवीहरूले भन्न थालेका थिए– 'वाङ्मयको आस्थावान् त्यसै मन्दिरलाई घिनलाग्दो, गह्नाउने र सिनो बनाउन थालियो ।' वास्तवमा दलीय भागबण्डाका कारण त्यो

ठाउँ जुठेल्नाको तुलसीमा रूपान्तर हुन पुग्यो । यति हो त्यो विरूप अवस्था विजय मल्लले चाहिँ देख्नु नै परेन ।

विजय मल्लले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा रहेर धेरै काम गरे । उनले त्यहाँको रङ्गमञ्चमा नाटकको विकास गर्न अविरल परिश्रम गरेका थिए । शताब्दी पुरुष सत्यमोहन जोशीको साथ पाएर उनी सफल पनि भएका थिए । उनी त्यहीँ बसेर देशदेशान्तरको अवस्थालाई समेत समेटेर नेपाली भाषाको उत्थानमा लागिरहे । खास गरेर कविता, कथा, उपन्यास, नाटक आदि विधालाई उचाइ दिन उनले खुबै पहल गरे । त्यति मात्र होइन, नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तारका लागि पनि उनले एकोहोरो काम गरिरहे ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा मल्लको कामबाट सबै जना खुसी थिए । उनकी चेली शकुन्तला शर्माका अनुसार मल्ल सबै जनासित सम व्यवहार गर्थे । कर्मचारी, पदाधिकारी र कलाकार उनको व्यक्तिगत व्यवहारमा बराबरी हुन्थे । अनि नारायणदेवी प्रधानले पनि मल्ललाई कर्मचारीका लागि बुबासरह भएको बताउन छाडिनन् । उनले लेखेकी पनि छिन्– 'उहाँ हाम्रो प्रमुख हाकिम भए पनि हामीलाई समान एवम् मित्रवत् व्यवहार गर्नुहुन्थ्यो । उहाँबाट कुनै हस्तक्षेप हुन्नथ्यो । उहाँ सदस्यसचिव वा उपकुलपति जे भए पनि हामीले उहाँबाट छोराछोरीको जस्तै स्नेह पाउँथ्यौँ ।'

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा मल्लको कामको शैलीबारे कुलपति लैनसिंह बाङ्देलले नै भनेका थिए– 'विजय मल्लले तर्क मात्र गर्दैन थिए । गरे भने हत्तपत्त चुप लाग्दैनथे । अरूलाई चित्त बुझाएर तार्किक र बौद्धिक स्तरीयता कायम गरेर मात्र अरूलाई जित्ने उनको स्वभाव थियो । उनी आफ्नो अडानमा बस्थे । कहिलेकाहीँ उनको भुल्ने बानी थियो । सबैसित मिल्ने र कुनै पनि समस्या सहज रूपले समाधान गर्ने उनीमा खुबी थियो । यो उनको विशेषता

नै थियो र त्यस्तो गुण हामीहरूमा थिएन । प्रज्ञाप्रतिष्ठानसम्बन्धी अन्य बाहिरी कामहरू परेमा उनी सजिलैसँग पूरा गरेरै आउँथे । सैद्धान्तिक विचार र कार्यशैलीमा मसँग मिल्ने भएर हो कि मैले उनीबाट ठूलो सहयोग पाएको थिएँ, जुन कुरा म कहिल्यै बिर्सन सक्तिनँ ।'

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा रहेर विजय मल्लले आफ्नो बुताअनुसारका भव्यभव्य कार्यसम्पादन गरेका थिए । पदीय जिम्मेवारी बहनमा उनले गरेका कामबारे अर्का अमर प्राज्ञ प्रा.डा.चूडामणि बन्धुले भने– 'विजय दाइले विद्वान्हरूको कदर गर्न जान्नुभएको थियो । प्रज्ञाभित्र मात्र नभएर बाहिरका स्रष्टासित पनि उहाँले आत्मीयता गाँस्नुहुन्थ्यो । त्यसैले त्यहाँ असजिला कामहरू पनि सहज रूपमा सम्पादन हुन्थे ।'

सूर्यविक्रम ज्ञवालीदेखि लैनसिंह बाङ्देलसम्मले विजय मल्लको लेखन र कामको चर्चा गरिरहन्थे । मल्लको अहोरात्र चिन्तन नै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानलाई अन्तर्राष्ट्रिय स्तरको संस्था बनाउने थियो । त्यस संस्थाप्रति उनको मन, वचन र कर्म रोपिएको थियो । त्यसैले त्यो ठाउँ छोडेर घर फर्केका दिन उनले साह्रै नमज्जा मानेका थिए । नरेन्द्रराज प्रसाईको एउटा प्रश्नमा उनले भनेका थिए– 'मेरो जीवनको चिरस्मरणीय दुःखद घटनामध्ये मलाई अनाहक प्रज्ञाबाट जबरजस्ती निकालिएको दिन नै हो ।' त्यस बेलाको घटनालाई उनले कहिले बिर्सन सकेनन् । अनि उनी भनिरहन्थे– 'त्यस्तो पनि प्रजातन्त्र हुन्छ र !'

# विजय मल्लका कृतिमा प्राज्ञिक मत

विजय मल्ल राजनीतिज्ञ थिए । राजनीतिमा समर्पित हुँदा पनि उनले साहित्य रचना गर्न छाडेनन् । २०१७ सालमा राजा महेन्द्रको कदमपछाडि उनी राजनीतिमा कहिले घुस्नेनन् । त्यसपछि उनले साहित्यलाई मात्र आफ्नो जीवनपद्धति ठाने । त्यसै मार्गमा हिँडेर नै उनी नेपाली भाषासाहित्यका महारथी भए । महारथी मात्र नभएर उनी अमर प्राज्ञमा समेत नामाङ्कित भए । त्यसैले उनको सिर्जनात्मक कृति र व्यक्तित्वबारे सर्वत्र चर्चा पनि चलेकै थियो, चलेकै छ र चलिरहने नै पनि छ ।

विजय मल्लले नाटकको रचनामा जति प्रसिद्धि पाए पाठकका लागि उनका कथा त्यति नै सानदार मानिन्थे । उनको कथालेखनको स्तरबारे नेपाली भाषासाहित्यका जगत्‌गुरु मानिएका ईश्वर बरालले नै लेखेका छन्– '१९९९ सालदेखि वर्णनात्मक इतिवृत्तात्मक कथामा घटना संयोजन परिस्थितिजनित कार्यव्यापार संलग्न चरित्रका मानसिक द्वन्द्व तथा अन्तरमन्थनतिर लाग्ने नवीन कथाकारहरूका दलमा विजयबहादुर मल्लले विशिष्ट स्थान प्राप्त गरे ।'

विजय मल्ल के हुन्, कुन हुन् र कस्ता लेखकसित दाँजिने स्रष्टा हुन् भन्ने बेहोराको ज्ञाता महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी पनि एक हुन् । डा.साधना पन्त 'प्रतीक्षा'कृत 'नारीवादी नाटककार विजय मल्ल'नामक समालोचनात्मक ग्रन्थ (२०८२) मा महासमालोचक प्रा.त्रिपाठीले मल्लको व्यक्तित्व र कृतित्वका बारे

लेखेका छन्– 'विजय मल्ल (वि.सं.१९८२–२०५६, काठमाडौँ) नेपाली साहित्यका सबैजसो प्रमुख विधाका बहुआयामिक मूर्धन्य स्रष्टा हुन् र उनका विधागत रचनाहरूमध्ये कविताका साथै विशेष गरी गद्याख्यान (कथा र उपन्यास) तथा नाटकका विधागत रचनामा उनी विशेष प्रतिष्ठित रहेको र नाटक (एकाङ्की नाटक भनिने लघु नाटकसँगै पूर्णाङ्की पनि भनिने खास नाटक)का रचनामा उनी नेपाली नाटचसम्राट् बालकृष्ण समपछिका पुस्ताका र यथार्थवादी प्रकृतवादी नाटचस्रष्टा गोपालप्रसाद रिमाल र गोविन्द गोठालेका अनुपुस्ताका अनि मन:सामाजिकीय र प्रतीकवादी एवं विसङ्गतिवादी अस्तित्ववादी तथा नवाधुनिक/उत्तराधुनिक नाटचका समेत प्रयोक्ता तथा अद्वितीय स्रष्टा नाटककार हुन्– महान् समका महान् सृजनात्मक नाटचउत्तराधिकारी भन्नुपर्ने । नेपाली साहित्यिक बहुविधागत समष्टि सन्दर्भमा मोटामोटी पर्यवलोकनका आधारमा भन्दा आधुनिक नेपाली साहित्यका पूर्वार्धीय स्वर्णयुगका निर्माता अनेक महान् स्रष्टाहरूमध्येका आधुनिक नेपाली साहित्यका क्रमिक प्रवर्तनकारी महान् रचयिता लेखनाथ पौडयाल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाजस्ता सुप्रतिष्ठित त्रिरत्नपछिका पुस्ताका उत्तरवर्ती जोर त्रिरत्नमध्ये माधव घिमिरे, भवानी भिक्षु र विजय मल्ल पनि पर्दछन्– विश्वेश्वरप्रसाद कोइराला, पारिजात र इन्द्रबहादुर राईसँगै । यिनैमध्येका नेपाली महान् स्रष्टा विजय मल्लका खास गरी गद्यविधाका निकै कृतिमा यथार्थपरक नारीसमस्याविषयक सन्दर्भहरूले उल्लेख्य अग्रस्थान लिएको देखिन्छ । उनका साहित्यसृजनाका जगत्अन्तर्गत कवितापछि आख्यान अनि आख्यानलाई उछिन्दै नाटचविधा यस दृष्टिले बढी नारीपरक मन:सामाजिकी र अस्तित्वका सवालहरूतर्फ विशेष उन्मुख छ ।'

विशिष्ट बौद्धिक स्रष्टा विजय मल्ल भन्नु नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाले जस्तै बहुआयामिक सिर्जनात्मक योगदान गर्ने अमर व्यक्तित्व हुन् । उनको लेखनकलाबारे राजनारायण

प्रधानले भने– 'विजय मल्ल नाटक, कथा र उपन्यास लेखनका नेपाली हर्कुलस हुन् ।'

विजय मल्लको साहित्यिक योगदानको सर्वत्र मूल्याङ्कन भएको पनि छ । उनको योगदानलाई नेपाल सरकार र नेपाल प्रज्ञाप्रतिष्ठानले वास्ता नगरे तापनि प्राज्ञिक जनलहर उनैको सेरोफेरोमा घुमेको छ । बहुआयामिक व्यक्तित्वका धनी विजय मल्लको नाटचकारिताका विषयमा उनी भनै प्रसिद्धिको धुरीमा उभिएका हुन् ।

विजय मल्ल लेखनकलाका सुन थिए । उनी साँच्चैका स्रष्टा थिए । भनौँ उनको मनै सिर्जना थियो, उनको तनै सिर्जना थियो र उनको मस्तिष्क नै सिर्जना थियो । उनी लेखेर रुने गर्थे, हाँस्ने गर्थे र त्यसपछि आफ्ना रचना अरूहरूलाई पनि सुनाउने गर्थे । उनको लेखनीका बारे रत्नशमशेर थापा भन्थे– 'विजय मल्ल आफ्ना नौला कृति या रचना या नाटक सुनाउँदा हाउभाउ अभिनयसाथ सुनाउने गर्थे । उनी मृदु मुस्कान छर्दै ठटचौली पारामा आफ्ना रचनाहरू सुनाउने गर्थे ।

विजय मल्लका लेखनबारे धेरै समीक्षकले आफ्नो मन्तव्य राख्दै आएका छन् । उनका रचना पढेर समालोचकहरू नै आह्लादमा डुबेका हुन्छन् । त्यसै क्रममा प्रा.डा.महादेव अवस्थीले पढेका मल्ल यस्ता थिए– 'विजय मल्ल आधुनिक नेपाली साहित्यका कविता, नाटक, लघु नाटक (एकाङ्की नाटक) तथा निबन्ध आख्यान (उपन्यास र कथा) विधाका क्षेत्रमा धारागत विविधता तथा नवीन प्रयोगशीलतासमेतले समन्वित बहुमुखी सृजनात्मक योगदान गर्ने अमर स्रष्टा हुन् । उनी सृजनात्मक साहित्य र साहित्यिक पत्रकारिताको सुरुचिले सम्पन्न पारिवारिक वातावरणको 'शारदासंस्कार प्राप्त गरी हुर्किएका त्यस्ता प्रतिभा हुन् जसले दोस्रो विश्वयुद्धोत्तर 'शीतयुद्धकालीन विश्वका वातावरणमा मानवसमुदायका मनमा व्याप्त आतङ्क र सन्त्रासका साथै २००७ सालको क्रान्तिभन्दा अगिपछिको र २०१७

सालयता २०५६ सालसम्मको नेपालको राष्ट्रिय वातावरणमा नागरिकका मनभित्र सङ्कुचित उच्छ्वास, उकुसमुकुस एवम् ऐँठनलाई कतै विद्रोही क्रान्तिकारी स्वर र ओजस्वी शैलीमा, कतै यथार्थदर्शी अतिकाल्पनिक बान्कीमा र व्यङ्ग्यात्मक मुद्रामा तथा समग्रमा मानवमनोविश्लेषण र युगीन अस्तित्ववादी बौद्धिक स्वरको वाहक प्रयोगशील तथा व्यञ्जनागम्य प्रतीकविधानसहितको कसिलो संरचनामा र गहन शैलीमा प्रखर ढङ्गले प्रकट गरेका छन् । शक्तिशाली राष्ट्रका बीचको अहङ्कारग्रस्त शस्त्रास्त्रको होडबाजीप्रतिको तिखो व्यङ्ग्य र विश्वनिरस्त्रीकरणप्रतिको गम्भीर चासो, विश्वशान्ति र अन्तर्राष्ट्रियतावादको ध्वनि, शारीरिक र मानसिक रूपमा स्वस्थ मनुष्यताको अपेक्षा, देशभक्तिपूर्ण नेपाली राष्ट्रवादको रन्को, सामाजिक र आर्थिक न्यायको माग अनि समाजसुधारको प्रगतिशील स्वर उनका साहित्यिक कृतिबाट व्यञ्जित हुन्छन् र यसै व्यञ्जनाशक्तिले उनलाई महान् स्रष्टाका रूपमा प्रतिष्ठित एवम् अमर तुल्याएको छ ।'

विजय मल्ल आफ्ना कृतिलेखनमा अत्यधिक सफल भए । उनी सफल मात्र भएनन् यस मामलामा उनले प्रसिद्धिको धुरी नै चढे । उनका लेखनले उनका नाउँलाई दिग्विजय नै गरायो । उनले जुनजुन विधामा कलम समाए तीती विषयमा उनी शिखरै पुगे । कतिसम्म भने उनले २०१६ सालमा छापेको एउटै कवितासङ्ग्रहले उनी प्रसिद्ध कविको उपमामा दरिए । नेपाली साहित्यका ख्यातिप्राप्त विद्वान्हरूले आआफ्नै शैलीमा उनका कृतिको गाथा गाइरहे ।

विजय मल्ल बहुआयामिक लेखनका धनी थिए । उनको लेखनले उच्च बौद्धिक वर्गदेखि, मध्यम वर्ग र साधारण जनमानससम्म प्रभाव पारेको पाइन्छ । उनका लेखनका बारे धेरैले धेरै लेखेका पनि छन् । अनि केही साहित्यकार र समालोचकहरूले भने उनीबारे सिङ्गोसिङ्गै कृतिहरू पनि लेखेका छन् । वास्तवमा राजनीतिमा

समेत प्रखर चेतना गाँसेका मल्लको साहित्यिक उचाइ माथिल्लो कोटिको थियो । राजनीतिमा सशक्त भएर पनि उनी साहित्यमा नै केन्द्रितै थिए । त्यसैले उनका रचना सर्वमान्य नै पनि भए । यसै परिवेशमा उनको सिर्जनाउपर प्रसिद्ध समालोचक प्रा.डा.ज्ञानु पाण्डेले लेखिन्– 'आफ्नो सिङ्गो जीवनकालमा मल्लले अधिकांश समय साहित्यमा नै समर्पित भएर बिताए । राजनीतिक क्षेत्रमा पनि सक्रियता देखाउनुले निश्चय नै साहित्यलेखनको उनको कतिपय समय खोसियो होला, त्यो कुरा अलग हो तर पनि उनले नेपाली साहित्यलाई जति दिए, त्यो सङ्ख्याको दृष्टिले कम छैन, त्यसमा गुणात्मकताको गरिमा त उसै पनि छँदै छ ।'

विजय मल्लको सिर्जनाले चुली टेकिसकेकै थियो । उनीबारे जसले चासो राखे पनि र नराखे पनि उनको कृतिगत ख्यातिले नेपाल भारततिर परिक्रमा गरिसकेकै थियो । त्यसैले पनि सुप्रसिद्ध साहित्यकार प्रा.राजनारायण प्रधानले २०३० सालमा नै उनीबारे लेखेकै थिए– 'विजय मल्ल नेपाली साहित्यका महारथी हुन् ।'

# विजय मल्ललाई प्राप्त पुरस्कार

विजय मल्ल स्वाभिमानी प्रवृत्तिका स्रष्टा थिए । शिर ठाडो पारेर हिँड्नु उनको जन्मजातकै नैसर्गिक विशेषता थियो । त्यसैले उनी पुरस्कारका पछि पनि लागेनन् । बरु केही पुरस्कार नै उनका पछि लागे । उनको जीवनभरिको साहित्यिक योगदानका निम्ति उनले केही पुरस्कार ग्रहण गरेकै पनि थिए । साहित्यिक संस्थाहरूले पुरस्कार लिनका लागि उनीसित अनुरोध गर्दा उनी हार्दैन थिए । संस्थाप्रति हार्दिकता अर्पण गर्दै उनी पुरस्कार थाप्थे । अनि कृतज्ञ भएर नै आफ्ना सम्मानपत्रहरू घरको बैठकमा सजाउँथे ।

नाटचसम्राट् बालकृष्ण समको हाराहारीका लेखक भए तापनि मल्ललाई पुरस्कारबाट धकेल्न खोजिएको पनि पर्याप्त प्रमाण देखिए । यति हुँदाहुँदै उनले कसैको घुँडा ढोग्न जानु परेन । उनको योगदानकै कारण उनी प्रसिद्ध गोरखादक्षिणबाहुबाट विभूषित भए । साथै उनले साझा पुरस्कार, गङ्की वसुन्धरा पुरस्कार, वेदनिधि पुरस्कार र भूपालमानसिंह कार्की पुरस्कार पाए । दुई लाख रुपियाँ राशिको भूपाल पुरस्कार पाउने उनी प्रथम स्रष्टा थिए । उनी भन्थे– 'मैले यति ठूलो धनराशिको पुरस्कार पाएको यही नै हो ।'

नेपाली समाजका पुरस्कारका बारे विजय मल्लले नरेन्द्रराज प्रसाईलाई भनेका थिए– 'नेपालमा ठूलो राशिको पुरस्कार प्राप्त गर्न चाकडी, चापलुसी गर्नुपर्छ भन्ने मान्यतालाई तपाईंले तोड्नुभएको छ । भूपाल पुरस्कार प्राप्त गरेपछि मलाई लाग्यो– मेरो लेखनको

उच्च मूल्याङ्कन भयो । वास्तवमा मैले ठूलो पुरस्कार पाएकै यही हो ।' स्मरण रहोस् भूपालमानसिंह कार्की प्रज्ञापरिषद्का संस्थापक सदस्यसचिव नरेन्द्रराज प्रसाई थिए ।

विजय मल्ल चाकडी गरेर, अनुनयविनय गरेर र तमसुक लेखेर पुरस्कार लिनुभन्दा विष पिउनु निको ठान्थे । यसै प्रसङ्गमा श्यामदास वैष्णवले भनेका थिए– 'विजयले पुरस्कारका लागि आफ्नो स्वाभिमानलाई बिक्री गरेनन् । उनी स्वच्छ रूपको पुरस्कारका पक्षपाति थिए ।' वास्तवमा मल्लले जिन्दगीमा पुरस्कार पाऊँ भनेर कतै बिन्तीपत्र हालेनन् । उनी दासत्वको विरोधी थिए । हुन त मदन पुरस्कारको स्थापनाका क्रममा पनि विजय मल्लको विशेष सहयोग, सद्भावना र सुझाव जुटेकै थियो । तर लेखनलाई बिक्रीमा नराखी पुरस्कार प्रदान गरिनु न्यायसङ्गत हुने बेहोरामा उनले आफ्नो मनसाय राखेका थिए । त्यसैले उनी मदन पुरस्कारबाट ठगिएका पनि थिए । यसबारे उनलाई ठगिएकै पनि नभने हुन्छ । यति हो उनी उच्च नैतिकताले भरिएका निर्लोभी स्रष्टा थिए । मल्लको आत्मस्वाभिमानका बारे धेरैले वकालत गरेकै पनि छन् । कमल दीक्षित स्वयम्ले लेखेकै छन्– '...सल्लाह सुझाव दिने बेलामा भाग लिए पनि विजयजी मदन पुरस्कारमा कहिले पनि सहभागी भएनन् । गुठीमा लेखकले पुरस्कारका लागि दरखास्त दिने कुराको आजीवन विरोधी रहे उनी । ...उनी आफ्नो विचारमा अडिग नै रहे, उनले पुरस्कारमा भाग लिएनन् । ...सिद्धान्तवादी थिए विजय मल्ल ।'

मदन पुरस्कार गुठीले नेपालमा पुरस्कार प्रथाको वीजारोपण गरेको मानिन्छ । त्यसपछि अरू पुरस्कार गुठीहरूको स्थापना हुन थाले । तर यस संस्थाको स्थापनापछि यसको सधैँ विरोध र समर्थन हुँदै आएको देखियो । यसै प्रसङ्गमा इन्दिरा प्रसाईले भनेकै पनि छिन्– 'फलेको फलमा झटारो हान्नु कुन ठूलो कुरा हो र ! जुन

तत्त्वलाई शाश्वत मानिन्छ, समर्थन मात्र हुँदैन, त्यसको खेदो पनि गरिन्छ ।'

मदन पुरस्कार गुठीका अध्यक्ष कमल दीक्षित एक दृष्टिबाट उदारै थिए । उनले आफूहरूले गरेको कामलाई अरूले खिसी गरे पनि र धन्यवाद दिए पनि वास्तविक कुरा लुकाउन सक्तैन थिए । यसको उदाहरण नै विजय मल्लले बिन्तीपत्र हालेर मदन पुरस्कार स्वीकार नगर्ने बेहोराको लेखन हुँदै हो । साथै दीक्षितले अर्को उदाहरण पनि पेस गरेका छन् । त्यो के हो भने– मदन पुरस्कारबारे नरेन्द्रराज प्रसाईको एउटा खरो लेख* पनि दीक्षितले मदन पुरस्कार गुठीकै मुखपत्र 'नेपाली'मा छपाएका थिए । त्यस पत्रिकाको सम्पादक पनि दीक्षित स्वयम् थिए ।

•

विजय मल्ल नेपाली साहित्यका चुली स्रष्टा थिए । उनको योगदान नेपाली माटोले बिर्सनै नसक्ने खालको थियो । त्यसैले उनको निधन भएकै वर्ष श्री ५ सरकारले 'विजयबहादुर मल्ल राष्ट्रिय प्रतिभा पुरस्कार'को स्थापना गरेको थियो । तर पुरस्कार स्थापना भएको दुई वर्षपछि नै त्यो पुरस्कारको रूपरेखा देख्नबाट सर्वसाधरण वञ्चितै भए । वास्तवमा नेपालमा मन्त्रीले हचुवाको नीति बनाउँछन् र अर्को मन्त्री आएपछि पहिलाका मन्त्रीका नीति प्राय: खारेजीमै पर्छन् । खास गरेर २०४६ सालपछि नेपालमा यस्ता रोगले आक्रान्तै पारेको छ । यस प्रकारको सरकारी रबैयालाई गणतान्त्रिक व्यवस्थाले अवलम्बन गरिरहेको देखिन्छ ।

---

* ईश्वरवल्लभदेखि जगदीशशमशेर राणासम्मले जति नै जोड गरे तापनि मैले मेरा कुनै कृति मदन पुरस्कारको चिट्ठामा सामेल गराइनँ । बिन्तीपत्र हालेर आफ्नो योग्यता एकल तजबिजको तुलोमा जोखी पाऊँ भन्नु र आत्महत्या गर्नु मेरा लागि बराबर हो ।

• **'नेपाली' त्रैमासिक** (अङ्क २०१ : २०६६ कात्तिक, मङ्सिर र पुस)

# विजय मल्लको स्वर्गारोहण

जीवनको उत्तरार्धमा विजय मल्ल मधुमेह रोगबाट पीडित थिए । साथै उनका आँखाले पनि उनलाई धोका दिन थालिसकेको थियो । खास गरेर उनी २०५६ साल वैशाखको अन्तिम सातादेखि थला पर्न थालेका थिए । अनि त्यस बेला ज्यादै शिथिल भएपछि उनले केही दिन वीर अस्पतालमा पनि आश्रय लिनुपरेको थियो । तर अस्पतालबाट घर पर्केपछि फेरि उनको स्वास्थ्य डामाडोल हुन थालेको थियो । उनका दाजु गोविन्दबहादुर मल्ल 'गोठाले'का अनुसार उनी बेहोस भएका थिए । उनी मूर्छित भएपछि उनलाई हतारोमा वीर अस्पताल पुऱ्याइएको थियो । तर उनको कुनै सुधारै हुन सकेन । उनी मूर्छित नै भएको बखत उनले आफ्नो भौतिक चोला त्यागेका थिए । भनौँ २०५६ साल साउन ८ गते साँझ साढे छ बजे उनको स्वर्गारोहण भएको थियो ।

विजय मल्लको निधनमा सारा साहित्य फाँट नै शोकमग्न भएको थियो । उनको अन्तिम दर्शनको अभिलाषा राखेर धेरै ठाउँबाट उनका घरमा अनुरोध पुगेको थियो । त्यसैले उनलाई भोलिपल्ट नै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको आँगनमा पुऱ्याइएको थियो । त्यति बेला उनको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्न वाङ्मयसेवीहरूको भीड लागेको थियो ।

विजय मल्लको स्वर्गारोहणको समाचार सुनेर राजा वीरेन्द्र र रानी ऐश्वर्यले पनि गहिरो शोक मनाएर मल्लनिवासमा पत्राचार

गरेका थिए । साथै प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले पनि निकै गहिरिएर मल्लउपर श्रद्धाञ्जली अर्पण गरेका थिए । त्यसपछि उनले सार्वजनिक स्थलमा नै बयान दिएका थिए– 'नेपाली वाङ्मयको एउटा चहकिलो तारा अस्तायो ।'

खासमा कृष्णप्रसाद भट्टराई र मल्लहरूको पारिवारिक सम्बन्ध पुरानै थियो । यसबारे भट्टराईले लेखेका पनि थिए– 'मित्र विजय मल्लका पितापुर्खा र हाम्रा पितापुर्खाको सम्बन्ध बागदरबारका मालिक श्री ५ उपेन्द्रवीरविक्रम शाहका दरबारदेखिकै हो । हामी त्यहाँका राजपुरोहित थियौँ र त्यस बेला उहाँहरू त्यहीँ मेनेजर हुनुहुन्थ्यो । यस परिप्रेक्ष्यमा श्री ५ उपेन्द्रका सन्तानहरू रामनगरका राजा भएपछि हामी पनि त्यही पुग्यौँ र उनीहरू बनारस सरेपछि हामी पनि बनारस बस्न थाल्यौँ ।'

विजय मल्लको निधनमा राष्ट्रिय सम्मान दिन श्री ५ को सरकारले निर्णय गरेको थियो । त्यसैले मल्लको अन्तिम संस्कारका क्रममा पशुपति आर्यघाटमा मन्त्रीलगायत सरकारी कर्मचारी पनि पुगेका थिए । सरकारी निर्देशनअनुसार प्रहरीको एउटा जत्था अथवा भनौँ टुकडीले त्यस घडी मल्लको भौतिक चोलालाई सलामी अर्पण गरेको थियो । त्यति बेला आर्यघाटमा मल्लका श्रद्धालुहरूको पनि ओइरो लागेको थियो ।

विजय मल्लले आफ्नो भतिज रमेशलाई बराबर भन्ने गरेका थिए– 'हेर बाबू ! मेरा छोरा भएनन् । म मरेपछि तैँले नै मलाई आगो राख्नुपर्छ है !' मल्लको पूर्वइच्छानुसार उनका सहोदर दाजु गोविन्दबहादुर मल्ल 'गोठाले'का कान्छा छोरा रमेश मल्लले विजय मल्लका मुखमा दागबत्ती चढाएका थिए ।

विजय मल्लको इहलीला समाप्त भएको सात महिनापछि उनकी पत्नी श्यामा मल्लले पनि संसार छोडेकी थिइन् ।

# विजय मल्ल शताब्दी महोत्सव

नइ एकेडेमीको स्थापना भएपछि यस संस्थाले नेपाली साहित्यका विभूतिहरूको अर्चना गर्न छाडेको छैन । खास गरेर तीमध्ये केहीको शताब्दी वर्ष चिप्लेर हराएको पनि छैन । नइकै परिकल्पना तथा प्रबन्धनमा उनीहरूका नाउँमा विविध कार्यक्रमहरू सञ्चालन गर्न नइ पछि परेको छैन । अन्ततः २०५९ सालमा नइकै ढाँचामा बालकृष्ण सम शताब्दी महोत्सव मनाइएको थियो । त्यसै गरेर नइकै पहलमा २०६५–०६६ सालमा देवकोटा शताब्दी महोत्सव मनाइएको थियो । त्यसै फेरोमा नइमार्फत प्रथम अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनसमेत सम्पन्न भएको थियो । नइकै परिकल्पना र संयोजनमा नेपाल सरकारले समेत २०७१ सालमा भानुभक्त द्विशतवार्षिकी समारोह समिति गठन गरेर देशविदेशमा त्यो महोत्सव पनि भव्य रूपमा मनाएको थियो ।

नइकै परिकल्पनामा माधव घिमिरेलाई 'राष्ट्रकवि', वानीरा गिरीलाई 'नेपाली साहित्यको विश्व नारीरत्न' र डा.सत्यमोहन जोशीको शताब्दी महोत्सव मनाउँदै उनलाई 'वाङ्मय शताब्दी पुरुष' र प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधि प्रदान गर्ने पनि नइ नै हो । यी चारै जना स्रष्टाहरूलाई उपाधिसहित जनही पाँचपाँच लाख रुपियाँ खामेको बेहोरा इतिहासमा लेखिएकै पनि हुनुपर्छ । त्यति मात्र होइन, नेपाल सरकारबाटै 'राष्ट्रकवि' र 'वाङ्मय शताब्दी पुरुष'को उपाधि दिलाउने पनि नइ नै हो । यसका साथै

२०८१ सालमा श्यामदास वैष्णव शताब्दी महोत्सव मनाउने संस्था पनि नइ नै हो । अनि त्यसै शृङ्खलामा विजय मल्लको शताब्दी महोत्सव पनि नइ एकेडेमीबाट नै मनाएको थियो ।

नेपाली भाषासाहित्यका सुविख्यात स्रष्टा विजय मल्लको जन्म एक सय वर्षअघि भएको थियो । १९८२ सालमा जन्मेका मल्लको शताब्दी महोत्सव २०८२ सालभित्रै मनाउनुपर्ने थियो । मल्लकै नाउँमा स्थापित संस्थाले शताब्दी महोत्सव मनाउला भन्ने नइले आशा गरेको पनि थियो । त्यसै संस्थाले पनि कानैमा तेल हालेको देखियो । त्यति विशिष्ट स्रष्टाको शताब्दी वर्षका कहींकतैबाट र कुनै प्रकारको कार्यक्रम आउन सकेको देखिएन । तसर्थ एउटा अमर प्राज्ञको शताब्दी वर्ष झन्नै चिप्लेर जानै आँटेको नै थियो । यस बेहोरामा नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले चिन्तन, मनन र विमर्श गर्न थाले । परिणामस्वरूप नइ एकेडेमीमा 'विजय मल्ल शताब्दी महोत्सव'को प्रस्ताव पुग्यो र सबैले हार्दिकता अपनाएर यसबारेको स्वागत पनि गरे ।

विजय मल्ल भन्नु नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्तै बहुआयामिक सिर्जनात्मक योगदान गर्ने अमर व्यक्तित्व हुन् । त्यसैले नइ एकेडेमीले सुविख्यात नाटककार, आख्यानकार तथा कवि विजय मल्लको शताब्दी महोत्सवको आयोजना गर्ने निर्णय गरेको थियो । अनि नइ एकेडेमीले यसै सन्दर्भका विविध कार्यक्रम तर्जुमा गर्न थाल्यो । अथवा भनौं विशिष्ट बौद्धिक स्रष्टा मल्लको शताब्दी वर्ष मनाउन नइ मन, वचन र कर्मले अग्रसर भयो । त्यसै अवसरमा मल्लबारे विचार, विमर्शको कार्यक्रम, उनको व्यक्तितत्व र कृतित्वबारेको समारोह, उनीबारे लेखिएका कृति प्रकाशन गर्ने र उनीबारे विद्यावारिधि गर्नेहरू र उनको सिर्जनात्मक कृतिको अध्ययन, अनुसन्धानका साथै नाटचमञ्चन तथा चलचित्र निर्माणका अतिरिक्त उनको सिर्जनात्मक योगदानको सम्प्रसारण र संवर्धनका

लागि उल्लेखनीय योगदान पुऱ्याउनेहरूलाई पुरस्कार र पदक समर्पण गर्ने नइले निर्णय गरेको थियो । यसै सन्दर्भमा डा.साधना पन्त 'प्रतीक्षा'कृत 'नारीवादी नाटककार विजय मल्ल'नामक समालोचनात्मक ग्रन्थ छापियो र नरेन्द्रराज प्रसाईद्वारा लिखित प्रस्तुत जीवनीकृति पनि यसै अवसरको उपहार हुँदै हो ।

नइ एकेडेमीबाट विजय मल्लको शताब्दी महोत्सवका अवसरमा विजय मल्लका सिर्जनात्मक योगदानको अध्ययन र विद्यावारिधि अनुसन्धानमा समर्पित भई महत्त्वपूर्ण प्राज्ञिक कार्य गरेबापत नेपाल र भारतका सात जना स्रष्टालाई जनही पच्चिस हजार रुपियाँ राशि र ताम्रपत्रसहित 'विजय मल्ल नइ शताब्दी पुरस्कार' प्रदान गरिएको थियो । यी पुरस्कारबाट पुरस्कृत हुने प्राज्ञहरू थिए– डा.रमा शिवाकोटी, डा.साधना पन्त 'प्रतीक्षा', डा.लेखराज खतिवडा, डा.गोपालप्रसाद गैरे, डा.भगवानचन्द्र ज्ञवाली, डा.नित्यानन्द खतिवडा र प्रा.डा.कृष्णराज घतानी ।

नइ एकेडेमीबाट विजय मल्ल शताब्दी महोत्सवका अवसरमा विजय मल्लका सिर्जनात्मक कृतिको अध्ययन, अनुसन्धान र उनका सिर्जनात्मक कृतिमा आधारित नाटचमञ्चन तथा चलचित्र निर्माणमा महत्त्वपूर्ण योगदान दिएबापत उनन्चालिस जना महानुभावहरूलाई राजधानी काठमाडौँमा एउटा भव्य समारोहका बीच 'विजय मल्ल नइ शताब्दी पदक' समर्पण गरिएको थियो ।

'विजय मल्ल नइ शताब्दी पदक'बाट विभूषित हुने साहित्यकार तथा कलाकार थिए– अंशुमाला शाही, कृष्ण मल्ल, प्रा.केशव सुवेदी, गौतमरत्न तुलाधर, चन्द्रमाला शर्मा, चैत्यदेवी, टीका पहारी, प्रा.डा.दयाराम श्रेष्ठ, डा.दुर्गाबहादुर घर्तीमगर, प्रा.डा.देवीप्रसाद गौतम, प्रा.डा.देवीप्रसाद सुवेदी, नगीना जोशी, नगेन्द्र थापा, नारायणदेवी प्रधान, नीर शाह, प्रेमबहादुर बस्नेत, भुवन केसी, मदनदास श्रेष्ठ, प्रा.डा.महादेव अवस्थी, मुरलीधर, मोतीशोभा श्रेष्ठ,

रवीन्द्र खड्का, राधेश्याम प्रधान, रीतादेवी प्रधान, रेणु श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, लक्ष्मीनाथ शर्मा, वसन्त श्रेष्ठ, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी, शकुन्तला शर्मा, शिव श्रेष्ठ, शैलेन्द्र सिम्खडा, सन्तोष पन्त, सुवर्ण क्षत्री, सुषमा शाही, सूर्यमाला शर्मा, हरिबहादुर थापा, हरिहर शर्मा र प्रा.डा.हेमचन्द्र नेपाल ।

नइ एकेडेमीले विजय मल्ल शताब्दी महोत्सव आफ्नो गच्छेअनुसार हर्षोल्लासका साथ मनाइरहेको थियो । नइद्वारा आयोजित त्यस पर्वको कार्यक्रम परिचालन भएको समाचार सुनेपछि मल्लकी अन्तरी छोरी प्राध्यापक डा.उमा श्रेष्ठ र ज्वाइँ कुशनारायण श्रेष्ठले पनि नइसित न्यानो हार्दिकता बढाएका थिए । नइसित कहिले पनि नभेटेका, कहिले पनि नदेखेका र कहिले पनि नबोलेका श्रेष्ठ दम्पतीसितको सम्पर्क पनि त्यस महोत्सवका लागि स्वर्णिम कृत्य बनेको थियो । वास्तवमा पितृभक्त छोरीज्वाइँको पनि त्यस ऐतिहासिक महोत्सवमा नइसितै शाश्वत सहभागिता जुटेको थियो । पहिलो दिनको प्रवचन गाँसिएको त्यो भव्य समारोहमा मल्लकी माइली छोरी रीता राजभण्डारी र साइँली छोरी नीना ख्याउँजूको भौतिक उपस्थितिले एउटा बेग्लै रौनक, वातावरण र स्थिति सिर्जना भएको थियो । त्यस दिनको कार्यक्रमभरि ती दिदीबहिनीहरू आफ्ना बुबाप्रतिको भावनामा डुबिरहेका, हराइरहेका र गुजुल्टो परिरहेका देखिन्थे ।

# विजय मल्लका कृतिहरू

विजय मल्लले सर्वप्रथम दरबार हाईस्कुलको भित्ते पत्रिकामा 'दुई पसले' शीर्षकको एउटा कथा लेखेका थिए । त्यही कथालेखनबाट उनले नेपाली भाषासाहित्यमा पाइला टेकेका थिए । उनको औपचारिक रचना भने 'शारदा' (१९९७) मा 'स्मृति' शीर्षकको कविता नै हो । 'स्मृति'पछि भने उनका रचना प्राय: नाटकमा नै केन्द्रित हुन थाले । उनका प्रकाशित कृतिहरू निम्न हुन्–

**पूर्णाङ्की नाटक**

१. बहुला काजीको सपना (२००४),
२. कोही किन बरबाद होस् (२०१६),
३. जिउँदो लास (२०१७),
४. भोलि के हुन्छ ? (२०२८),
५. स्मृतिको पर्खालभित्र (२०४०),
६. मानिस र मुकुण्डो (२०४०),
७. भूलैभूलको यथार्थ (२०४१),
८. पहाड चिच्याइरहेछ (२०४१),
९. माधुरी (२०४८)

**एकाङ्की नाटक**

१. 'राधा मान्दिन' (२००१),
२. अपराध (२००८),
३. बहुला काजीको सपना (२०२८),
४. पत्थरको कथा (२०२८),

५. दोभान (२०३४),
६. भित्ते घडी (२०४०),
७. सृष्टि रोकिँदैन (२०४८)

**उपन्यास**

१. अनुराधा (२०१८),
२. कुमारी शोभा (२०३९),
३. श्रीमती शारदा (२०५६)

**कथासङ्ग्रह**

१. एक बाटो अनेक मोड (२०२६),
२. परेवा र कैदी (२०३४)

**कवितासङ्ग्रह**

विजय मल्लका कविता (कवितासङ्ग्रह : २०१६)

**समालोचना**

नाटक एक चर्चा (समीक्षा : २०३६)

**सम्पादन**

सात एकाङ्की* (२०३९)

विजय मल्लकृत नेपाली, नेपाल भाषा र अङ्ग्रेजी भाषामा शारदाकालदेखि नै फुटकर रचना बराबर छापिएका थिए । तर उनका के, कति र कहिले रचना छापिए भन्ने यकिन तथ्याङ्क उनैले पनि फेला पार्न सकेका थिएनन् । यसै मेसोमा श्यामदास वैष्णवले भनेका थिए– 'मल्ललाई म जति बेला पनि लेखिरहेको देख्थेँ । कसैले कविता, नाटक या लेख माग्दा दिएर पठाउँथे ।'

•

मल्लले नेपाल भाषामा पनि साहित्य रचना गरे । नेवारी भाषामा लेखिएका उनका कृतिले पनि चर्चाको धुरी टेके । नेपाल

---

* विजय मल्लद्वारा सम्पादित सात एकाङ्कीमा बालकृष्ण समका दुई, गोविन्द मल्ल 'गोठाले'का दुई, ध्रुवचन्द्र गौतमको एक र स्वयम् विजय मल्लका दुईवटा एकाङ्की आबद्ध छन् ।

भाषाका प्रसिद्ध लेखक, अनुवादक, सम्पादक तथा अन्वेषक ईश्वरमान रञ्जितकारका अनुसार– 'विजय मल्लको नेपाल भाषामा लिखित एउटै मात्र प्रकाशित कथा छ– 'ज्यानमाराया काय् ।' यो कथा रत्नध्वज जोशीद्वारा सम्पादित नेपाल भाषाका तत्कालीन प्रतिनिधि कथाङ्ग्रह 'बाखंपुच:' मा सङ्गृहित भएर चित्तधर उपासकद्वारा ने.सं.१०७० (वि.सं.२००७) मा प्रकाशित भयो ।'

विजय मल्लले नेपाल भाषामा पनि धेरै लेख लेखे । उनीबाट लेखिएका एकाङ्की र पूर्णाङ्की नाटकहरूले पनि गतिलो स्थान ओगटे । नेपाल भाषाका उनका प्रकाशित नाटचकृति हुन्–

**एकाङ्की**

१. छ्पु बाखं (२०३१)
२. तिना त:गु लुखा (२०३७)
३. लपँख्या (२०३९)
४. नां मदुम्ह मनू (२०४०)
५. ल्वहँया नुग: (२०४४)
६. क्वसागु नुग: (२०५१)
७. निम्ह तिपु (२०५६)

**पूर्णाङ्की**

१. कुलां चकनि तिनि (२०४०)
२. किसि न्याइह्म मदनमान (२०४२)
३. किपालुं लिना च्वंम्ह मनू (२०४६)

•

मल्लद्वारा लिखित रचनाहरू पाँच भाषामा अनुवाद भएका थिए । अङ्ग्रेजी, हिन्दी, जापानिज, रूसी र स्लोभाकियको राष्ट्रभाषा स्लोवाक भाषामा यिनका कविता, कथा र उपन्यास अनुवाद भए । यिनका कृतिका अनुवादकहरू तीर्थराज तुलाधर, माधवलाल कर्माचार्य,

रामदयाल राकेश, नगेन्द्र शर्मा, दिवाकर देवकोटा, नरेन्द्र जैन, भिजुको तेरादा, ल्युदमिला आगानिना, माइकल जेम्स हट, फिलिप एच पियर्स र आइजेड बल हुन् ।

विजय मल्लको कवितासङ्ग्रह प्रकाशित हुनुपूर्व नै उनका कविता रचनाको अङ्ग्रेजी अनुवाद भइसकेको थियो । श्री ५ महेन्द्रको राज्याभिषेकका अवसरमा उनका दुईवटा कविता महाकवि लक्ष्मीप्रसाद देवकोटाले अनुवाद गरेको बेहोरा देवकोटाका छायाका रूपमा सुपरिचित श्यामदास वैष्णवले बताएका थिए । ईश्वर बराल र माधव घिमिरेको सम्पादनमा काव्यप्रतिष्ठानद्वारा यी कविता २०१३ सालमा 'इन्द्रेनी' द्वैमासिकमा प्रकाशित भएका थिए–

1. Then I Began to Laugh
2. Drawing in the Dark Screen.

# विजय मल्लको वंशवृक्ष

